# बोधि कथा



अनुवादकः

## भिक्षु बोधिसेन

Downloaded from http://www.dhamma.digital

# बोधि कथा

अनुवादक:

भिक्षु बोधिसेन

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

प्रकाशक:

काजो बहादुर शाहो

सांगा ।

प्रथम संस्करण: १००० प्रति

वुद्ध सम्वत्- २५३८

शाक्य सम्वत्- १९१६

नेपाल सम्वत्- १११४

विक्रम सम्वत्- २०५१

ईश्वी सम्वत्- १९९४

मुद्रक: ओम प्रिन्टिङ्ग प्रेस

ओमबहाल, फोन २२२४५७

Downloaded from http://www.dhamma.digital

# छलमायाको संस्मृति

बनेपा भोलाखाटोल निवासी बिलबहादुर शाहीकी श्रीमती विष्णुमायाको कोखबाट छलमायाले वि. सं. १९९५ असाढ ४ गतेको दिनमा जन्म लिएकी थिइन् ।

यिनको बिहे साँगा निवासी हर्षमान शाहीकी श्रीमती श्रीकुमारीको सुपुत्र काजिबहादुरसंग वि. सं. २०१३ सालमा विवाह सम्बन्ध जोडियो । गृहस्थ जीवनको सुख दुःखमा दिन बितिन्दैजाँदा दुई छोरा र दुई छोरीकी जन्मदाता भई २०३४ श्रावण कृष्ण पक्षको परेवा तिथिमा यस संसारवासीलाई अनित्यताको ज्ञान दिलाई आफ्नो नश्वर देह परित्याग गरी परलोक भइन् ।

यिनी धर्म पिपासु थिइन् । धर्मकर्ममा लाग्नु नै आफ्नो जीवनको सार सम्झन्द थिइन् । विशेष गरेर थेरवाद बुद्ध धर्ममा यिनको श्रद्धा अचल थियो । विहार विहारमा गई दान–प्रदान गर्नु, शील पालन गर्नु, बुद्ध पूजा गर्नु, ध्यान भावनामा बस्नु र धर्म देशना श्रवण गर्नमा अभिरूची राख्द थिइन् ।

यिनी मिलनसार स्वभावकी थिइन् । कसैप्रति कुभावना राखेर झै–झगडा गर्दैनन् । कोही झगडा गर्न आएमा पनि यिनी त्यसबाट टाढै रहन्द थिइन् । अरू संग त के आफ्नै श्रीमान क्रोधित भएर झपार्न आउँदा हँसिलो मुहार लिएर प्रतिवाद नगरिकन क्रोधलाई शान्त पार्ने स्वभावकी थिइन् । क्रोधलाई मैत्री भावले जित्नु पर्छ भन्ने बुद्धको "शिक्षानुसार दिक्षा" लिएकोलाई चरित्रार्थ गरेर देखाउँद थिइन् ।

थेरवाद बुद्ध धर्ममा प्रथम प्रवेश गराइदिने सांगावासी अष्ट बहादुर मानन्धर हुन् । श्री महाप्रज्ञा ऋषिको पनि संगत गर्न पाएकी



Downloaded from http://www.dhamma.digital

थिइन् । औंसी, अष्टमी र पूर्णिमाको दिनमा अष्टाङ्ग उपोसथ शील ग्रहण गरी बस्ने स्वभाव भएकी हुनाले आषाढ पूर्णिमाको दिनमा अष्टाङ्ग उपोसथ शील ग्रहण गरी वर्षावासको तीन महिनासम्म उपोसथ शील ग्रहण गर्ने इच्छा राखेकी थिइन् । तर आफूले भने जस्तो नहुने हुनाले वर्षावास पूर्णिमाको भोलिको दिनमा उपोसथ शील पालन गर्ने मनसायलाई पूर्ण गर्न नदिई मृत्यु राजले मृत्युको पाशोमा पारेर कसैलाई नसोधी घरका परिवारलाई रूवाउँदै नै लगे ।

संसारमा मृत्युराजको नियम यस्तै नै हो भन्ने विचार लिएर दिवंगत श्रीमती छलमायाको पुण्य स्मृतिमा सुख, शान्ति, मंगल र निर्वाणको कामना गरी यो बोधिकथा किताब श्रीमान काजिबहादुर शाही प्रमुख सपरिवारले धर्म दान स्वरूप प्रदान गर्दछ ।

– भिक्षु बोधिसेन

निर्वाण प्रार्थीहरू

श्रीमान काजिबहादुर शाही

छोरीहरू– लक्ष्मीमाया, बुद्धमाया

छोराहरू– विजयरत्न, चैत्यराम

बुहारी– कृष्णतारा

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital



प्रकाशक :

काजिबहादुर शाही

Downloaded from http://www.dhamma.digital

# धर्मदान

२०३४ श्रावण १६ गतेका दिनमा दिवंगत हुनुभएकी छलमाया शाहीको पुण्य स्मृतिमा धर्मदान स्वरूप यो किताब प्रदान गर्दछौं ।

श्रीमान् काजिबहादुर शाही
प्रमुख सपरिवार

Downloaded from http://www.dhamma.digital

# पुष्पाञ्जलि

धर्मप्रेमी समस्त उपासक उपासिकाहरूप्रति

पुष्पाञ्जलि स्वरूप

-भिक्षु बोधिसेन

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

यो बोधि कथा किताब पाठक वर्गको हातमा दिन पाउँदा हर्षित छु । यो किताब तपाईंहरूको समक्ष प्रस्तुत गर्न पाएको श्रेय श्री काजिवहादुर प्रमुख सपरिवारहरूको देन हो । वहाँहरूले यदि आर्थिक प्रदान नगर्नु भएको भए प्रकाशन-मा आउन कठिन पर्ने थियो ।

यो बोधि कथा त्रिपिटक मध्ये विनय पिटक अन्तर्गत महावग्गमा उल्लेखित भएको कथा हो । क्रमानुसार बिनय पिटक अनुवाद गर्ने मेरो इच्छा थियो । तर यस किताबमा बुद्ध पूजा, ज्ञानमालाको केही भजनहरू र महाकाश्यपको कथा प्रका-शकको इच्छानुसार सम्पादन गर्नु पर्‍यो ।

गौतम बुद्धले बुद्धगयामा ज्ञानलाभ गर्नु भएको र भिक्षु-हरूलाई बिनय शिक्षा प्रज्ञापन गर्न भन्दा अघि सम्मको यो बोधि कथा हो । सम्पूर्ण विनय एउटै किताबमा अनुवाद गरेर प्रकाशन गर्नु आर्थिक भार पर्ने भएकोले प्रकाशन गर्न कठि-नाई पर्ने समस्त पाठक बर्गले बुझ्न सक्ने कुरा हो । यस्तै स-साना भागमा किताबलाई विभाजित गर्दै क्रमपूर्वक बिनय पिट-कको सम्पूर्ण अनुवाद गरेर प्रकाशनमा ल्याउन पाए हुन्थ्यो भन्ने मेरो विचार छ । हेरौं यो विचार कतिको सफल हुनसक्छ ।

बुद्धको उपदेश बा कथा संकलन, अनुवाद गरेर प्रकाशन-मा ल्याउनु अति नै सराहनीय हो । आज मानिसहरू भौतिक



Downloaded from http://www.dhamma.digital

सुख उपलब्ध गर्नलाई होड बाजी गरेर, वेफुर्सति भएर साहुकार धनाढ्य, नपुगको वा अतृप्त भएर जीविका गर्दछन् । साहु, मालिक, करोडपति, अरबपति, खरबपति अथवा जतिजति सम्पत्ति उपलब्ध हुन्छ, त्यतित्यति नै झनझन ईच्छा बढाइनाले बेहोशैन्दै त्यस ईच्छा वा लोभको दास वा नोकर बन्न पुग्दछ ।

यही लोभका कारणले गर्दा मानिसहरू सुख, शान्ति व आनन्दका साथमा जीवन व्यतित गर्नसक्नेहरू शायद कमै होला । यदि हामीले लोभलाई मान्यता दिएर प्रमुख स्थानमा राखे हामीहरू स्वतः त्यसको पछि पछि लागेर चम्चागिरी बन्नु पर्ने हुन्छ । अनिवार्य स्व रूप दासत्व हुनु पर्ने हुन्छ। असन्तुष्ट, अति लोभी अति इच्छा गर्नु वा अति अभिलाषा गर्नु भनेको उज्यालोबाट अन्धकारमा गएका भन्न सकिन्छ । हामीहरू जहिले पनि कुनै न कुनै, केही न केही विषयमा अलमलिएर दिन बिताउँदछौ विषय भोगमा अलमलिएर जीवन बिताउनु भनेको वास्तवमा दुःखलाई नै आव्हान गर्ने हुन्छ।यदि सांच्चै नै हामीले सुख,शान्ति र आनन्दका साथमा जीवन ब्यतीत गर्न चाहेमा बुद्धको ज्ञान दर्शन गर्न अतिनै आवश्यक छ । बिना ज्ञान दर्शनले जीवन अन्धकारमय हुँदछ ।

गौतम बुद्धले मुचलिन्द नागराजालाई दिनु भएको सुखमय उपदेश मनन गरी व्यवहारमा ल्याउन सके मंगलमय हुनेछ भन्ने आशय लिएर यहाँ उल्लेख गर्दैछु– श्रुत धर्मलाई दर्शन गरी सन्तुष्टपूर्वक एकान्तमा बस्नु सुख हो । प्राणीहरुप्रति संयमित भएर द्वेष रहित भएर बस्नु पनि लोकमा सुख



Downloaded from http://www.dhamma.digital

हो। कामनाहरूबाट मुक्त भएर रागरहित भइदिनु पनि लोकमा सुख हो। यो पनि परम सुख हो जसले अभिमानलाई शान्त पारेको हुन्छ।

भगवान बुद्धद्वारा उपदिष्ट धर्मलाई व्यवहारमा ल्याउन सके मलाई लाग्छ अवश्य पनि सुखबाट वञ्चित हुनेछैन। धर्मोपदेश सुन्नु, पढ्नु, जान्नु बुझ्नु र गर्नु नै मनुष्य जीवनको सार्थकता हो। धर्मोपदेश नसुन्नु, नपढ्नु, नजान्नु, नबुझ्नु र नगर्नु मनुष्य जीवनको सार्थकताबाट वञ्चित हुनुपर्ने हुन्छ भन्ने मेरो विचार हो। यस बोधि कथामा भगवान बुद्धले लाभ गर्नु भएको अति नै गम्भीराति गम्भीर भएको मुख्य ज्ञान समावेश भएको छ। जस्तै–प्रतीत्य समुत्पाद, चार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग र अनित्य, दुःख र अनात्मा। यो गम्भीर ज्ञानलाई विशेष रूपले भावार्थ वा व्याख्या गरिएमा एउटा अर्कै किताब तयार गर्नु पर्ने हुन्छ। पाठक वर्गलाई केही भए पनि बुझ्न सजिलो होस भन्ने विचारले यथार्थ लेखी दिएको छु। आशा छ केही न केही अवश्य पनि बुझ्न सक्ने छ।

यसमा जुन वाक्यहरू दोहरिने हो त्यसलाई पुनः नदोहरिने दिनलाई ······ पे ······ र ······ यो चिन्ह प्रयोग गरी दिएको छु। उक्त चिन्ह आएमा पुनः माथिको वाक्य नै दोहराएर पढ्ने। लेखाई र छपाईमा कुनै शब्दहरू भूल हुन सक्छ। यसकारण भूल भएका शब्दहरूलाई सच्याई पढ्नु हुनेछ भन्ने आशा गर्दछु।

उपासिका छलमाया थेरवाद बुद्ध धर्ममा श्रद्धा भएकी


Downloaded from http://www.dhamma.digital

हुनाले आफ्नो श्रीमान र छोरा छोरीहरूलाई पनि यस मार्गमा लगाउन प्रयास गरेकी थिइन् । आफ्नो प्रयास अनुरूप श्रीमानज्यूलाई यस धर्ममा पाइला राख्न लगाउन सफल भइन् । जसको फलस्वरूप आज यो किताब तपाईंहरूको हातमा छ । यहाँको छोरा छोरीहरू भिक्षु र अनागारिकाहरू-का सत्संगतमा नपरेता पनि बुद्ध धर्म सम्बन्धी किताबहरू बढ्न रूचाउँदछन् र श्रद्धा पनि गर्छन् भन्ने सुन्न पाएं ।

विहारमा आएर भगवान बुद्धको दर्शन नगरेता पनि भिक्षु (भन्ते) र अनागारिका (गुरूमा) हरूको सत्संगतमा नपरेता पनि बुद्ध धर्म सम्बन्धी किताबहरू पढेर यस धर्म प्रति आस्था राख्नेहरू हुँदा रहेछ भन्ने मेरो मनमा बिचार आयो । यो बोधि कथाको किताब प्रकाशनार्थ समस्त परिवार-हरूको सदिच्छा र सहयोग पुऱ्याएको छ भनी उपासक काजि बहादुरले व्यक्त गर्नु भएको छ । सबै प्रकारका दानलाई धर्म दानले जित्छ भन्ने बुद्ध वचनानुसार वहाँहरूले गर्नु भएको यो धर्म दान भगवान बुद्धद्वारा प्रशसित कार्य गर्नु भयो । यसकारण वहाँ सहित सपरिवारलाई सहर्षपूर्वक साधुवाद छ। आफ्नो अमूल्य समयलाई पर्वाह नगरी प्रूफ हेर्नमा सहायक भई दिनु हुने श्री खास्तिमान शाक्यज्यूलाई धन्यवाद ज्ञापन नगर्नु मेरो भूल हुनेछ। यसर्थ वहाँ प्रति सहर्षपूर्वक धन्यवाद छ ।

दिनाङ्क

भिक्षु बोधिसेन
बोधिचर्या विहार
वडा नं ६ बनेपा
(काभ्रे) नेपाल

Downloaded from http://www.dhamma.digital

# पञ्च शील

## क्षमा याचना

गृहस्थः– ओकास द्वारत्तयेन कतं सब्बं अपराधं खमथ मे भन्ते

तीन पटक भन्ने

भिक्षुः– खमामि, खमामि, खमामि ।

गृहस्थः– साधु, साधु, साधु

गृहस्थः– अहं भन्ते, तिसरणेन सह पञ्चसीलं, धम्मं याचामि अनुग्गहं कत्वा सीलं देथमे भन्ते ! दुतियम्पि अहं . . . ।
तत्तियम्पि अहं . . . ।

भिक्षुः– यमहं वदामितं वदेहि (बहु वचन 'वदेथ)

गृहस्थः– आम भन्ते ।

भिक्षुः– नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

गृहस्थः– नमोतस्स ... ... ...। तीन पटक भन्ने ।

भिक्षुले भनिए अनुसार भन्ने–
बुद्धं सरणं गच्छामि ! धम्मं सरणं गच्छामि । संघं सरणं गच्छामि । दुतियम्पि बुद्धं ...... । दुतियम्पि धम्मं...... । दुतियम्पि संघं ...... । ततियम्पि बुद्धं ......। ततियम्पि धम्मं ......। ततियम्पि संघं ......।

भिक्षुः– तिसरण गमनं सम्पुण्णं ।

गृहस्थः– आम भन्ते ।

भिक्षुले भने जसो गरी भन्ने-

१. पाणातिपाता वेरमणीसिक्खापदं समादियामि ।
२. अदिन्नादाना " "



Downloaded from http://www.dhamma.digital

३. कामेसुमिच्छाचारा ” ” ।

४. मुसावादा ” ” ।

५. सुरामेरय मज्जपमादट्ठाना ” ।

भिक्षु:- तिसरणेन सद्धिं पञ्चसीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेहि । (सम्पादेथ)

गृहस्थ:- आम भन्ते ।

## अष्ट शील

अहं भन्ते तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथ सीलं धम्मं याचामि अनुग्गहं कत्वा सीलं देथ मे भन्ते । दुतियम्पि......। ततियम्पि ... ।

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स (३)

बुद्धं सरणं गच्छामि । धम्मं सरणं गच्छामि । संघं सरणं गच्छामि । दुतियम्पि ...... । ततियम्पि ... ।

१. पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।

२. अदिन्नादाना ” ” ” ।

३. अब्रम्हचरिया ” ” ” ।

४. मुसावादा ” ” ” ।

५. सुरामेरय मज्जपमादट्ठाना ” ।

६. विकाल भोजना ” ” ” ।

७. नच्च, गीत, वादित, बिसुक दस्सन, माला, गन्ध, विलेपन, धारण, मण्डन विभूसणट्ठाना ” ” ” ।

८. उच्चासयन महासयन ” ” ।

## बुद्ध वन्दना

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स (३)

इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो,



Downloaded from http://www.dhamma.digital

सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्मसारथी, सत्था देव मनुस्सानं बुद्धो भगवा'ति ।

नमोतस्स सम्मा सम्बुद्धस्स

ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता ।
पच्चुप्पन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा ।।
नत्थि मे सरणं अञ्ञं, बुद्धो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जय मंगलं ।।
उत्तमङ्गेन वन्देहं, पादपंसु वरुत्तमं ।
बुद्धेयो खलितो दोसो बुद्धो खमतु तं ममं ।।
बुद्धं जीवित परियन्तं सरणं गच्छामि ।

## धर्म वन्दना

स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनयिको, पच्चत्तं वेदितब्बो विञ्ञुही'ति ।

नमोतस्स निय्यानिकस्स धम्मस्स

ये च धम्मा अतिता च, ये च धम्मा अनागता ।
पच्चुप्पन्ना च ये धम्मा, अहं वन्दामि सब्बदा ।।
नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जय मङ्गलं ।।
उत्तमङ्गेन वन्देहं, धम्मञ्च दुविधं वरं ।
धम्मेयो खलितो दोसो धम्मो खमतु तं ममं ।।
धम्मं जीवित परियन्तं सरणं गच्छामि ।

## संघ वन्दना

सुपटिपन्नो भगवतो सावको संघो उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, यदिदं चत्तारि पुरिसयुगानि, अट्ठपुरिस पुग्गला,



Downloaded from http://www.dhamma.digital

एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलि करणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति ।

नमोतस्स अट्ठरियपुग्गला महासंघस्स ।

ये च संघा अतीता च, ये च संघा अनागता ।
पच्चुप्पन्ना च ये संघा, अहं वन्दामि सब्बदा ॥
नत्थि मे सरणं अञ्ञं, संघो मे सरणं वरं ।
एतेन सच्च वज्जेन, होतु मे जयमङ्गलं ॥
उत्तमङ्गेन वन्देहं, संघञ्च तिविधुत्तमं ।
संघे यो खलितो दोसो, संघो खमतु तं ममं ॥
संघं जीवित परियन्तं, सरणं गच्छामि ।

## जल पुजा

अधिवासेतु नो भन्ते, पानीयं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥

## खाद्य पुजा

अधिवासेतु नो भन्ते, खज्जकं उपनामितं ।
अनुकम्पं उपदाय, पटिगण्हातु उत्तमं ॥

## फल पुजा

अधिवासेतु नो भन्ते, फलानि उपनामितं ।
अनुकम्पं उपादाय, पटितण्हातु उत्तमं ॥

## भोजन पुजा

अधिवासेतु नो भन्ते, भोजनं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥

## व्यञ्जन पुजा

अधिवासेतु नो भन्ते, ब्यंजनं उपनामितं ।
अनुकम्पं उपादाय पटिगण्हातु उत्तमं ॥



Downloaded from http://www.dhamma.digital

## प्रदिप पुजा

घनसारप्पदित्तेन, दिपेन तम धंसिना ।
तिलोकदीपं सम्बुद्धं पूजयामि तमोनुदं ।।

## पुष्प पुजा

वण्ण गन्ध गुणोपेतं, एतं कुसुम सन्तति ।
पूजयामि मुनिन्दस्स, सिरिपाद सरोरूहे ।।
पूजेमि बुद्धं कुसुमेन नेन, पुञ्ञेन मेतेन च होतु मोक्खं ।
पुप्फंमिलायातियथाइदुम्मे, कायोतथायाति विनास भावं ।।

## धूप पुजा

गन्धसम्भार युत्तेन, धूपेनाहं सुगन्धिना ।
पूजये पूजनेय्यानं, पूजा भाजनमुत्तमं ।।

## चैत्य पुजा

वन्दामि चेतियं सब्बं, सब्ब ठानेसु पतिट्ठितं ।
सारीरिक धातु महाबोधिं, बुद्ध रूपं सकलं सदा ।।

## क्षमा याचना

कायेन वाचा चित्तेन, पमादेन मयाकतं ।
अच्चयं खम मे भन्ते, भूरिपञ्ञो तथागतं ।।

## प्रार्थना

इमाय बुद्ध पूजाय, कताय सुद्ध चेतसा ।
चिरं तिट्ठतु सद्धम्मो लोको होतु सुखी सदा ।।
इमाय बुद्ध पूजाय, यं पुञ्ञं पसुतं मया ।
सब्बं तं अनुमोदित्वा सब्बेपि तुट्ठ मानसा ।।
पुरेत्वा दान सीलादि, सब्बापि दसपारमि ।
पत्वा यथिच्छितं बोधि फुस्सन्तु अमतं पदं ।।



Downloaded from http://www.dhamma.digital

# प्रतिपत्ति पुजा

इमाय धम्मानुधम्मं पटिपत्तिया बुद्धं पूजेमि ।
इमाय धम्मानुधम्मं पटिपत्तिया धम्मं पूजेमि ।
इमाय धम्मानुधम्मं पटिपत्तिया संघं पूजेमि ।

# आशिका

इमिना पुञ्ञ कम्मेन, मा मे बाल समागमो ।
सतं समागमो होतु, याव निब्बान पत्तिया ।
इदम्मे पुञ्ञं आसवक्खया वहं होतु ।
इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।
इदम्मे पुञ्ञं सब्बे सत्ता सुखिता भवन्तु ।
(इदम्मे पुञ्ञं सब्बे सत्ता अनुमोदन्तुः)

# पुण्यानुमोदन

इदं वो ञातीनं होतु सुखिता होन्तु ञातयो (३)
एत्तावता च अम्हेहि सम्भतं पुञ्ञसम्पदं,
सब्बे देवानुमोदन्तु सब्बसम्पत्ति सिद्धिया ।
एत्तावता च अम्हेहि सम्भतं पुञ्ञसम्पदं,
सब्बे सत्तानुमोदन्तु सब्बसम्पत्ति सिद्धिया ।
एत्तावता च अम्हेहि सम्भतं पुञ्ञसम्पदं,
सब्बे भूतानुमोदन्तु सब्बसम्पत्ति सिद्धिया ।



Downloaded from http://www.dhamma.digital

# त्रिरत्नया नाम

– महाप्रज्ञा

त्रिरत्नया नाम का बुद्ध धर्म संघ धका ॥ धु॥
भक्तपिनि संकष्ट जुइगु फुक तरे ।
हे प्राणी सुखसी दं दुःख पवी झी सकस्यां । त्रि ॥१॥
संसार झी नर जाति मुक्त जुइगु मन्त्र थ्वहे ।
लख चौरासी ह्यू वनेगु मालीमखु सकलें । त्रि ॥२॥
पञ्चभूते सार थुलि थुकिया सत्यबलं ।
पारयाना बी धँगु जीवित जीवनया आशा । त्रि ॥३॥
तनमनवचन सकसिनं त्रिरत्नया नामका ।
क्षणभर जूसां नामका बुद्ध धर्म संघ धका । त्रि ॥४॥

# भजन

– भिक्षु अमृतानन्द

भगवान भजन या हे नर प्राणी स्थिर मदु जिन्दगानी प्राणी छन्हु त्वता वनेमानी ॥धु॥
अर्व खर्व दुह्महे जूसां डाक्टर वैद्य अनेक जूसां ।
होशियारीह्म चलाख खःसां, छन्हु त्वता वनेमानी ॥प्रा॥
जि जिगु धापिं घमण्डयापिं, स्वर्गलोक त्याका कापिं ।
गुलि वल वन जगते थुजापिं, नाश जुया अभिमानी ॥प्रा॥
चय्प्यंगूलाख हितुहिला वया, चैतन्य चोला नरतनथ्वकया ।
बुद्धया ग्रन्थ न्यनेगु दयानं, छाय् जुया छ अज्ञानी ॥प्रा॥
सुखया आशा कया च्वन धासा, कष्ट अनेक नइगु पासा ।
आशा त्वता भजन यासा, जुइमखु छंगु हानी ॥प्रा॥
बुद्ध रस धँगु न्ह्याको कासां दँगु, खुं लुच्चान थगे याये मफंगु
जन्म मरणसं कष्ट मनैगु, मुंकि आतक लानि ॥प्रा॥



Downloaded from http://www.dhamma.digital

# विचार

— अ. माधवी

दया धर्म या फतले, निन्हु, प्यन्हुया थ्व ज्यू दतले ।।धु।।
पछुतावे जुइ औसर वंका अभ्यन्तरया ज्ञानं खंका,
लोभंके मते न्है नुगले ।।१।।
रत्नथें जागु तन ज्ञीगु, मनतुनाथें सिद्ध याये ज्यूगु,
वनीन्हं औसर घंतले ।।२।।
अभिमानी त्वति प्राणी, खन्हु त्वता वने मानि,
थ्व संसारे च्वंतले ।।३।।
नये त्वने पुनेजक आशा, कया च्वन धासा पासा,
भव पार जुइगु गबले ।।४।।



Downloaded from http://www.dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# बोधि–कथा

त्यस समयमा भगवान बुद्धले बुद्धत्व लाभ गर्नु भई नैरञ्जना नदी तीरको बोधि वृक्ष मुनि विहार गर्नु हुन्थ्यो । त्यस बेला भगवान बोधिवृक्ष मुनि एउटै आसनमा एक सप्ताहसम्म विमुक्ति सुखको अनुभव गर्दै बस्नु भएको थियो । त्यस रातको प्रथम याममा भगवानले प्रतीत्य समुत्पादलाई अनुलोम प्रतिलोम गरी मनन गर्नु भयो । जस्तो कि– अविद्याको कारणले संस्कार, संस्कारको कारणले विज्ञान, विज्ञानको कारणले नामरूप, नामरूपको कारणले षडायतन, षडायतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना, वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव, भवको कारणले जाति, जातिको कारणले जरा, मरण शोक, परिदेव, दुःख दौर्मनस्य र उपायासको सृजना हुन्छ । यस प्रकारले दुःखको पुञ्ज मात्रै उत्पन्न हुन्छ । अविद्यालाई नै नाश गरे, त्यागे, अनि निरोध गरेमा संस्कारको निरोध हुन्छ, संस्कारको निरोध गरे विज्ञान निरोध, विज्ञानको निरोध गरे नामरुपको निरोध, नामरुपको निरोध गरे षडायतनको निरोध, षडायतनको निरोध गरे स्पर्शको



Downloaded from http://www.dhamma.digital

निरोध, स्पर्शको निरोध गरे वेदनाको निरोध, वेदनाको निरोध गरे तृष्णाको निरोध, तृष्णाको निरोध गरे उपदानको निरोध, उपदानको निरोध गरे भवको निरोध, भवको निरोध गरे जन्मको निरोध, जन्मको निरोध गरे जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य र उपायासको निर्मूल हुन्छ। यस प्रकारले दु:खको पुञ्ज नै निरोध हुन्छ अनि भगवानले यो प्रतीत्य समुत्पादको अर्थलाई जान्नु भई त्यसै बखतमा यो उदान (गाथा) लाई व्यक्त गर्नु भयो –

**यथाहवे पातु भवन्ति धम्मा**
**आतापिनो झायतो ब्राह्मणस्स,**
**अथस्स कङ्खा वपयन्ति सब्बा**
**यतो पजानाति सहेतु धम्मान्ति ।**

आफ्नै प्रयासद्वारा ब्राह्मण (बुद्ध) को ध्यानमा जब प्रादुर्भाव हुन्छ 'धर्म' तब सबै प्रकारका शंकालाई शान्तपारी जुन सहेतुक (सकारणद्वारा हुने) धर्मलाई जानेको हुन्छ ।

पुन: भगवानले रातको मध्यम याममा प्रतीत्य समुत्पादलाई अनुलोम प्रतिलोम गरी मनन गर्नु भयो । अविद्याको कारणले संस्कार, संस्कारको कारणले विज्ञान, विज्ञानको कारणले नामरूप, नामरूपको कारणले षडायतन, षडायतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना, वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव, भवको कारणले जाति, जातिको कारणले जरा मरण, शोक, परिदेव, दु:ख दौर्मनस्य र उपायासको सृजना


Downloaded from http://www.dhamma.digital

हुन्छ । यस प्रकारले केवल दुःखको पुञ्ज मात्रै उत्पन्न हुन्छ, अविद्यालाई नै नाश गरे, त्यागे, अनि निरोध गरे संस्कारको निरोध हुन्छ, संस्कारलाई निरोध गरे विज्ञान निरोध, विज्ञान निरोध गरे नामरूपको निरोध, नामरूप निरोध गरे षडायतनको निरोध, षडायतन निरोध गरे स्पर्शको निरोध, स्पर्श निरोध गरे वेदनाको निरोध, वेदना निरोध गरे तृष्णाको निरोध, तृष्णा निरोध गरे उपादानको निरोध, उपादान निरोध गरे भवको निरोध, भव निरोध गरे जन्मको निरोध, जन्म निरोध गरे जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायासको निर्मूल हुन्छ । यस प्रकारले दुःखको पुञ्ज नै निरोध हुन्छ । यस अर्थलाई भगवानले जान्नु भई त्यसै बखतमा यो उदान (गाथा) भन्नु भयो –

**यदाहवे पातु भवन्ति धम्मा**
**आतापिनो झायतो ब्राह्मणस्स,**
**अथस्स कङ्खा वपयन्ति सब्बा**
**यतो खयं पच्चयानं अवेदीति ।**

आफ्नै प्रयत्नद्वारा ब्राह्मण (बुद्ध) को ध्यानमा जब प्रादुर्भाव हुन्छ 'धर्म' तब सबै प्रकारका शंकालाई शान्त पारी, जुन प्रकारको प्रत्यय (कारण) हो त्यसलाई क्षय गर्न जानेको हुन्छ ।

पुनः भगवानले रातको अन्तिम याममा प्रतीत्य समुत्पादलाई अनुलोम प्रतिलोम गरी मनन गर्नु भयो ।



Downloaded from http://www.dhamma.digital

अविद्याको कारणले संस्कार, संस्कारको कारणले विज्ञान विज्ञानको कारणले नामरूप, नामरूपको कारणले षडायतन, षडायतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना, वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव, भवको कारणले जन्म, जन्मको कारणले जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायासको सृजना हुन्छ। यस प्रकारले दुःखको पुञ्ज मात्रै उत्पन्न हुन्छ। अविद्यालाई नै नाश गरे, त्यागे अनि निरोध गरे संस्कारको निरोध हुन्छ, सस्कार निरोध गरे विज्ञानको निरोध, विज्ञान निरोध गरे नामरूपको निरोध, नामरूप निरोध गरे षडायतनको निरोध, षडायतन निरोध गरे स्पर्शको निरोध, स्पर्श निरोध गरे वेदनाको निरोध, वेदना निरोध गरे तृष्णाको विरोध, तृष्णा निरोध गरे उपादानको निरोध, उपादान निरोध गरे भवको निरोध, भव निरोध गरे जन्मको निरोध जन्म निरोध गरे जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास निर्मूल हुन्छ। यस प्रकारले दुःखको पुञ्ज नै निरोध हुन्छ। यसर्थलाई जान्नु भई त्यसै वखतमा यो उदान (गाथा) भन्नु भयो –

**यदाहवे पातु भवन्ति धम्मा**
**आतापिनो झायतो ब्राह्मणस्स,**
**विधुपयं तिट्ठति मारसेनं**
**सूरियोव ओभासयन्तलिक्खन्ति।**



Downloaded from http://www.dhamma.digital

आफ्नै प्रयत्नद्वारा ब्राह्मण (बुद्ध) को ध्यानमा जब प्रादुर्भाव हुन्छ 'धर्म' तब मारसेनालाई पराजित गर्दछ, अन्तरिक्षमा प्रकाशमान सूर्य झैं ।

बोधि–कथा निट्ठिता ।

# अजपाल कथा

बोधि वृक्षमुनि सप्ताह बिताउनु भए पछि समाधि-बाट उठ्नु भई बोधि वृक्षबाट जहाँ अजपाल न्यग्रोध वृक्ष थियो त्यहाँ जानु भयो । त्यस अजपाल वृक्ष मुनि एक सप्ताह सम्म बिमुक्ति सुखको अनुभव गर्दै एउटै आसनमा बस्नु भयो । त्यस बखतमा एकजना हुहुँकार भन्ने अभिमानी ब्राह्मण भगवान हुनु भएको स्थानमा गएर भगवानसंग कुशल बार्ता गरी यथास्थानमा बसेर प्रश्न गर्न थाले ।

भो गौतम । कुन कुन कारणले ब्राह्मण हुन्छ ? ब्राह्मण हुने धर्म कुन हो ? प्रत्युत्तरमा भगवानले यो उदान भन्नु भयो –

**यो ब्राह्मण बाहित पाप धम्मो**
**नि हुंहुंकारको निक्कसावो यततो**
**वेदन्तगू वूसित ब्रह्मचरियो**
**धम्मेन सो ब्रह्मवाद वदेय्य**
**यस्सुस्सदा नत्थि कुहिञ्चि लोकेति ।**

जो ब्राह्मणले पापलाई पखालिन्छ, अभिमानलाई संयत गर्दछ, वेदान्तज्ञ हुन्छ र ब्रह्मचारी हुन्दछ । उसैलाई नै



Downloaded from http://www.dhamma.digital

धर्मतापूर्वक ब्राह्मणवाद भन्दछन् । जस्मा कि ऊ समान अरू कोही पनि लोकमा हुने छैन ।

अजपाल निग्रोध कथा निट्ठिता ।

# मुचलिन्द कथा

अजपाल न्यग्रोध वृक्षमा एक सप्ताह बिताउनु भए पछि, त्यस समाधिबाट उठ्नु भई जहाँ मुचलिन्द वृक्ष थियो त्यहाँ जानु भयो । त्यहाँ मुचलिन्द वृक्ष मुनि एक सप्ताह सम्म एकै आसनमा विमुक्ति सुखको अनुभव गर्दै बस्नु भयो । त्यस समयमा अकालमै आकाशमा एक सप्ताह सम्म महा-मेघले छाउन थाल्यो । चीसो हावा बहन थाल्यो । त्यही स्थानमा वास गर्ने मुचलिन्द भन्ने नागराज आफ्नो भवनबाट निस्केर भगवानको शरीरलाई आफ्नो नाग शरीरद्वारा सात फन्को बेरेर आफ्नो शीरको फणले छत्र समान गरी ओढाए । भगवानलाई चीसो नलागोस, गरमी नपरोस, डंसक मच्छर, हावा, पानी, घाम र रेंगतिने प्राणीले नरेंगितियोस् भन्ने विचारले सेवाको रूपमा आफूलाई नियोजित गरे । एक सप्ताह पश्चात आकाश सफा भएको देखेर भगवानको शरीरबाट आफूले बेरेर राखेको शरीरलाई हटाई मुचलिन्द नागराजले माणवकको रूप धारण गरेर भगवानको सन्मुखमा दुई हात जोडी नमस्कार गर्दै बसे । भगवानले त्यस अवस्था-लाई बुझनु भएर यो उदान भन्नु भयो –



Downloaded from http://www.dhamma.digital

**सुखो विवेको तुट्ठस्स सुत धम्मस्स पस्सतो,**
**अब्यापज्झं सुखं लोके पाण भूतेसु संयमो,**
**सुखा विरागता लोके कामानं समतिक्कमो**
**असिमानस्सयो विनयो एतं वे परमं सुखन्ति ।**

श्रुत धर्मलाई दर्शन गरेर, एकान्तमा सन्तुष्ट भएर जीविका गर्नु नै सुख हो । प्राणीहरू प्रति संयमित भइकन द्वेष रहित हुनु पनि यस लोकमा सुख हो । कामनाहरूबाट मुक्त भएर वितरागी भई बस्नु पनि सुख हो । अभिमानलाई विनयी भइकन शान्त पार्नु नै परम सुख हो ।

मुचलिन्द कथा निट्ठिता ।

# राजायतन कथा

मुचलिन्द वृक्ष मुनि एक सप्ताह बिताउनु भएपछि त्यस समाधिबाट उठ्नु भई जहाँ राजायतन वृक्ष थियो त्यहाँ जानु भयो । त्यहाँ पुग्नु भई राजायतन वृक्ष मुनि एक सप्ताह सम्म एउटै आसनमा विमुक्ति सुखको अनुभव गर्दै बस्नु भयो । त्यस समयमा तपस्सु र भल्लिक ब्यापारीहरू उत्कला देशबाट भगवान हुनु भएका ठाउँबाट आउँदै थियो । त्यसवेला तपस्सु र भल्लिकको आफन्त भएका देवताले तिनीहरूलाई भने– माणव हो ! भगबान बुद्ध राजायतन वृक्षको मुनि बुद्धत्त्व लाभ गरेर बस्नु भएको छ । वहाँ भगबानलाई सत्तु, घ्यू र महपिण्ड (लड्डु) द्वारा सम्मान



Downloaded from http://www.dhamma.digital

पूर्वक दान देऊ । तिमीहरूलाई दीर्घकालसम्म हित र सुख हुनेछ । देवताको वचनानुसार तपस्सु र भल्लिका व्यापारीहरूले मधु पिण्ड लिएर भगवानकहाँ गएर अभिवादन गरेर यथा योग्य स्थानमा बसे । यथास्थानमा बसेपछि तपस्सु र भल्लिकाले भगवानलाई भने– भन्ते, भगवान ! यो सत्तु र मधु पिण्डलाई प्रतिग्रहण गर्नु होस् । जस्मा कि हामीलाई दीर्घकालसम्म हित र सुख होस् । मधुपिण्ड दान दिन लाग्दा भगवानले विचार गर्नु भयो– तथागतले हातमा थापेर लिन्दैन, केमा मैले सत्तु र मधुपिण्डलाई ग्रहण गरूँ ? भगवानको चित्त विचारलाई चार दिशाका चार लोकपाल देव राजाहरूले जान्नु भई चार सिलामय पात्र भगवानलाई प्रदान गर्दै भन्नु भयो– भन्ते ! तपाईले सत्तु र मधुपिण्डलाई यस पात्रमा ग्रहण गर्नु होस् । भगवानले प्रत्येक सिलामय पात्र ग्रहण गर्नु भएपछि त्यसै पात्रमा सत्तु र मधुपिण्डलाई ग्रहण गरी खानु भयो । भगवानले खाई सक्नु भएपछि तपस्सु र भल्लिकले भगवानलाई विन्तिभाव गर्दै भने– भन्ते, भगवान ! आज देखि हामी भगवानको शरणमा जान्छौं र धर्मको शरणमा जान्छौं । हामीलाई बुद्ध र धर्मको शरणमा आएका उपासक भनेर स्वीकार्नुस् । आजदेखि हामी प्राण रहुञ्जेल सम्म शरणमा जान्छौं । यिनीहरू नै लोकमा प्रथम द्वेवाचिक उपासकहरू भए ।

राजायतन कथा निट्ठिता ।



Downloaded from http://www.dhamma.digital

# बृम्हाको प्रार्थना

राजायतन वृक्ष मुनि एक सप्ताह विताउनु भएपछि त्यस समाधिबाट उठ्नु भई जहाँ अजपाल वृक्ष थियो त्यहाँ जानु भई अजपाल बृक्ष मुनि विहार गर्नु भयो । अनि एकान्तमा ध्यानावस्थित भगवानको मनमा यस प्रकारले कुरा खेल्न थाल्यो– मैले गम्भीर, दुर्दशन, अवबोध गर्न कठिन, शान्त, उत्तम, अतर्कित, निपुण, पण्डितले मात्र जान्न योग्य धर्मलाई अवगत गरें । यस लोकका जनताहरू भने विषय भोगमा रमण गर्ने र विषय भोगमा भुलिएका छन् । विषय भोगमा रमिने र विषय भोगमा डुविएकाले कार्य कारण रूपी जुन यो प्रतीत्य प्रमुद्पाद हो त्यो तिनीहरूको निम्ति दुर्दशनीय छ । मैले धर्म उपदेश गर्दा अरुले नबुझी दिएमा त्यो मेरो लागि दु:खकर हुनेछ, त्यो मेरो लागि कष्टप्रद हुनेछ । भगवान यस विचारमा लागिरहँदा पहिले कुनै पनि समयमा नसुनेको आश्चर्यको गाथा मनमा आयो–

**किच्छेन मे अधिगतं हलं दानि पकासितुं,**
**रागदोसपरेतेहि नायं धम्मो सुसम्बुधो ।**
**पटिसोतगामिं निपुणं गम्भीरं दुद्दसं अणुं,**
**राग रत्ता न दक्खन्ति तमोखन्धेन आवटाति ।**

कष्टतापूर्वक मैले प्राप्त गरेको धर्मलाई प्रकाशित नगरौं । राग र द्वेषमा परिएकाले यो धर्मलाई राम्रो संग अवबोध गर्न सक्ने छैन । प्रतिश्रोतगामी, निपुण गम्भीर,



Downloaded from http://www.dhamma.digital

सुक्ष्मातिसुक्ष्म र दुर्दृश्य छ। रागमा रमिने र अन्धकारको पुञ्जले छाइएकाले देख्न सकिँदैन।

भगवानको मनमा यसरी विचार आएको हुनाले धर्मोपदेश गर्नमा उत्सुकता कम भयो। धर्मदेशना गर्नमा मन झुकेन।

भगवानको चित्तमा उठेको विचारलाई सहम्पति ब्रह्माले जानेर सोच्न थाल्यो– अब भने लोक नाश हुने भयो, विनाश हुने भयो यो लोक। तथागत सम्यक सम्बुद्धको मनमा धर्मदेशना प्रति उत्सुकता कम भयो। धर्म देशना गर्नमा मन लगाउनु भएन। तत्क्षणमै सहम्पति ब्रह्माले बलवान पुरुषले समेतिएको बाहुलाई फुकालिदिए झैं, फुकि-लिएको बाहुलाई समेति दिए झैं गरी ब्रह्मलोकबाट अन्तर-धान भएर भगवानको सन्मुखमा प्रकट भए। सहम्पति ब्रह्माले आफ्नो उत्तरासंग (च्यादर) लाई एकतर्फी पारी दक्षिण घुडाले पृथ्वीमा टेकेर भगवानलाई अञ्जलिबद्ध प्रणाम गरिकन भने– भगबान ! धर्म देशना गर्नु होस्, सुगत धर्म देशना गर्नु होस्। राग कम भएका सत्त्वहरू पनि छन्। जो धर्म श्रवण गर्न नपाएर विनाश भएका छन्। धर्मलाई बुझन सक्नेहरू पनि हुनेछन्। यसरी आफ्नो विचार व्यक्त गरे पछि पुनः ब्रह्माले भने –

**पातुरहोसि मगधेसु पुब्बे**
**धम्मो असुद्धो समलेहि चिन्तितो,**



Downloaded from http://www.dhamma.digital

अवापुरेतं अमतस्स द्वारं
सुणन्तु धम्मं विमलेनानुबुद्धं ।
सेलो यथा पब्बतमुद्ध निट्ठितो
यथापि पस्से जनतं समन्ततो ।
तथुपमं धम्ममयं सुमेध,
पासादमारुह्य समन्त चक्खु ।
सोकावतिण्णं जनतमपेतसोको,
अवेक्खस्सु जाति जराभिभूतं ।
उट्ठेहि वीर विजित सङ्गाम,
सत्थवाह अनण विचर लोके,
देसस्सु भगवा धम्मं,
अञ्ञातारो भविस्सन्तोति ।

मगधमा, मलिन चित्त भएकाले चिन्तित र पहिले अशुद्ध धर्म प्रादुर्भाव भएको थियो । विमल हुनु भएका बुद्धद्वारा प्रतिपादित अमृतको द्वार खोलिएको हुनाले धर्म श्रवण गर । पाषाण पर्वतको शिखरमा उठेर बसेकाले चारैतिरका जनतालाई देख्दछ त्यसरी नै हे सुमेध ! हे सर्वत्र नेत्र भएका ! धर्मरूपी महलमा चढेर जनतालाई हेर । हे शोकावतिण्ण ! शोकाग्निमा परेका जनतालाई हेर । उठ्नुहोस् वीर, संग्राम विजित, सार्थवाहु, ऋण मुक्त, जगतमा विचरण गर्नुस् । भगवानले धर्म देशना गर्नुहोस् बुझन सक्नेहरू पनि हुनेछन् ।



Downloaded from http://www.dhamma.digital

बृह्माको आशयलाई भगवानले बुझनु भएर सत्वहरू प्रति करुणा फिजाई बुद्ध चक्षुद्वारा लोकलाई अवलोकन गर्नु भयो । भगवानले बुद्ध चक्षुद्वारा हेर्नु हुँदा सत्वहरूमा अल्प–राग, महा–राग, तिक्षिन्द्रिय, सुन्दर स्वभाव, सम्झाउँदा सम्झने, नसम्झने, कुनै कुनै परलोकमा भोग्नु पर्ने कर्म फलको दोष र भयलाई विचार गरेर जीविका गर्दथ्यो । कुनै कुनै सत्वले परलोकमा भोग्नु पर्ने कर्म फलको दोष र भयलाई विचारै नगरी जीविका गर्दथ्यो । जस्तै कुनै कुनै उत्पलल फूल, पद्म फूल, कमल फूल पानीमा नै उम्रेर आउँछ, पानीमा नै बढेर आउँछ र पानी भित्र नै पोषित हुन्छ । कुनै कुनै उत्पलल फूल, पद्म फूल पानीमा नै उम्रेर आउँछ, पानीमा नै बढेर आउँछ र पानीको सरहमा नै फुल्दछ । कुनै कुनै उत्पलल फूल, पद्म, फूल र कमलको फूल पानीमा उम्रेर आउँछ, पानीमा बढेर आउँछ र पानी भन्दा पनि माथि आएर फुल्दछ तर पानीमा अलिप्त हुन्छ ।

यसरी भगवानले बुद्ध चक्षुद्वारा लोकलाई अवलोकन गरी सक्नु भएपछि सहम्पति बृह्मालाई गाथाद्वारा भन्नु भयो –

**अपारुता तेसं अमतस्स द्वारा**
**ये सोतवन्तो पमुञ्चन्तु सद्धं,**
**विहिंससञ्ञी पगुणं न भासि,**
**धम्मं पणीतं मनुजेसु ब्रह्मे ति ।**



Downloaded from http://www.dhamma.digital

तिनीहरूको निम्ति अमृतको द्वार बन्द भयो जो कान भएर पनि श्रद्धालाई त्याग्दछ । कष्टको ख्याल गरी निपुण उत्तम धर्मलाई मैले मानिसहरूलाई सुनाउन चाहिनं ।

धर्मोपदेशको लागि भगवानले स्वीकार्नु भयो भनेर जानी अभिवादन र प्रदक्षिणा गरी त्यहाँबाट अन्तर्धान भए ।

ब्रह्म याचना कथा निट्ठिता ।

# पञ्चवग्गिय कथा

सहम्पति ब्रह्म अन्तर्धान भएर गए पछि भगवानले विचार गर्नु भयो– कसलाई मैले प्रथमबार धर्मोपदेश गरूँ ? कस्ले यो धर्मलाई चाँडै नै जान्न सक्ने होला ? यसरी विचार गर्दा गर्दै आलार कालामलाई सम्झनु भयो र उ पण्डित, ब्यक्त मेघावी चिरकाल देखि नै निर्मल चित्तको ब्यक्ति हो भनेर जान्नु भएको थियो । प्रथमतः उसलाई नै किन धर्मोपदेश नगरौं ? उसले नै यस धर्मलाई चाँडै नै जान्न सक्ने छ । त्यसै वेला अन्तर्हित भएका देवताले भगवानलाई भने– आलार कालाम मरेको एक सप्ताह भई सक्यो । भगवानले पनि आलार कालाम मरेको एक सप्ताह भएको दिब्य चक्षुद्वारा देख्नु भयो र भगवानको मनमा यस्तो विचार आयो– आलार कालाम ब्यक्ति महा– समझदार थियो । यदि उसले यो धर्मलाई सुन्न पाएको भए चाँडै नै जानिसक्थ्यो ।

पुनः वहाँले विचार गर्नु भयो– कस्लाई मैले प्रथमबार धर्मोपदेश गरूँ ? कस्ले यो धर्मलाई चाँडै नै जान्न सक्ने होला ? यसरी विचार गर्दा गर्दै उद्दक रामपुत्रलाई सम्झनु



Downloaded from http://www.dhamma.digital

भयो र ऊ पण्डित, मेधावी, ब्यक्त, चिरकाल देखि नै निर्मल चित्तको व्यक्ति हो भनेर जान्नु भएको थियो । प्रथमबार मैले उद्दक रामपुत्रलाई नै किन धर्मोपदेश नगरौं ? उसले नै यस धर्मलाई चाँडै नै जान्न सक्ने छ । त्यसैवेला अन्तर्हित भएका देवताले भगवानलाई भने– उद्दक रामपुत्र आज राति मरिसके । भगवानले पनि उद्दक राम पुत्र मरेको दिव्य चक्षु-द्वारा देख्नु भयो र भगवानको मनमा यस्तो विचार आयो– उद्दक रामपुत्र वडा– समजदार ब्यक्ति थियो । यदि उसले यस धर्मलाई श्रवण गर्न पाएको भए चांडैनै जान्न सक्थ्यो ।

पुन: भगवानले विचार गर्नु भयो– कसलाई मैले प्रथमबार धर्मोपदेश गरूँ ? कस्ले यस धर्मलाई चाँडै नै जान्न सक्ने होला ? यसरी विचार गर्नु हुँदा पञ्चवर्गिय भिक्षुहरू-लाई सम्झिनु भयो । पञ्चवर्गिय भिक्षुहरूले मलाई धेरै उप-कार गरेका छन् । जव म ध्यानमा वस्थें तव यी पञ्चवर्गियले सेवा गर्दथ्यो । मैले पञ्चवर्गियलाई प्रथमवार धर्मोपदेश किन नगरौं ? भनी विचार गर्नु भए पछि, पञ्चवर्गियहरू कहाँ विहर्दैछन् होला ? अनि भगवानले विशुद्ध दिब्य चक्षुले देख्नु भयो– पञ्चवर्गिय वाराणसीको ऋषि पतन मृगदावनमा विहार गर्दैछन् ।

यस पछि भगवान उरुवेलामा इच्छानुसार विहार गर्नु भई जहाँ वाराणसी हो त्यहाँ चारिकाको निम्ति प्रस्थान गर्नु भयो । त्यस वखत उपक भन्ने आजीवकले भगवानलाई वोधि र गयाको वीचमा पर्ने मार्गवाट गइरहनु भएको देखे ।



Downloaded from http://www.dhamma.digital

देखेर भगवानलाई भने- आयुष्मान ! तपाईंको इन्द्रियहरू प्रसन्न छ, तपाईंको मुहार परिशुद्ध र उज्ज्वल छ। यसकारण तपाईंले कसलाई गुरु मानेर प्रव्रजित हुनु भएको ? तपाईंको गुरु को हो ? तपाईंले कस्को धर्मलाई मान्नु हुन्छ ? प्रत्युत्तरमा भगवानले उपक आजीवकलाई गाथाद्वारा भन्नु भयो-

**सब्बाभिभू सब्ब विदूहमस्मि**
**सब्बेसु धम्मेसु अनुपलित्तो,**
**सब्बञ्जहो तण्हक्खये विमुत्ते**
**सयं अभिञ्ञाय कमुद्दिसेय्यं ।**

सर्व विजयी, सर्व विदित हूँ म, सर्व धर्ममा अनिर्लिप्त (न टाँसिनु) सर्व त्यागी, तृष्णा क्षय गरी विमुक्त भएको छु । स्वयंले परम ज्ञान साक्षात्कार गरेको छु भने कसलाई मैले आचार्य देखाउँ ?

**न मे आचरियो अत्थि सदिसो मे न विज्जति ।**
**स देवकस्मि लोकस्मि नत्थि मे पटिपुग्गलो ।**

मेरो कुनै आचार्य छैन, म समान कोही पनि विद्यमान छैन । सारा देव लोक सहित यस लोकमा म समान व्यक्ति कोही छैन ।

**अहं हि अरहा लोके, अहं सत्था अनुत्तरो,**
**एकोह्मि सम्मासम्बुद्धो सीतिभूतोस्मि निब्बुतो,**
**धम्मचक्कं पवत्तेतुं गच्छामि कासिनं पुरे,**
**अन्धभूतस्मि लोकस्मि अहञ्ञी अमतदुन्दु भिन्ति ।**



Downloaded from http://www.dhamma.digital

म नै अर्हत हुँ, म नै अनुत्तर शास्ता हुँ, एक म नै सम्यक सम्बुद्ध हुँ, शान्तानुभूत भई निर्वाणलाई लाभ गरें । धर्मचक्र प्रवर्तनको निम्ति काशीको नगरमा गई रहेछु । अन्धो भएको लोकमा मैले नै अमृतको धोलक बजाउन जान्छु ।

यो सुनेर उपक आजीवकले भने– तपाईंको कुरा बुझ्दा, आवुस ! तपाई अर्हत र अनन्त जिन नै हुनु हुन्छ जस्तो लाग्छ ।

**मादिसा वे जिना होन्ति, ये पत्ता आसवक्खया,**
**जिता मे पापका धम्मा तस्माहमुपक जिनोति ।**

म जस्तै नै जिन हुन्छ, जस्ले आश्रव क्षय गर्दछ. पापोत्पत्ति हुने धर्महरूलाई जितिसकें, त्यसैले हे उपक म नै जिन हुँ ।

भगवानको कुरा सुनेर उपक आजीवकले हुनसक्छ आवुस् ! भन्दै शीरलाई हल्लाउँदै आफ्नो बाटो लागे । भगवानले पनि आफ्नो बाटो लिएर क्रमानुसार चारिका गर्दै वाराणसीको ऋषिपतन मृगदावनमा जहाँ पञ्चवर्गीयहरू, थियो त्यस तर्फ लाग्नु भयो । पञ्चवर्गीयहरूले भगवानलाई टाढैबाट आइरहनु भएको देखे । भगवान आइरहनु भएको देखेर तिनीहरूले एक आपसमा कुरा गर्न थाले– आवुस हो ! हेर श्रमण गोतम आइरहेको छ । तप भ्रष्ट, जोड्नु, बटुल्नुमा लागेकालाई हामीले अभिवादन नगरौं, प्रत्युगमन नगरौं, पात्र, चीवर पनि लिन नजाऔं, आसन बिच्छ्याई राखौं ।



Downloaded from http://www.dhamma.digital

यदि इच्छा भएमा बस्नेछ भनेर आ–आपना स्थानमा बसि-रहे । जति जति भगवान पञ्चवर्गीयहरूको नगिच पुग्नु भयो, त्यति त्यति ती पञ्चवर्गीयहरू आ–आपना अडानमा अडिग भएर बस्न सकेनन् । आ–आपना अडानमा बस्न नसकेको हुनाले तिनीहरू प्रत्युगमन गरी कुनैले भगवानको पात्र चीवर प्रतिग्रहण गरे, कुनैले आसन लगाए, कुनैले खुट्टा धुनलाई पानी राखे, कुनैले खुट्टा रगड्नलाई काठको टुक्रा ल्याएर राखे र बस्नलाई पिरा राखे । यस प्रकारले भगवानप्रति सन्मान प्रदर्शन गरे । भगवानले खुट्टा पखाल्नु भयो ।

जुन स्थानमा भगवानको निम्ति आसन बिच्छ्याइ-एको थियो त्यहाँ भगवानले आसन ग्रहण गर्नु भयो । आसन ग्रहण गरी सक्नु भएपछि पञ्चवर्गीयहरूले भगवानलाई नाउँ लिएर आवुस गौतम ! भनी सम्बोधन गरेर व्यवहार गर्न थाल्यो । त्यस प्रकारको व्यवहार देखेर भगवानले पञ्चवर्गीय-हरूलाई भन्नु भयो – भिक्षुहरू हो ! तथागतलाई नाउँ लिएर अथवा आवुस भनेर व्यवहार नगर । भिक्षुहरू हो ! तथागत सम्यकसम्बुद्ध अर्हत हो । कान लगाएर सुन, मैले अमृतलाई लाभ गरे, मैले तिमीहरूलाई धर्म देशना गर्नेछु र अनुशासन गर्नेछु । मैले अनुशासन गरे अनुरुप काम गरेमा यथाशीघ्र नै जुन अर्थको निम्ति कुलपुत्रहरू सम्यक रूपले घर त्यागी अनगारिक भई प्रव्रजित हुन्छन् त्यस अनुरूप ब्रह्मचर्य पालन गरेर, दृष्ट धर्मलाई स्वयंले जानेर, साक्षात्कार गरेर विहर्दछ । भगवानको यो वचन सुनेर पञ्चवर्गीय भिक्षुहरूले



Downloaded from http://www.dhamma.digital

सोधे– त्यस्तोविन कठिन चर्या, कठिन तपस्या, कठिन परिश्रम, कठिन कार्य गरेर पनि आर्यहरूको ज्ञान दर्शनमा पराकाष्ठको विशेषित उत्तरोत्तर मनुष्य धर्म (दिव्य शक्ति) लाई पाउन सक्नु भएन । अब, तप भ्रष्ट, जोड्नु बटुल्नुमा लागेर तपाईले आर्य ज्ञान दर्शनको पराकाष्ठमा उत्तरोत्तर मनुष्य धर्मलाई के हासिल गर्न सक्नु हुन्छ र ?

पञ्चवर्गीय भिक्षुहरूबाट उक्त कुरा सुनेर भगवानले भन्नु भयो– भिक्षुहरू हो ! तथागत न तप भ्रष्ट हो, न जोड्नु र बटुलनमा लागेको छ । कान लाएर सुन ! मैले अमृतलाई लाभ गरें । तिमीहरूलाई मैले धर्म देशना गर्नेछु, अनुशासन गर्नेछु । मैले जुन तरिकाले भन्छु त्यस अनुरुप कार्य गरेमा चिरकाल नबित्दैमा जुन अर्थको निम्ति कुलपुत्रहरू सम्यक रूपले घर त्यागी अनगारिक भई प्रव्रजित हुन्छन्, त्यस अनुरूप ब्रह्मचर्य पालन गरेर, दृष्ट धर्मलाई स्वयंले जानेर, साक्षात्कार गरेर विहर्दछ । दोश्रो र तेश्रो पटक पनि भगवानलाई पञ्चवर्गीयले उक्तानुरूप नै भने ।

तेश्रो पटकमा भगवानले पञ्चवर्गीयहरूलाई भन्नु भयो– भिक्षुहरू हो ! के तिमीहरूले यस भन्दा पहिले मैले यसरो भनेको थाहा छ ? थाहा छैन भन्ते ! भिक्षुहरू हो ! तथागत अर्हत सम्यकसम्बुद्ध हो । ध्यान दिएर सुन, भिक्षुहरू हो ! मैले अमृतलाई लाभ गरिसकें । तिमीहरूलाई मैले अनुशासन गर्नेछु, धर्म देशना गर्नेछु, मैले भने अनुसार कार्य गरेमा यथाशीघ्र नै जुन अर्थको निम्ति कुलपुत्रहरू सम्यक


Downloaded from http://www.dhamma.digital

रूपले घर त्यागी अनगारिक भएर प्रव्रजित हुन्छन्, त्यस अनुरूप ब्रह्मचर्य पालन गर्दा, दृष्ट धर्मलाई स्वयंले जानेर, साक्षात्कार गरेर बिहर्दछ । पञ्चवर्गीय भिक्षुहरूलाई भगवानले सम्झाउन सक्नु भया । पञ्चवर्गीय भिक्षुहरूले भगवानको कथनलाई सुन्न चाहे, ध्यान दिन थाले र बुझनलाई चित्त लगाए ।

पञ्चवर्गीय भिक्षुहरूलाई भगवानले सम्बोधन गर्नु भयो र भन्नु भयो– "भिक्षुहरू हो ! प्रव्रजित भएकाले यी दुई अतिलाई सेवन गर्नु हुँदैन । कुन दुई ? १) जुन यो हीन, ग्राम्य,अनाडी सत्त्वले सेवन गर्ने, अनार्य सेवित, अनर्थले युक्त भएको कामवासनामा लिप्त हुनु । २) जुन यो दुःखमय अनार्यले सेवित, अनर्थले युक्त आत्म पीडामा लाग्नु ।

भिक्षुहरू हो ! यी दुवै अतिमा नगई तथागतले मध्यम मार्ग अनुसन्धान गरेर निकाले । जुन कि सत्त्वको आँखा उत्पन्न हुने, ज्ञान दिलाउने, शान्तिको लागि, अभिज्ञाको लागि, परिपूर्ण ज्ञानको लागि अनि निर्वाणको लागि हो । त्यो तथागतले, कुन मध्यम मार्ग आविष्कार गरे ? ती हुन्– सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाचा, सम्यक कर्म सम्यक आजीव, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि । भिक्षुहरू हो ! तथागत सम्यक सम्बुद्धले यी मध्यम मार्गहरूद्वारा नै आँखा उत्पन्न गराउने ज्ञान दिलाउने उपशान्त प्रदान गर्ने, अभिज्ञाको लागि, सम्बोधिको लागि अनि निर्वाणको निम्ति हो ।


Downloaded from http://www.dhamma.digital

भिक्षुहरू हो ! यो दुःख आर्य सत्य हो– जन्मनु दुःख, बुढा हुनु दुःख, रोगी हुनु दुःख, मरण हुनु दुःख, अप्रिय संग सम्प्रयोग दुःख, प्रिय संग वियोगको दुःख, इच्छित वस्तु अप्राप्तिको दुःख र संक्षिप्तले पञ्चुपादानस्कन्ध नै दुःख ।

भिक्षुहरू हो ! यो दुःखोत्पत्ति आर्य सत्य हो– जुन पुनः पुनः उत्पन्न हुने तृष्णा, नन्दिराग सहित त्यस त्यस विषयलाई अभिनन्दन गर्दछन् जुन कि काम-तृष्णा भव-तृष्णा र विभव–तृष्णा ।

भिक्षुहरू हो ! यो दुःख निरोध आर्य सत्य हो– जुन कि तृष्णावाट सर्वथा विरक्त, निरोध, त्याग, अलग्गिनु, मुक्ति र नबन्धिनु ।

भिक्षुहरू हो ! यो दुःख निरोध गामिनी प्रतिपदा (मार्ग) आर्य सत्य हुन् - सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाचा, सम्यक कर्म, सम्यक आजीव, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि । यसैलाई दुःख निरोध गामिनी प्रतिपदा आर्य अष्टाङ्गिक मार्ग भन्दछन् ।

भिक्षुहरू हो ! यो दुःख आर्य सत्य हो भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा प्रत्पन्न भयो, विद्या उत्पन्न भयो र आलोक उत्पन्न भयो।

यो दुःख आर्य सत्यलाई परिज्ञय (जानि राख्नु) पर्छ भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो र आलोक उत्पन्न भयो ।



Downloaded from http://www.dhamma.digital

यो दुःख आर्य सत्यलाई परिज्ञात (जानि सकें) गरें, भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो र आलोक उत्पन्न भयो ।

भिक्षुहरू हो ! यो दुःख समुदय् आर्य सत्य हो भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो र आलोक उत्पन्न भयो ।

यो दुःख आर्य सत्यलाई त्याग्नु पर्छ, भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो...

......यो दुःख आर्य सत्यलाई त्याग गरी दिएँ, भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो ........ ।

भिक्षुहरू हो ! यो दुःख निरोध आर्य सत्य हो भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो ........... ।

यो दुःख निरोध आर्य सत्यलाई साक्षात्कार गर्नु पर्छ भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो ......... ।

यो दुःख निरोध आर्य सत्यलाई साक्षात्कार गरें भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो ........... ।

यो दुःख निरोध गामिनी प्रतिपदा (मार्ग) सत्य हो भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो ........... ।


Downloaded from http://www.dhamma.digital

यो दुःख निरोध गामिनी मार्गलाई भावना गर्नु पर्छ भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो ............ ।

यो दुःख निरोध गामिनी मार्गलाई भावना गरें भन्ने पहिले नसुनेको धर्ममा मलाई चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो ............ ।

भिक्षुहरू हो ! जबसम्म मैले यी चार आर्य सत्य र तीन प्रकार सहित बाह्र आकार (उपरोक्त) लाई यथार्थ रूपले ज्ञान दर्शन नगरे सम्म, परिशुद्ध रूपले नजाने सम्म, मैले सदेव लोक, समार लोक, सब्रह्म लोक, सश्रमण, ब्राह्मनादि लोकजन र सदेवमनुष्यहरूलाई अनुत्तर सम्यक–सम्बोधि ज्ञान लाभ गरें भनेर घोषणा गरिन ।

भिक्षुहरू हो ! जब मैले यी चार आर्य सत्य र तीन प्रकार सहित बाह्र आकारलाई यथार्थ रूपले ज्ञान दर्शन गरें, अरिशुद्ध रूपले जानें अनिमात्र भिक्षुहरू हो ! मैले सदेव लोक, समार लोक, सब्रह्म लोक, सश्रमण, ब्राह्मणादि लोकजन र सदेव मनुष्यहरूलाई अनुत्तर सम्यक सम्बोधि ज्ञान लाभ गरें भनेर घोषणा गरें ।

मलाई यथार्थ रूपले ज्ञान दर्शन भयो, मेरो यो विमुक्ति अचल हो, यो मेरो अन्तिम जन्म हो, अथच म पुनः यस लोकमा जन्मिनु नपर्ने भएँ ।

यस प्रकारले व्याख्या गर्नु भएपछि आयुष्मान कोण्डन्यलाई निर्मल, पवित्र धर्म चक्षु उत्पन्न भयो । वहाँको


Downloaded from http://www.dhamma.digital

मनमा विचार आयो कि जति पनि उत्पन्न हुने धर्म (पदार्थ) हो ती सबै नै नाशवान धर्म (पदार्थ) हुन् ।

भगवानले धर्मचक्र प्रवर्तन गर्नु हुँदा भूमिस्थ देवताहरूले घोषणा गरे– भगवानले वाराणसीको ऋषिपतन मृगदावनमा अनुत्तर धर्मचक्र प्रवर्तन गर्नु भयो जुन यस भन्दा पहिले कुनै श्रमण, ब्राह्मण, देव, मार र ब्रह्माले पनि धर्मचक्र प्रवर्तन गरेका छैनन् । यस्तै प्रकारले भूमिस्थ देवताहरूको घोषणा सुनेर, चतुर्महाराज देव, यामा देव, तुषित्त देव, निर्माणरति देव, परनिर्मित देव र ब्रह्मकायिक देवहरूले पनि उक्तानुरूप नै घोषणा गरे । त्यसै क्षणमा त्यही मूहुर्तमा समस्त ब्रह्मलोक सम्म पुगे । अनि दस हजार ब्रह्मांड कंपित, सम्प्रकंपित र सम्प्रवेद भयो । अप्रमाण तेजको प्रकाश लोकमा फिंजियो । देव–देवताहरूको आभाव (तेज) लाई अतिक्रमण गरी भगवानको प्रकाश फैलियो । भगवानले त्यसै वखतमा यस प्रकारले उदान प्रकट गर्नु भयो– ओहो ! कोण्डन्यले जान्यो, ओहो ! कोण्डन्यले बुझ्यो । बुझ्वकड कोण्डन्य भन्ने नाउँ भयो ।

आयुष्मान कोण्डन्यले धर्मलाई दृष्ट गरी, धर्मलाई प्राप्त गरी, धर्मलाई जानी, धर्मलाई अवगाहन गरी, संशय रहित भई, विवाद रहित भई, वैसारद्यलाई प्राप्त गरी, स्वतन्त्र भई शास्ताको शासनमा प्रब्रजित हुन भगवानसंग विन्ति गरे– भन्ते, भगवान ! तपाईको शासनमा प्रब्रजित हुन पाऊँ र उपसम्पदा पाऊँ ।


Downloaded from http://www.dhamma.digital

आऊ भिक्षु ! स्वाख्यात छ भगवानको धर्म, बृह्मचर्यलाई पालन गरी सम्यक रूपले दुःखलाई अन्त गर भनी भगवानले भन्नु भयो । यसँ वचनानुसार आयुष्मान कोण्डन्य उपसम्पन्न भयो ।

यसपछि भिक्षुहरूलाई भगवानले धर्म सम्बन्धी कथाहरू सुनाउनु हुन्थ्यो, उपदेशद्वारा अनुशासन गर्नु हुन्थ्यो। आयुष्मान वप्र, आयुष्मान भद्दियलाई भगवानले धार्मिक कथा सुनाउनु हुन्थ्यो, उपदेश सुनाउनु हुन्थ्यो र अनुशासन गर्नु हुन्थ्यो । यसँकारण यिनीहरूले पनि धर्म चक्षु लाभ गरे अनि जाने कि जति पनि उत्पन्न हुने विषयहरू हुन् ती सबै विनाश शीलका हुन् । यिनीहरूले धर्मलाई दृष्ट गरी, धर्मलाई प्राप्त गरी धर्मलाई जानी, धर्मलाई अवगाहन गरी, संशय रहित भई, विवाद रहित भई, वैसारद्यलाई प्राप्त गरी स्वतन्त्रतापूर्वक भगवानसंग बिन्ति गर्दै भने– भन्ते ! भगवानको शासनमा प्रव्रजित हुन पाऊँ र उपसम्पन्न हुन पाऊँ ।

आऊ भिक्षुहरू हो ! भनी तिनीहरूलाई भगवानले भन्नु भयो– स्वाख्यात छ, भगवानको धर्म, बृह्मचर्यलाई पालन गरी सम्यक रूपले दुःखलाई अन्त गर । यस वचनानुसार नै आयुष्मानहरूको उपसम्पदा (पूर्ण भिक्षुत्व) भयो ।

यसपछि भिक्षुहरूद्वारा ल्याएको भोजन भगवानले खानुहुन्थ्यो अनि धर्मका कथाहरू सुनाउनु हुन्थ्यो र उपदेश गर्नु हुन्थ्यो । तीन जना भिक्षुहरूले भिक्षा गरी ल्याएको


Downloaded from http://www.dhamma.digital

भोजनले ६ जनाको जीवन यापन हुन्थ्यो। आयुष्मान महानाम र आयुष्मान अश्वजितले भगवानद्वारा सुनाइएको कथा र उपदेशको कारणले निर्मल र परिशुद्ध धर्म चक्षु उत्पन्न भयो। तिनीहरूले जाने कि जति पनि उत्पन्न पदार्थ हुन् सबै नै नाशवान् हुन्। तिनीहरूले धर्मलाई दृष्ट गरी, धर्मलाई प्राप्त गरी, धर्मलाई जानी, धर्मलाई अवगाहन गरी संशय रहित भई, विवाद रहित भई, वैसारद्यलाई प्राप्त गरी स्वतन्त्रता सहित भगवानसंग प्रार्थना गरे– भन्ते ! भगवानको शासनमा प्रव्रज्या लिन पाऊँ अनि उपसम्पन्न हुन पाऊँ। आऊ भिक्षुहरू हो ! भनी तिनीहरूलाई भगवानले भन्नु भयो– स्वाख्यात (सुन्दर तरिकाले व्याख्या गरिएको धर्म) छ भगवानको धर्म, ब्रह्मचर्यलाई पालन गरी सम्यक रूपले दु:खलाई अन्त गर। यस वचनानुसार नै वहाँ आयुष्मानहरूको उपसम्पदा भयो।

अनि पञ्चवर्गीय भिक्षुहरूलाई भगवानले सम्बोधन गर्नु भयो, भिक्षुहरू हो ! रूप (भौतिक विषय – पदार्थ) आफ्नो होइन, रूपलाई नै आफ्नो भनेर नसम्झ, रूप आफ्नो भएको भए पीडादायक हुने थिएन। मेरो रूप यस प्रकारको होस् र यस प्रकारको नहोस् भनी रूपलाई आफूले भने जस्तै राख्न सकिंदैन। किन कि भिक्षुहरू हो ! रूप आफ्नो होइन, रूप आफ्नो नभएको हुनाले पीडादायक हुन्छ। आफ्नो इच्छानुसार मेरो रूप यस प्रकारको होस् अथवा यस प्रकारको नहोस् भनी भने जस्तो यो हुने होइन।


Downloaded from http://www.dhamma.digital

भिक्षुहरू हो ! ठीक यस्तै प्रकारले वेदना, संज्ञा, सस्कार र बिज्ञान पनि हुन् ।

त्यसैले भिक्षुहरू हो ! के थान्दछौ त ? रूप नित्य हो कि अनित्य हो ? अनित्य हो भन्ते ! जुन अनित्य हो त्यो दुःख हो कि सुख हो ? दुःख हो भन्ते ण जुन अनित्य, दुःख र विपरिणाम हुने हो त्यसलाई म, मेरो अथवा आफ्नो भनेर सम्यक रूपले ग्रहण गर्न योग्य छ ? छैन भन्ते ! माथि उल्लेखित भए जस्तै वेदना, संज्ञा, संस्कार र विज्ञानलाई पनि क्रमानुसार दोहराउने ।

त्यसैले भिक्षुहरू हो ! जति पनि रूप अतितका भविष्यतका र वर्तमानका, भित्री वा बाहिरी, स्थूल वा सुक्ष्म होन बा उत्तम, दूरस्थ वा समिपस्थ ती सबै रूप मेरो होइन, म होइन अनि आपनो होइन भनो यथार्थ रूपले सम्यक प्रज्ञा द्वारा हेरिनु पर्छ । यस्तै प्रकारले वेदना ... ... संज्ञा ... ... संस्कार ... ... विज्ञान ... ... हेरिनु पर्छ ।

भिक्षुहरू हो ! यसरी हेरेपछि श्रुतवान आर्य श्रावकहरू रूपमा पनि विरक्तिन्छ, वेदनामा पनि विरक्तिन्छ, संज्ञामा पनि बिरक्तिन्छ अनि विज्ञानमा पनि विरक्तिन्छ । विरक्तिएपछि विरागिन्छ, विरागिएपछि त्यागिन्छ । त्यागेपछि विमुक्त भएं भन्ने ज्ञान हुन्छ । जन्मनु पर्ने कारणहरू क्षीण हुन्छ । ब्रह्मचर्य पूर्ण हुन्छ, गर्नु पर्ने गरे भन्ने हुन्छ, यसकोपछि फेरि गर्नु पर्ने केही छैन भन्ने ज्ञान हुन्छ ।

भगवानले धर्म देशना सुनाउनु भएपछि सन्तुष्ट भई



Downloaded from http://www.dhamma.digital

पञ्चवर्गीय भिक्षुहरूले भगवानको कथनलाई अभिनन्दन गरे। त्यस उपदेशलाई सुनाउनु हुँदा पञ्चवर्गीय भिक्षुहरूको चित्त आश्रवबाट छुट्न गयो अथवा मुक्त भयो। यस समयसम्म ६ जना अर्हन्तहरू भए।

# यशको प्रब्रज्या

भगवान वाराणसीको ऋषिपतन मृगदावनमा बिहार गरिरहनु हुँदा वारणसीकै सेठ पुत्र, कुल पुत्र, सुकुमार यश भन्ने थियो। यी यश कुमारको निम्ति एउटा हेमन्त ऋतुको, एउटा गृष्म ऋतुको र एउटा वर्षा ऋतुको लागि भनी तीन-वटा प्रासादहरू थियो। यिनी वर्षा ऋतुको चार महिनासम्म विना पुरुष बाजा गाजा सहित नाचमा परिचारिकाहरूसग भूलिएर प्रासादबाट तल आउँदैन थियो। एकदिन यश कुलपुत्र परिचारिकाहरूसंग पञ्च काम गुणमा समर्पित र संसर्गित भई मनोरञ्जन गर्दा गर्दै नै निदाए। यशकुमार निदाएको परिचारिकाहरूले देखेपछि तिनीहरू पनि निदाइन्। त्यस घरमा सारा रात तेल प्रदीप जलिरहन्थ्यो। यश कुमार निन्द्राबाट ब्युँझिन्दा परिचारिकाहरू निदाई रहेको देख्यो। यिनीहरू थाकेकी हुनाले मदमस्त भई घोर निन्द्रामा परेको हुनाले यी परिचारिकाहरूको वीणा कसैको शरीरमा थियो। कसैको जीउमा मृदङ्गा र कसैको जीउमा के त, कसैको जीउमा के थियो। कसैको केश फिजिरहेको थियो, कसैको मुखबाट न्याल निस्किरहेको थियो। कोही घुरघुर आवाज



Downloaded from http://www.dhamma.digital

गरेर सुतिरहेको थियो । कसैको हात कहाँ थियो त कसैको खुट्टा कहाँ थियो । त्यस अवस्थामा मनोरञ्जन घर मानो युद्ध भूमिमा परेका मृतकहरू झैं भएको थियो । यस्तो अवस्था देखदा यश कुमारलाई घृणा लाग्यो र चित्त विरक्तिएर आयो । अनि उदान प्रकट गर्दै भने– ओहो उपद्रव ! ओहो पीडित ! यसै अवस्थामा यश कुलपुत्रले सुवर्णको जुत्ता लगाई जहाँ कोठाको द्वार थियो त्यहाँ गए । त्यस बखतमा बन्द भएको द्वारलाई देवताले खोलिदियो । त्यस बेला यशकुमार-लाई घर गृहस्थ त्याग्न अथवा अनगारिक प्रव्रजित हुनबाट रोक्ने कोही पनि थिएन । घरबाट निस्केर नगरद्वार तिर गयो । त्यहाँ पनि देवताहरूले बन्द भएको द्वारलाई खोलि-दियो । त्यहाँ पनि यश कुलपुत्रलाई गृह त्याग गर्नबाट अथवा अनगारिक प्रव्रजित हुनबाट रोक्ने कोही थिएन । अनि यश कुलपुत्र जहाँ ऋषिपतन मृगदावन हो त्यहाँ पुगे ।

त्यस रात वितेपछि प्रत्युषकालमा भगवान उठ्नु भई खुल्ला आकाशमा चङ्क्रमण गर्दै हुनुहुन्थ्यो । यशकुमार टाढै-बाट आइरहेको भगवानले देख्नु भयो । यश कुलपुत्रलाई आफूनिर नै आइरहेको देख्नु भई विच्छयाई राखेको आसनमा बस्नु भयो । भगवान् नजदिक पुगेपछि भगवान समक्ष वचन प्रकट गरे– ओहो, सन्तप्त ! ओहो उपद्रव ! यशकुलपुत्रको सन्तप्त र उपद्रव मानसिक भावनालाई बुझनु भएर भन्नु भयो– यश ! यहाँ शान्त र उपद्रव रहित छ । यश ! आऊ बस । तिमीलाई धर्म देशना गर्नेछु । यहाँ अवश्य पनि उपद्रव



Downloaded from http://www.dhamma.digital

रहित र सन्तप्त रहित हुनु पर्छ भन्ने यश कुलपुत्रले विचार गरो, हर्षित भई, प्रसन्न भई सुवर्ण जुत्ता फुकाली भगवानको समिपमा गएर अभिवादन गरी यथास्थानमा बसे। यथा-स्थानमा बसेवा यश कुलपुत्रलाई भगवानले आनुपूर्विक कथा सुनाउनु भयो। जस्तो किदान कथा, शील कथा, स्वर्ग कथा, काम विषयमा पर्नाले भोग्नु पर्ने दुष्परिणाम र दोषका कथा-हरू र काम-विषयको जन्जालबाट छुटिन्दाको महत्फल पनि प्रकाशित पार्नु भयो। जब यश कुलपुत्रको स्वच्छ चित्त, मृदु चित्त, आवरण मुक्त चित्त, हर्षित चित्त र प्रसन्न चित्त देख्नु भयो तब बुद्धले जुन कुरा उठाउने हो, जुन धर्म देशना हो त्यो प्रकाशित गर्नु भयो। जुन कि- दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य र दुःख निरोध गामिनी मार्ग सत्य। यश कुलपुत्रले धर्मोपदेश श्रवण गरेपछि यिनको मन धूल रहित, मैल रहित, शुद्ध वस्त्रमा राम्रोसंग रंग समातिए झैं त्यसै आसनमा धर्म चक्षु उत्पन्न भयो। जति पनि उत्पन्न हुने पदार्थ हो ती सबै नै निरोध धर्म हुन्।

यश कुलपुत्रको आमा प्रासादमा गइन् र प्रासादमा यश कुमारलाई नदेख्दा गृहपति सेंठ कहाँ गएर भनिन्-गृहपति स्वामी! तपाईको छोरा प्रासादमा छैन। कहाँ गयो होला? अत्तोपत्तो नै छैन। आफ्नो श्रीमतीको कुरा सुनेर गृहपति सेंठले चारै दिशामा अश्वदूत द्वारा खोज्न पठाए। आफू स्वयं ऋषिपतन मृगदावनमा गए। त्यहाँ गृहपति सेंठले सुवर्णको जुत्ता छोडेर राखेको देखेर यश कुमार भए तिर



Downloaded from http://www.dhamma.digital

गए । गृहपति सेंठ आइरहेको भगवानले टाढैवाट देरनु भए पछि वहाँले विचार गर्नु भयो– किन मैले त्यस प्रकारको ऋद्धिलाई प्रयोग नगरौं, जस्मा कि यश कुलपुत्र यहीं बसि रहेको भएता पनि गृहपति सेंठले देख्न नसकियोस्। भगवानले आफ्नो विचार अनुसार नै त्यस प्रकारको ऋद्धि प्रयोग गर्नु भयो । गृहपति सेंठ भगवान भए ठाउँमा गएर भने– भन्ते, भगवान ! तपाईले यश कुलपुत्रलाई देख्नु भयो ? गृहपति ! तिमो यहीं नै बस । केही क्षणपछि यश कुलपुत्रलाई तिमीले यहीं नै देख्ने छौ ।

यहीं नै बसिरहँदा मैले यश कुलपुत्रलाई देख्नेछु भनो हर्षित र सन्तुष्ट भई गृहपतिले भगवानलाई अभिवादन गरी यथास्थानमा बसे । यथास्थानमा बसेका सेंटलाई भगवानले आनुपूर्वि कथाहरू सुनाउनु भयो । कथा सुनि सकेपछि भगवानलाई भने– आश्चर्य भन्ते ! अद्भूत भन्ते ! जस्तो कि घोप्तो परेको भाँडोलाई उत्तानो पारे झैं, छोपिएकोलाई उघारी दिए झैं, मार्ग भूलेकोलाई मार्ग देखाई दिए झैं, अन्धकारमा तेल प्रदीप बालिदिए झैं भगवानले अनेक प्रकारले धर्म प्रकाशित गर्नु भयो । यसकारण भन्ते ! भगवानको शरणमा, धर्मको शरणमा र संघको शरणमा शरणागत हुन्छु । भगवान ! मलाई उपासक भनी स्वीकार्नु होस् । आजदेखि प्राण रहुन्जेलसम्म त्रि–शरणमा जानेछु । यिनी नै यस लोकमा प्रथम त्रि वाचक उपासक भए ।

यश कुलपुत्रको पितालाई भगवानले धर्म देशना गर्नु



Downloaded from http://www.dhamma.digital

भएकोलाई यश कुमारले ध्यानपूर्वक सुनिरहेको हुनाले त्यस धर्म देशनालाई देखे जाने अनुसार गम्भीर रूपले चिन्तन मनन गर्दै रहँदा चित्त आश्रव (क्लेश = मल) बाट मुक्त भयो। यश कुलपुत्रको आश्रवहरू चित्तबाट विमुक्त भएको भगवानले थाहा पाउनु भयो। अब भने यश कुलपुत्र हीन स्थितिमा पुगेर काम वासना रूपी शिकार गर्ने छैन । यस कारण किन अब ऋद्धिलाई नहटाऊँ ? अनि भगवानले ऋद्धि हटाउनु भयो। गृहपति सेठले यशकुलपुत्रलाई त्यहीं बसी रहेको देख्यो। यश कुलपुत्रलाई देखेपछि भने– प्रिय पुत्र यश ! तिमीलाई नदेखी तिम्रो आमा रूँदै कराउँदै शोक गरिरहेकी छिन्। तिम्रो आमालाई तिमीले जीवन दान देऊ। यश कुलपुत्रले भगवानको मुख हेरे।

गृहपति सेठलाई भगवानले भन्नु भयो– गृहपति ! तिमीले के सम्झन्दछौ, तिमीले जस्तै अपूर्ण ज्ञान, अपूर्ण साक्षात्कार गरी धर्मलाई दर्शन गऱ्यो, त्यस्तै गरी यशले पनि दर्शन गरेको हो र ? उसले यथार्थ रूपले जानेर बुझेर, गम्भीर रूपले चिन्तन मनन गरेर काम-वासना रूपी आश्रव-हरू चित्तबाट विमुक्त गरिसक्यो । अब पहिले गृहस्थमा रहँदा झैं यश कुलपुत्रले हीनावस्थाको काम – वासनाको जालमा पर्नेछ ? पर्ने छैन भन्ते !

गृहपति ! तिमीले जस्तै पहिले त यशकुलपुत्रले अपूर्ण ज्ञान, अपूर्ण गरी धर्मलाई दर्शन गरेको थियो । उसले अब आफूले जानेको बुझेको अनुसार गम्भीर रूपले प्रत्यवेक्षण


Downloaded from http://www.dhamma.digital

(एक एकलाई धर्मको शब्दलाई दर्शन) गरी काम–वासना-रूपी आश्रवहरू चित्तबाट विमुक्त गरिसक्यो । गृहपति ! अब यश कुलपुत्र पहिलेको जस्तो हीन स्थितिमा परेर गृहस्थ सुख भोग्न योग्य छैन ।

भन्ते ! यश कुलपुत्रलाई लाभ भयो । सुलाभ भयो यश कुलपुत्रलाई । जसमा कि यश कुलपुत्रले आश्रव चित्तलाई हटाई विमुक्त भए । भन्ते ! भगवानले यश कुलपुत्रलाई सगै लिएर मेरो घरमा भोजन गर्न आउनलाई स्वीकार्नु होस् । भगवानले मौनद्वारा स्वीकार्नु भयो ।

गृहपति सेठले भोजनका निम्ति भगवानले स्वीकार्नु भएको जानी आसनबाट उठेर भगवानलाई अभिवादन गरी प्रदक्षिणा गरी घरमा गए ।

गृहपति सेठ घर फर्केर गएको केही क्षणपछि यश कुलपुत्रले भगवानलाई प्रार्थना गरे– भन्ते ! भगवानले मलाई प्रव्रज्या गरिदिनुस्, उपसंपदा गरिदिनुस् ।

भगवानले आऊ भिक्षु ! स्वाख्यात (सु–व्याख्यात) धर्ममा ठीकसंग दुःख क्षय गर्नलाई ब्रह्मचर्यको पालन गरी विचरण गर भनी भन्नु भयो । वहाँको यही वचनानुसार नै आयुष्मान यशको उपसम्पदा भयो । त्यस समयमा सात जना अर्हतहरू लोकमा भए ।

यसस्स पब्बजा निट्ठिता ।



Downloaded from http://www.dhamma.digital

# तीन जना उपासिकाहरूको शरणगमन कथा

पुर्वाण्ह समयमा भगवानले चीवर पहिरिनु भई, पात्र लिएर आयुष्मान यशलाई अनुगामी भिक्षु बनाई गृहपति सेठको घरमा जानु भयो । त्यहाँ बिच्छ्याइएको आसनमा भगवान सहित यश पनि वस्नु भयो । अनि यशको आमा र दुवै पत्नीहरू भगवानकहाँ आएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसिन् । उनीहरूलाई भगवानले आनुपूर्वि कथाहरू जस्तै- दान-कथा, शील-कथा, स्वर्ग-कथा, काम-विषय भोगको दुष्परिणाम भोग्नु पर्ने दोष-कथा अनि काम-विषयबाट छुट्टिंदाको महत्फल विषय कथा सुनाउनु भयो । जब उनीहरूको चित्त स्वच्छ, मृदु, आवरण रहित, हर्षित र प्रसन्न चित्त भएको देख्नु भयो तब बुद्धले उठाउनु हुने जुन कुरा हो अथवा धर्म देशना हो त्यो सुनाउन लाग्नु भयो- जस्तै:- दु:ख, दु:ख सत्य, दु:ख समुदय सत्य, दु:ख निरोध सत्य र दु:ख निरोध गामिनी प्रतिपदा (मार्ग)सत्य । दाग नलागिएको शुद्ध वस्त्रमा राम्रो संग रंग रंगिए झैं यिनीहरूले पनि त्यसै आसनमा "जति पनि समुदय-धर्म हुन् ती सबै निरोध धर्म हुन्" भन्ने धूल रहित, मैल रहित निर्मल धर्म चक्षु उत्पन्न भयो । यिनीहरूले दृष्ट धर्म, प्राप्त धर्म, विदित धर्मलाई साक्षात्कार गरी, शंका रहित, कथोपकथन रहित वैसारद्यलाई लाभ गरी, स्वतन्त्रता सहित शास्ताको शासनमा भगवानलाई विन्ति गर्दै भनिन्- आश्चर्य भन्ते !



Downloaded from http://www.dhamma.digital

अद्भूत भन्ते ! जस्तो कि घोप्तो परेको भाँडोलाई उत्तानो पारे झैं, छोपिएकोलाई उघारी दिए झैं, आँखा भएकाले रूप देखे झैं भगवानले अनेक तरहले धर्म सुनाउनु भयो । यस कारण भन्ते ! भगवानको शरणमा, धर्मको शरणमा र भिक्षु संघको शरणमा हामी शरणागत हुन्छौं । हामीलाई उपासिका भनेर स्वीकार्नु होस् । आजदेखि प्राण रहुञ्जेलसम्म त्रि-शरणमा जानेछु ।" यिनीहरू नै यस लोकमा प्रथम त्रि-वाचिका उपासिकाहरू भइन् । आयुष्मान यशको माता पिता र पत्नी-हरूले भगवान सहित यशलाई उत्तम खाद्य, भोज्य पदार्थद्वारा आफ्नै हातले सन्तर्पित गरिन्, सम्प्रवारित गरिन् । भोजनको बादमा हात मुख प्रक्षालन पश्चात तिनीहरू एक ठाउँमा बसिन् । यशको माता पिता र पत्नीहरूलाई भगवानले धार्मिक कथाद्वारा संदर्शन गराउनु भयो, समाज्ञापन गराउनु भयो, समुत्तेजित गराउनु भयो अनि सम्प्रहर्षित गराउनु भई आसनबाट उठेर जानु भयो ।

उपासिकायो कथा निट्ठिता

# यशको गृहस्थ मित्रहरूको प्रव्रज्या

आयुष्मानको यशको चार गृहस्थ मित्रहरू वाराणसी-को सेंठ अनुसेंठका कुलपुत्रहरू विमल, सुवाहु पुण्णजि र गवम्पति थिए । यी चारजना साथीहरूले सुने कि यश कुल-पुत्रले केश दाह्री खौरी काषाय वस्त्र धारण गरी गृहत्याग पूर्वक अनगारिक भई प्रव्रजित भए भन्ने सुनेर विचार गरे-त्यो धर्म विनय कमसल खालको होइन होला । जसमा कि



Downloaded from http://www.dhamma.digital

यश कुलपुत्रले केश दाह्री खौरी काषाय वस्त्र परिधान गरी, गृहत्यागपूर्वक अनगारिक भई प्रव्रजित हुने थिएन होला । यस विचारानुसार नै आयुष्मान यश कहाँ गएर अभिवादन गरी यथास्थानमा बसे । आयुष्मान यशले ती चार जना साथीहरूलाई लिएर भगवान हुनु भएको ठाउँमा लिएर गए । यश प्रमुख तिनीहरूले भगवानलाई अभिवादन गरी यथा-स्थानमा बसे । यथास्थानमा बसेपछि आयुष्मान यशले भगवानलाई विन्ति गर्दै भने– यिनीहरू चारजना विमल, सुवाहु, पुण्णजि र गवम्पति सेठ अनुसेठका कुलपुत्रहरू मेरो गृह मित्रहरू हुन् । यिनीहरूलाई भगवानले धर्म देशना गर्नु होस्, अनुशासन गर्नु होस् ।

भगवानले तिनीहरूलाई आनुपूर्वि कथाहरू सुनाउनु भयो– जस्तै:- दान–कथा, शील–कथा, स्वर्ग–कथा, काम विषय भोगको दोष, क्लेशबाट मुक्त र नैष्क्रम्यको आनिशंस प्रकाशित पार्नु भयो । भगवानले जब तिनीहरूको स्वच्छ चित्त, मृदु चित्त, आवरण रहित चित्त, हर्षित चित्त र प्रसन्न चित्त देख्नु भयो । तव बुद्धले उठाउनु हुने अथवा जुन धर्म देशना हो त्यो प्रकाशित पार्नु भयो । दुःख सत्य, दुःख समु-दय सत्य, दुःख निरोध सत्य र दुःख निरोध गामिनी प्रतिपदा सत्य । शुद्ध नमैलिएको वस्त्रमा रंग रंगिए झैं तिनीहरूलाई त्यसै आसनमा क्लेश (धूल) रहित मल रहित धर्म चक्षु उत्पन्न भयो । जति पनि समुत्पन्न पदार्थ हुन् ती सबै निरोध हुने धर्म हुन् । तिनीहरूले धर्मलाई दर्शन गरे, धर्मलाई प्राप्त



Downloaded from http://www.dhamma.digital

गरे, धर्मलाई राम्रो संग बुझेर, धर्मलाई साक्षात्कार गरे । तिनीहरू शंका रहित, कथोपकथन रहित भई, वैसारद्यलाई लाभ गरेर स्वतन्त्रता सहित भगवानसंग विन्ति गर्दै भने- भन्ते ! भगवानको शासनमा प्रव्रजित हुन पाऊँ र उपसम्पन्न हुन पाऊँ । आऊ, भिक्षुहरू हो ! स्वाख्यात (सुव्याख्यात) धर्ममा ब्रह्मचर्यलाई पालन गरेर सम्यक रूपले दुःखलाई अन्त गर । यही वचनानुसार तिनीहरूको उपसम्पदा भयो । ती भिक्षुहरूलाई भगवानले उपदेश सुनाउनु हुन्थ्यो, अनुशासन गर्नु हुन्थ्यो । तिनीहरूलाई उपदेश दिइन्दा, अनुशासन गरिन्दा आश्रवहरू चित्तबाट अनुत्पतित भई विमुक्त भए । त्यस समयमा एघार जना अर्हतहरू यस लोकमा भए ।

**चतुगिहि सहायक कथा निट्ठिता**

# पचास गृह मित्रहरूको कथा

आयुष्मान यशको ग्रामवासी पचास जना पुराना खान्दानका गृह मित्रहरूले सुनेर विचार गरे- त्यो धर्म विनय कमसलको होइन होला, त्यो प्रव्रज्या पनि कमसलको होइन होला जसमा कि यश कुलपुत्रले केश दाह्री खौरेर काषाय वस्त्र परिधान गरी गृहत्यागपूर्वक अनगारिक भई प्रव्रजित भए । यस विचार अनुसार तिनीहरू आयुष्मान यश कहाँ गएर अभिवादन गरेर यथास्थानमा बसे । ती पचास जना गृह मित्रहरूलाई भगवान भएको ठाउँमा आयुष्मान यशले लिएर गए । तिनीहरू भगवान कहाँ पुगेपछि भगवानलाई


Downloaded from http://www.dhamma.digital

अभिवादन गरी यथास्थानमा बसे । यथास्थानमा बसेपछि भगवानलाई आयुष्मान यशले भने- भन्ते ! यिनीहरू पचास जना पुराना खान्दानका कुलपुत्रहरू मेरो गृह मित्रहरू हुन् । यिनीहरूलाई भगवानले उपदेश गर्नु होस् र अनुशासन गर्नु होस् । तिनीहरूलाई भगवानले आनुपूर्वि कथाहरू सुनाउनु भयो । जस्तो कि-दान-कथा, शील-कथा, स्वर्ग-कथा, काम-विषयका दोष, क्लेशबाट मुक्त हुने र नैष्क्रम्यको आनिशंस प्रकाशित पार्नु भयो । जब उनीहरूको चित्त स्वच्छ, मृदु, आवरण रहित, हर्षित र प्रसन्न चित्त भएको देख्नु भयो तब भगवानले उठाउनु हुने जुन उपदेश हो अथवा धर्म देशना हो त्यो सुनाउनु भयो । जस्तै- दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य र दुःख निरोध गामिनी प्रतिपदा । शुद्ध नमैलिएको वस्त्रमा रंग रंगिए झैं तिनीहरूले त्यही आसनमा धूल रहित, मल रहित धर्म चक्षु उत्पन्न भयो । जति पनि समुदय धर्म हुन् ती सबै निरोध धर्म हुन् । तिनीहरूले दृष्ट धर्म, प्राप्त धर्म, विदित धर्म, धर्मलाई साक्षात्कार गरेर, शंका रहित, कथोपकथन रहित भएर, वैसारद्यलाई लाभ गरेर स्वतन्त्रतापूर्वक शास्ताको शासनमा भगवानसंग विन्ति गर्दै भने- भन्ते ! भगवानको शासनमा हामीहरू प्रव्रजित हुन पाऊँ र उपसम्पन्न हुन पाऊँ । आऊ, भिक्षुहरू हो ! स्वाख्यात धर्ममा ब्रह्मचर्य पालन गरेर सम्यक रूपले दुःख-लाई अन्त गर । यही वचनानुसार आयुष्मानहरूको उपसम्पदा भयो । तिनीहरूलाई भगवानले धार्मिक कथाहरू सुनाउनु हुँदा र अनुशासन गर्नु हुँदा आश्रवहरू चित्तबाट अनुत्पादित


Downloaded from http://www.dhamma.digital

भई विमुक्त भए । त्यस समयमा एकसट्ठी जना अर्हतहरू यस लोकमा भए ।

समस्त यी भिक्षुहरूलाई सम्बोधन गरी भगवानले भन्नु भयो– भिक्षुहरू हो ! दिव्य र मनुष्यहरूको जति पनि पाशो हो त्यसवाट म मुक्त छु । भिक्षुहरू हो ! तिमीहरू पनि जुन दिव्य र मनुष्यहरूको पाशो हो त्यसबाट मुक्त भएका छौ । यसकारण भिक्षुहरू हो ! वहुजन हित, वहुजन सुख, लोकानुकम्पार्थ देव–मनुष्यहरूको प्रयोजनको निम्ति, हितको निम्ति, सुखको निम्ति विचरण गर । एकसाथ दुई जना नजानु । भिक्षुहरू हो ! आदि–कल्याण, मध्य–कल्याण, अन्त-कल्याण हुने सार्थक सब्यञ्जन केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्यलाई प्रकाश पार । अल्प मैल भएका सत्त्वहरूले धर्म श्रवण गर्न नपाएर परिहानि भएका छन् । धर्म श्रवण गराउँदा जान्न सक्ने र बुझ्न सक्नेहरू हुनेछन् । भिक्षुहरू हो ! म पनि जहाँ उरूवेलाको सेनानी गाउँ हो त्यहाँ धर्म देशनार्थ जानेछु ।

पञ्चास गिहि सहायक कथा निट्ठिता

# मार कथा

एक दिन पापी मार जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गएर भगवानलाई भने–

जति पनि दिव्य र मनुष्यहरूको बन्धन हो त्यसमा तिमी बाँधिएका छौ । हे श्रमण ! मेरो यी महाबन्धनबाट तिमी छुट्न सकेका छैनौ ।



Downloaded from http://www.dhamma.digital

बुद्ध भन्नु हुन्छ- जति पनि दिव्य र मनुष्यहरूको बन्धन हो त्यसबाट म मुक्त छु । हे पापी मार ! म महा-बन्धनबाट मुक्त छु । तिमीलाई मैले निहत गरिसकें, अन्त गरिसकें ।

मारले भन्छ- अन्तरिक्षचारि विषय रूपी पाशोमा मानिसहरू पर्दछ । तिमीलाई पनि त्यसैमा बाँधिदिनेछु । श्रमण ! तिमी मबाट मुक्त हुन सक्ने छैनौ ।

बुद्ध भन्नु हुन्छ- जुन मनोरम रूप, शब्द, गन्ध, रस र स्पर्श हो । त्यसबाट मेरो मन बाँधिन्दैन । म त्यसबाट दूर भई सकेको छु । हे पापी मार ! तिमीलाई मैले निहत गरिसकें, अन्त गरिसकें ।

अनि पापी मारले, मलाई भगवानले जान्दछ, सुगतले मलाई चिन्दछ भनी दुःखी र दुर्मन भई त्यहीं अन्तर्धान भएर गए ।

मारकथा निट्ठिता ।

# त्रि शरणद्वारा उपसम्पदा

त्यस समयमा नाना दिशा, नाना जनपदबाट प्रव्रजित हुन इच्छुक, उपसम्पदा लिन इच्छुकहरूलाई लिएर भगवान-कहाँ आउँथ्यो । भगवानले तिनीहरूलाई प्रव्रजित गराउनु हुन्थ्यो, उपसम्पदा गराउनु हुन्थ्यो । विभिन्न दिशाका मानिसहरूलाई प्रव्रजित र उपसम्पन्न गराउनु ल्याउँदा भिक्षु-



Downloaded from http://www.dhamma.digital

हरूले दुःख पाउँथ्यो र प्रव्रजित इच्छुकहरूले पनि दुःख पाउँथ्यो। यस विषयलाई लिएर एकान्त स्थित भगवानले विचार गर्नु भयो– आजकाल नाना दिशा, नाना जनपदबाट प्रव्रजित हुन इच्छुक र उपसम्पन्न हुन इच्छुकहरूलाई लिएर म कहाँ आउँछन् र भन्छन्– भगवान ! यसलाई वा यिनीहरूलाई प्रव्रजित गराउनु होस्, उपसम्पदा गराउनु होस्। यसबाट भिक्षुहरूलाई पनि दुःख हुन्छन्, प्रव्रज्यापेक्षी उपसम्पदापेक्षीलाई पनि दुःख हुन्छन्। यो दुःखबाट मुक्त गर्नलाई भगवानले भिक्षुहरूलाई भन्नु भयो– तिमीहरूले नै त्यस त्यस दिशाका, त्यस त्यस जनपदकालाई प्रव्रजित गर, उपसम्पदा गर भनी अनुमति दिनु भयो।

भिक्षुहरू हो ! यस तरिकाले प्रव्रज्या गर्नु पर्छ, उपसम्पदा गर्नु पर्छ– पहिले केश र दाह्रीलाई खौरिन लगाई, काषाय वस्त्र पहिरिन लगाई, एकांश गरी उत्तरासंग पहिरिन लगाई, भिक्षुको पाउमा वन्दना गर्न लगाई दुई हात जोडेर विन्ति गर्न लगाई यसरो भन भनी भन्न लाउनु पर्छ– बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि। दुतियम्पि बुद्धं सरणं गच्छामि, दुतियम्पि धम्मं सरणं गच्छामि, दुनियम्पि संघं सरणं गच्छामि। ततियम्पि बुद्धं सरणं गच्छामि, ततियम्पि धम्मं सरणं गच्छामि, ततियम्पि संघं सरणं गच्छामि। भिक्षुहरू हो ! यो त्रि-शरण गमण द्वारा नै प्रव्रजित र उपसम्पदा गर्न।

**तीहि सरण गमनेहि उपसम्पदा कथा निट्ठिता**



Downloaded from http://www.dhamma.digital

# तीस भद्र वर्गीयहरूको कथा

वर्षा ऋतु पश्चात भिक्षुहरूलाई आमन्त्रण गर्दै भन्नु भयो– भिक्षुहरू हो ! मैले सही ढङ्गले मनन गरेको हुनाले, सहो ढङ्गले ध्यान गरेको हुनाले अनुत्तर विमुक्ति लाभ गरें । अनुत्तर विमुक्तिलाई साक्षात्कार गरें । भिक्षुहरू हो ! तिमी-हरूले पनि सही ढङ्गले मनन गरेर, सही ढङ्गले ध्यान गरेर अनुत्तर विमुक्तिलाई लाभ गर । अनुत्तर विमुक्तिलाई साक्षा-त्कार गर । त्यस बखतमा पापी मार भगवानकहाँ गएर भने- जुन दिब्य र मनुष्यको मार बन्धन हो त्यसमा तिमी बाँधि-एका छौ । श्रमण ! तिमी मारको बन्धनमा बाँधिएको हुनाले मबाट मुक्त हुन सकेका छैनौ ।

भगवानले भन्नु भयो– जुन दिब्य र मनुष्यको मार बन्धन हो त्यसबाट म मुक्त छु । हे पापी मार ! म मारको बन्धनबाट मुक्त छु, तिमीलाई मैले निहत गरी सकें, अन्त गरी सकें । भगवानले मलाई जान्नु हुन्छ, चिन्नु हुन्छ सुगतले मलाई भनो पापी मार दुःखी र चिन्तित भएर त्यहीं अन्त-र्धान भएर गयो ।

वाराणसीमा भगवान इच्छानुसार विहार गर्नु भए-पछि जहाँ उरुबेला हो त्यहाँ चारिकार्थ जानु भयो । भगवानले आफू हिड्नु भएको बाटोलाई छाडेर जहाँ वन खण्ड थियो त्यस तर्फ लाग्नु भयो र त्यस वनको कुनै एउटा रूखको मुनो बस्नु भयो । त्यस समयमा तीस जना भद्र वर्गीय साथीहरू आ–आफ्ना स्त्रीहरूका साथमा त्यस वन खण्डमा वन



Downloaded from http://www.dhamma.digital

विहारका निम्ति आएका थिए । तर एकजनाको आफ्नो श्रीमती थिएन त्यसैले उसको लागि एकजना गणिका साथमा लिएर आएको थियो । ती भद्र वर्गीयहरू मदमस्त भई घुम-फिर गरी रहँदा मौका पारी गणिकाले गहना वस्त्रहरू लिएर भागिन् । गहना वस्त्र लिएर भागेको गणिकालाई समात्न भनी खोज्दै जाँदा त्यस वनखण्डको एउटा वृक्ष मुनि भगवान बसिरहनु भएको तिनीहरूले देखे । देखेपछि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गएर भगवानसंग सोधे- भन्ते ! भगवानले एकजना स्त्रीलाई यहाँ देख्नु भयो ? कुमारहरू हो ! स्त्रीलाई किन खोजिहिंडेको ? भन्ते ! हामीहरू तीस जना मध्ये एक जनाको स्त्री थिएन । उसको निम्ति हामीले एउटी गणिका ल्याएको थिएँ । ती गणिकाले हामीहरू मदमस्त भई घुमफिर गरिरहेको मौका पारेर हाम्रो गहना सहित वस्त्र लिएर भागिन् । यसकारण भन्ते ! आ-आफूले गर्नु पर्ने कर्तव्य अनुरूप ती स्त्रीलाई खोज्दै यस वनखण्डमा आई पुग्यौं ।

त्यसो भए हे कुमार हो ! तिमीहरूलाई कुन उत्तम जस्तो लाग्छ ? स्त्रीलाई खोज्नु उत्तम कि आफूले आफूलाई नै खोज्नु उत्तम ? भन्ते ! आफूले आफूलाई नै खोज्नु उत्तम । त्यसो भए कुमारहरू हो ! यहाँ बस । तिमीहरूलाई मैले धर्मको कुरा सुनाउने छु । हवस् भन्ते ! भनी ती कुमारहरूले भगवानलाई अभिवादन गरी यथास्थानमा बसे । तिनीहरू-लाई भगवानले आनुपूर्वि कथाहरू सुनाउनु भयो- दान-कथा, शील-कथा, स्वर्ग-कथा, काम-विषय भोगको दुष्परिणाम,



Downloaded from http://www.dhamma.digital

क्लेशबाट मुक्त र नैष्क्रम्यको फललाई प्रकाशित पार्नु भयो। भगवानले जब तिनीहरूको चित्त स्वच्छ, मृदु, आवरण रहित चित्त, हर्षित चित्त र प्रसन्न चित्त देख्नु भयो तब बुद्धले उठाउनु हुने जुन कुरा अथवा धर्म देशना हो त्यो प्रकाशित पार्नु भयो। दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य र दुःख निरोध गामिनी प्रतिपदा सत्य। मैल रहित शुद्ध वस्त्रमा रंग रंगिने झैं तिनीहरूलाई त्यही आसनमा धूल रहित, मैल रहितको धर्म चक्षु उत्पन्न भयो। जति पनि समुत्पतित धर्म (पदार्थ) हुन् ती सबै निरोध धर्म हुन्। तिनीहरूले दृष्ट धर्म, प्राप्त धर्म, साक्षात्कृत धर्म, शंका रहित कथोपकथन रहित, वैसारद्यलाई लाभ गरी स्वतन्त्रतापूर्वक शास्ताको शासनमा भगवानसंग प्रार्थना गरे– भन्ते ! भगवानको समक्ष हामी प्रव्रजित हुन पाऊँ। उपसम्पदा लिन पाऊँ। आऊ भिक्षुहरू हो ! स्वाख्यात धर्ममा ब्रह्मचर्य पालन गर अनि सम्यक रूपले दुःखलाई अन्त गर भनी भगवानले भन्नु भयो। यही वचनानुसार आयुष्मानहरूको उपसम्पदा भयो।

भद्दवग्गिय सावकानं वत्थु निट्ठितं

# उरुवेल काश्यप कथा

क्रमानुसार चारिका गर्नु हुँदै भगवान उरूवेलामा पुग्नु भयो। त्यस वखत उरूवेलामा तीन जना जटिलहरू बस्दथे। तिनीहरूको नाउँ उरूवेल काश्यप, नदी काश्यप र गया काश्यप थिए। यिनीहरू मध्ये उरुवेल काश्यप पाँचसय


Downloaded from http://www.dhamma.digital

जना जटिलहरूको नायक, विनायक, अग्र प्रमुख र प्रामुख्य थिए। नदी काश्यप तीनसय जना जटिलहरूको नायक, विनायक, अग्र, प्रमुख र प्रामुख्य थिए। गया काश्यप दुईसय जना जटिलहरूको नायक, विनायक, अग्र प्रमुख र प्रामुख्य थिए।

यी तीन जटिलहरूलाई बोध गर्नका निम्ति भगवान उरुवेल काश्यपको आश्रममा जानु भई वहाँले उरुवेल काश्यपलाई भन्नु भयो– काश्यप ! यदि तिमीलाई भार नभएमा तिम्रो अग्निगारमा एकरात बास बस्नलाई आएको हुँ। महाश्रमण ! मलाई कुनै भार छैन। तर त्यहाँ ऋद्धिवान नाग, घोर विष भएको चण्ड नागराज छ। कतै त्यो नागराजले तिमीलाई कष्ट नदियोस्। दोश्रो पटक पनि भगवानले उरुवेल काश्यपलाई भन्नु भयो– काश्यप ! यदि तिमीलाई भार नभएमा अग्निगारमा म एक रात बिताउँछु। मलाई कुनै भार छैन। तर त्यहाँ शक्तिवान, घोर विषधारी नागराजले तिमीलाई हानी नपुऱ्याओस्। तेश्रो पटक पनि भगवानले भन्नु भयो– काश्यप ! यदि तिमीलाई भार नभएमा तिम्रो त्यो अग्निगारमा एक रात बिताउन चाहन्छु। महाश्रमण ! मलाई कुनै भार छैन। तर त्यहाँ शक्तिवान, घोर विषधारी नागराजा छ। कहीं तिमीलाई त्यसले दुःख नदिइयोस्। मलाई नागले कुनै हानी गर्ने छैन केवल तिमीले मलाई त्यहाँ बस्नलाई वचन देऊ। महाश्रमण ! सुखपूर्वक बस। भगवान अग्निगारमा प्रवेश गर्नु भई



Downloaded from http://www.dhamma.digital

तृणासन बिच्छ्याउनु भई, पलेति कसी, शरीरलाई सीधा राखेर स्मृतिलाई सन्मुखमा राखी ध्यानमा बस्नु भयो।

भगवान भित्र प्रवेश गर्नु भएको नागराजले देखेर दुःखी क्रोधित भई त्यस ठाउँलाई धुँवा पार्न थाल्यो। यस पछि भगवानले विचार्नु भयो– मैले यो नागराजको छाला, मांस, स्नायु, हड्डि र जीउ ज्यानलाई कुनै धक्का नपुऱ्याई तेजले तेजलाई किन नखिचुँ? यही विचार अनुसार ऋद्धिद्वारा धुवाँ लाउनु भयो। नागराजले सहन नसकी क्रोधित भएर अग्नि प्रज्वलित गरे। भगवानले पनि तेजो धातुको भावना गर्नु भई झन प्रज्वलित पार्नु भयो। दुवैको प्रज्वलित भएको कारणले अग्निगार आगो डन्किएको झैं सम्प्रज्वलन, सज्वलन झैं भयो। ती जटिलहरूले अग्निगारलाई चारैतिर घेरेर कराउन थाले– महाश्रमण, अभिरूप सम्पन्न थियो। नागले महाश्रमणलाई हत्या गऱ्यो। त्यस रात बितेपछि भगवानले त्यस नागको छाला, मांस, स्नायु र हाडलाई तेजले तेजलाई खिची पात्रमा राखेर उरुवेल काश्यपलाई देखाउनु भयो। हे काश्यप! यो तिम्रो नागराजलाई मैले तेजद्वारा तेजलाई खिचिलिएर दमन गरें। यो देखेर उरुवेल काश्यप जटिललाई विचार भयो– महाश्रमण, महान ऋद्धिवान, महान आनुभाव सम्पन्न भएको हुनुहुन्छ। यस्तो भयंकर साँप, घोर विषधारी नागराजलाई तेजद्वारा तेजलाई खिचेर लियो। तर यिनी म जस्तो अर्हत होइन।

नैरञ्जनामा भगवानले उरुवेल काश्यप जटिललाई भन्नु हुन्छ –



Downloaded from http://www.dhamma.digital

यदि भार नभएमा तिमीलाई हे काश्यप !
बस्न चाहन्छु, एक रात अग्निशालामा !

उरुवेल –
महाश्रमण ! छैन भार केही मलाई,
चाहन्छु रोक्न तिम्रो भलाइको लागि,
स्वभावको चण्ड छ त्यो नागराज,
घोरविषधर र शक्ति सम्पन्न छ त्यो साँप ।

भगवान –
हुने छैन केही पनि मलाई,
देऊ वचन तिमीले बस्न मलाई अग्नि शालामा ।
वचन लिएर निर्भिकपूर्वक प्रवेश गर्नु भयो वीर,
प्रविस्त ऋषिलाई देखी भए क्रोधित, फैलाए धुवां ।
सुन्दर, शान्त चित्त भएका मनुष्य नागले पनि फैलाए धुवां,
सकेन सहन क्रोधित नागले, गर्‍यो प्रकट प्रज्वलन ।
तेजो धातुको कुशल, मनुष्य नागले पनि प्रकट गर्नु भयो
झन सप्रज्वलन ।
दुवैको प्रज्वलन शक्तिले भयो झन उदिप्त अग्निशाला
थाल्छन्– कराउन जटिलहरू–
विनाश भयो रे, अति सुन्दर महाश्रमण !
विते रात, रहेन नागको तेज ।
अनुष्ठित ऋद्धिवानको थियो अनेक वर्णको रश्मि
नीलो, रातो, सेतो, पहेंलो र कलेजी रंगका रश्मि वर्ण,
शरीरको अङ्ग अङ्गबाट थियो फिजिन्दै अनेक रश्मि ।


Downloaded from http://www.dhamma.digital

राख्नु भयो पात्रभित्र नाग, देखाउनु भयो ब्राह्मणलाई, काश्यप! यही नै त्यो नाग हो, तेजद्वारा खिचिलिए तेजलाई ।

उरुवेल काश्यप जटिलले भगवानको यस्तो ऋद्धि प्रातिहार्यद्वारा अभिप्रसन्न भएर भगवानलाई भने– नित्य गर्नेछु प्रदान भोजन । महाश्रमण ! बस तिमी यहीं नै ।

२– उरुवेल काश्यपको नजिकै कुनै एक जंगलमा भगवान बस्नु हुन्थ्यो । त्यस समयमा अति सुन्दर वर्ण भएका चार लोकपाल देवगणहरूले रातको समयमा ज्योति फिजाएर त्यस वनलाई नै प्रज्वलित गरेर जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गएर भगवानलाई अभिवादन गरी चारै दिशामा गएर बसे । चारै दिशामा बस्न गएका ती लोकपाल देवहरू महान अग्निस्कन्ध जस्तै थियो ।

त्यस रात बितेपछि उरुवेल काश्यप जटिल भगवान कहाँ गएर भने– महाश्रमण ! भोजन तयार भयो, भोजनको समय भयो । महाश्रमण रातको समयमा अति सुन्दर वर्ण भएका, वनलाई नै उज्ज्वलित पारेर तिमीकहाँ आएर अभिवादन गरी महान् अग्निस्कन्ध झैं चारै दिशा तिर गएर बसे । तिनीहरू को हुन् ?

काश्यप ! तिनीहरू चार लोकपाल देवहरू हुन् । धर्म श्रवणार्थ मकहाँ आएका हुन् । यो सुनेर उरुवेल काश्यपले मनमा विचार गरे- महान् ऋद्धिवान, महा आनुभाव भएका महाश्रमण कहाँ चार लोकपाल देवहरू धर्म श्रवणार्थ आउँदछन् । तर म जस्तो अर्हत होइन । उरुवेल



Downloaded from http://www.dhamma.digital

काश्यपकहाँ भोजन गरी सकेपछि त्यही वनमा नै वस्नु भयो ।

३- अति सुन्दर वर्ण भएको देवेन्द्र शक्र रातको समयमा ज्योति फिंजाउँदै सारा वनलाई नै उज्ज्वलित गरेर भगवान भएका ठाउँमा गएर अभिवादन गरी यथायोग्य-स्थानमा बसे । पहिलेको भन्दा पनि महान् अग्निस्कन्ध वर्णले पनि अति सुन्दर श्रेष्ठोत्तम थियो । उरुवेल काश्यपले त्यो रात वितेपछि भगवानकहाँ गएर भने-- महाश्रमण ! भोजन तयार छ भोजनको समय पनि भयो ।

महाश्रमण ! हिजो राती ज्योति फैलाउँदै अति सुन्दर वर्ण भएका सारा वनलाई नै उज्ज्वलित गरेर तिमीकहाँ आएर अभिवादन गरेर यथायोग्यस्थानमा बसे । तिनको ज्योति पहिलेको भन्दा पनि महान् अग्निस्कन्ध जस्तै थियो । वर्णले पनि अति सुन्दर र श्रेष्ठोत्तम थियो । तिनी को हुन् ? तिनी देवेन्द्र (इन्द्र) हुन् । धर्म श्रवणार्थ मकहाँ आएको थियो । यो सुन्दा उरुवेल काश्यपलाई यो बिचार आयो- महा ऋद्धिवान, महा आनुभाव भएका महा श्रमणकहाँ देवेन्द्र शक्र पनि आउँदछन् । तर म जस्तो अर्हत होइन । भगवानले उरुवेल काश्यपकहाँ गएर भोजन गरेपछि त्यही वनमा जानु भयो ।

४-- अति सुन्दर वर्ण भएका सहम्पति ब्रह्म रातमा ज्योति फैलाउँदै सारा वनलाई नै उज्ज्वलित गरेर भगवान कहाँ गएर अभिवादन गरी यथास्थानमा बसे । यी महाब्रह्माको



Downloaded from http://www.dhamma.digital

प्रकाश (ज्योति) पहिलेको भन्दा पनि महा अग्निस्कन्ध जस्तै थियो। वर्णले पनि अति सुन्दर र श्रेष्ठोत्तम थियो। उरुवेल काश्यप, त्यस रात वितेपछि भगवानकहाँ गएर भने– महाश्रमण! भोजन तयार छ, भोजनको समय पनि भयो।

महाश्रमण! हिजो राती ज्योति फैलाउँदै अति सुन्दर वर्ण भएका, सारा वनलाई नै उज्ज्वलित पारेर तिमी भए ठाउँमा आई अभिवादन गरी यथास्थानमा बसे। यिनको ज्योति पहिलेको भन्दा पनि महा अग्निस्कन्ध जस्तो थियो। वर्णले पनि अति सुन्दर र श्रेष्ठोत्तम थियो। तिनी को थिए? तिनी सहम्पति ब्रह्मा थिए। धर्म श्रवणार्थ मकहाँ आएका थिए। यो सुन्दा उरुवेल काश्यपलाई यस्तो लाग्यो– महा-ऋद्धिवान, महानुभाव भएका महाश्रमणकहाँ धर्म श्रवणार्थ सहम्पति ब्रह्मा पनि आउँदो रहेछ तर पनि म जस्तो अर्हत होइन। उरुवेल काश्यपको आश्रममा भोजन पश्चात त्यही वनमा नै जानु भयो।

५– एक दिन उरुवेल काश्यप जटिलकहाँ महायज्ञ गर्ने समय आएको थियो। अङ्ग र मगधका सबै जसोले खाद्य भोज्य लिएर आउने दिन थियो। तव उरुवेल काश्यपको मनमा विचार उठ्न थाल्यो- अव महायज्ञ गर्ने समय नजि-किदै आउँदैछ। समस्त अङ्ग र मगधकाले धेरै खाद्य भोज्य लिएर आउने छन्। यदि महाश्रमणले मानिसहरूको बीचमा चमत्कार (प्रातिहार्य) देखाएमा महाश्रमणलाई लाभ सत्कार वृद्धि हुनेछ। मेरो भने लाभ सत्कार घट्ने छ। भोलि एक दिन महाश्रमण नआई दिएमा असल हुने थियो। उरुवेल


Downloaded from http://www.dhamma.digital

काश्यप जटिलको विचारलाई भगवानले बुझ्नु भएर उत्तर कुरुमा जानु भई त्यहाँ पिण्डपात (भोजन) भिक्षा लिएर अनोतप्त दहमा जानु भई भोजन गर्नु भयो। त्यहीं नै दिवा विहार गर्नु भयो। आफ्नो महायज्ञ सिद्धिएपछि भोलिको दिन भगवानकहाँ गएर भने– महाश्रमण ! भोजन तयार छ। भोजनको समय पनि भयो। महाश्रमण ! हिजो तिमी किन आएनौ ? मैले भने तिमीलाई हिजो सम्झिरहेको थिएँ। महाश्रमण किन नआएको होला भनी खाद्य भोज्य भाग लगाएर राखेको थिएँ।

भगवानले भन्नु भयो– काश्यप ! मकहाँ महायज्ञ हुनेछ। समस्त अङ्ग र मगधकाले प्रचुर खाद्य भोज्य लिएर आउनेछन्। यदि महाश्रमणले उपस्थित जन समुदायहरूलाई ऋद्धि प्रातिहार्य देखायो भने महाश्रमणको लाभ सत्कार बृद्धि हुनेछ। मलाई भने लाभ सत्कार घट्ने छ। यदि भोलि एकदिन महाश्रमण नआई दिए हुन्थ्यो भन्ने तिम्रो मनमा विचार भएको थियो होइन र ? त्यसैले काश्यप, तिम्रो विचारलाई मैले आफ्नो चित्तद्वारा जानेर उत्तर कुरुमा गई पिण्डपात लिएर अनातप्त दहमा गएर भोजन गरी, दिवा विहार गरेर त्यहीं बिताएँ। यो कुरा सुनेर उरुवेल काश्यपले विचार गरे– महाश्रमण महाऋद्धिवान र महानुभावका हुन्। जसमा कि मेरो चित्तको विचारलाई चित्तद्वारा जान्नु हुन्छ। तर यहाँ म जस्तो अर्हत होइन। भगवानले उरुवेल काश्यपको आश्रममा गएर भोजन पश्चात त्यही वनमा विहारको निम्ति जानु भयो।


Downloaded from http://www.dhamma.digital

६– त्यस समयमा भगवानले प्राप्त गर्नु भएको पांशुकुल (बाटोमा फ्यांकेको कपडा अथवा कही फोहर मल - मा थुपारेर राखेको कपडा) को चीवर थियो । त्यसकारण भगवानको मनमा भयो यो मेरो पाशुकुल चीवरलाई कहाँ धोऊँ ? त्यस बखतमा देवेन्द्र शक्रले भगवानको चित्तलाई जानेर पानीको पोखरी खनेर भगवानलाई भने– भन्ते ! भगवानले यहाँ पांशुकुल चीवर धुनुहोस् । फेरी भगवानको मनमा विचार आयो– यो पांशुकुललाई कहाँ परिमर्दन् गरूँ ? देवेन्द्र शक्रले भगवानको विचारलाई जानेर पांशुकुल परिमर्दन गर्नको लागि् ठूलो ढुङ्गा उत्पन्न गनेर भने– भन्ते ! भगवानले पांशुकुललाई यो ढुङ्गामा परिमर्दन गर्नुस् । फेरी भगवान-लाई यस्तो विचार आयो– केलाई समातेर म पोखरीमा झरूँ ? ककुध भन्ने वृक्षमा बस्ने देवताले भगवानको मनो-भावलाई बुझेर त्यस वृक्षको शाखालाई झुकाई दियो । भन्ते! भगवानले यो शाखालाई समातेर तल पोखरीमा जानुस । पुनः भगवानले विचार गर्नु भयो । यो पांशुकुललाई कहाँ सुकाऊँ ? देबेन्द्र शक्रले भगवानको मनोभावनाई बुझेर लुगा सुकाउन हुने ठूलो ढुङ्गा प्रकट गरेर भने– भन्ते ! भगवानको पांशुकुल यो ढुङ्गामा सुकाउनु होस् ।

त्यस रात बितेपछि भगवानकहाँ गएर भने– भन्ते ! भोजनको समय भइसक्यो, भोजन तयार छ । महाश्रमण ! पहिले यहाँ पोखरी थिएन, अहिले पोखरी देखिंछ, पहिले यहाँ ढुङ्गा थिएन, कस्ले यो ढुङ्गा राख्यो ? पहिल यो ककुध



Downloaded from http://www.dhamma.digital

वृक्षको शाखा लच्केको थिएन, अहिले लच्किरहेको देख्दैछु, क्या हो यो सब ?

काश्यप ! यो सबै मेरो मनोभावलाई बुझेर देवेन्द्र शक्र र यो ककुध वृक्षमा बस्ने देवहरूद्वारा निर्माण गरिदिएको हो । यो सब हिजो मात्र निर्मित भएको हो । यो कुरा सुनेर उरुवेल काश्यप जटिलको मनमा बिचार आयो– महाश्रमण, महान् ऋद्धिवान र महानुभाव सम्पन्न व्यक्ति हुन् । जस्मा कि देवेन्द्र शक्र र देवताले पनि वहाँलाई सेवा गर्न आउँदछन् । तर यिनी म जस्तो अर्हत होइन । तत्पश्चात उरुवेल काश्यपको भोजन दान लिएर खानु भएपछि त्यही वन खण्डमा जानु भई बिहार गर्नु भयो ।

७– भोलिको दिन उरुवेल काश्यप भगवानकहाँ गएर समयको सूचना दिन्दै भने– महाश्रमण ! भोजनको समय भई सक्यो । भोजन तयार छ ।

काश्यप ! तिमी जाँदै गर । म आउनेछु । उरुवेल-लाई जान लगाई, भगवान जम्बुद्वीप जानु भई, त्यहाँ फलेको जम्बु फल लिनु भई उरुवेल भन्दा पनि पहिले नै अग्नि-शालामा बसिरहनु भयो । उरुवेलले अग्निशालामा भगवान-लाई देखेर सोधे- महाश्रमण ! तिमी कुन मार्गबाट आयौ ? काश्यप ! तिमीलाई पठाएपछि म जम्बुद्वीपमा गएर त्यहाँ फलेको यो जम्बु फल टिपेर ल्याई तिमी भन्दा पहिले नै म यहाँ अग्निशालामा आएर बसें । काश्यप ! यो जम्बु फल वर्ण सम्पन्न छ, गन्ध सम्पन्न छ अनि रस पनि सम्पन्न छ ।


Downloaded from http://www.dhamma.digital

यदि खान इच्छा भएमा खाऊ। महाश्रमण ! भो, भै गयो। तिमीले ल्याएको तिमी आफै खाऊ। उरुवेलले विचार गरे– महाश्रमण, महान् ऋद्धिवान र महानुभाव सम्पन्न छन्। जसमा कि जम्बुद्वीप गइकन जम्बु फल लिएर म भन्दा पनि पहिले नै यस अग्निशालामा आएर बसे। तर यिनी म जस्तो अर्हत होइन। उरुवेल काश्यपकहाँ भोजन पश्चात त्यही वनमा नै विहार गर्न जानु भयो।

८– उरुवेल काश्यपले त्यस रात वितापछि भगवान कहाँ गएर भने– महाश्रमण ! भोजनको समय भई सक्यो। भोजन तयार छ। तिमी जाँदै गर म आउनेछु भनी उरुवेल काश्यपलाई पठाई जम्बुद्वीपमा जानु भएर जम्बु फल वृक्षको नजिक भएको अम्बक ... पे... त्यसको नजिकै भएको अमला ... पे ..., त्यसको नजिकै भएको हर्रा ... पे ..., त्रावतिस देवलोक जानु भएर परिच्छत्त पुष्प लिएर उरुवेल काश्यप भन्दा पनि पहिले नै आउनु भएर अग्निशालामा वसिरहनु भयो। उरुवेल काश्यपले अग्निशालामा पहिले नै आउनु भएको देखेर सोधे– महाश्रमण ! तिमी कुन मार्गबाट आयौ? भगवानले उरुवेल काश्यपलाई आफू पहिले नै आएर बसेको उक्तानुसारको कुरा सुनाउनु भयो। महाश्रमण, महान् ऋद्धिवान र महानुभाव सम्पन्न छन्। तर यिनी म जस्तो अर्हत होइन।

१२– एक दिन जटिलहरूले आगो बाल्न काठहरू चिर्न वा फार्न सकेको थिएन। त्यसैले ती जटिलहरूले बिचार



Downloaded from http://www.dhamma.digital

गरे– अवश्य पनि महाश्रमणको ऋद्धि र आनुभावद्वारा यो काठहरू चिर्न वा फार्न नसकेका हौं । अनि भगवानले उरुवेल काश्यपलाई भन्नु भयो– काश्यप ! काठहरूलाई चिर्नु वा फार्नु पऱ्या ? हो महाश्रमण काठहरू चिरिदेऊ । पाँचसय मुढा काठहरू भगवानले एकै प्रहारद्वारा चिरा चिरा पारेर दिनु भयो । उरुवेल काश्यपले सोचे– महाश्रमण, महान् ऋद्धिवान र महानुभाव सम्पन्न छन् । यत्रो बिना मुढका काठहरू एकै प्रहारद्वारा चिरा चिरा पार्नु भयो । तर म जस्तो अर्हत त होइन ।

१३– एक दिनको कुरा हो, ती जटिलहरूले आगो बाल्न सकेको थिएन । ती जटिलहरूले विचार गरे– निःशंसय महाश्रमणको ऋद्धि र आनुभावद्वारा हामीले आगो बाल्न नसकेका हौं । यस्तो अवस्थामा उरुवेल काश्यपलाई भगवान-ले भन्नु भयो– काश्यप ! के आगो बाल्नु पऱ्यो ? हा, महाश्रमण ! आगो बाल्नु पऱ्यो । त्यसै बखत एकसाथमा ५०० चूल्हामा आगो बल्यो । उरुवेलले सोचे– महाश्रमण, महान् ऋद्धिवान र महानुभाव सम्पन्न छन् । जसमा कि त्यसै बखत एकसाथमा पाँचसय चूल्हामा आगो बल्यो । तर यिनी म जस्तो अर्हत होइन ।

१४– कुनै एक दिन, बलिरहेको आगोलाई निभाउन सकेको थिएन । जटिलहरूले सोचे– निःशंसय महाश्रमणको ऋद्धि र आनुभावद्वारा नै हामीले आगोलाई निभाउन नसकेका हौं । त्यस अवस्थालाई देख्नु भएर भगवानले भन्नु



Downloaded from http://www.dhamma.digital

भयो– काश्यप ! के आगोलाई निभाउनु पर्‍यो ? हो, निभाउनु पर्‍यो । महाश्रमणले एकै पटकमा ५०० चुल्हाको आगो निभाई दिनु भयो । यसतो देखेर उरुवेलले सोचे– महाश्रमण, महान् ऋद्धिवान र महानुभाव सम्पन्न व्यक्ति हो । तर यिनी म जस्तो अर्हत् होइन ।

१५– शीतकालिन माघ महिनाको अन्त चार रात र फागुन महिनाको पहिलो चार रात जम्मा आठ रात नैरञ्जना नदीमा डुबुल्की लाएर उट्दै, उट्दै डुबुल्की लाउदथ्या । त्यस अवसरमा भगवानले ५०० अँगेठीमा (योग बलद्वारा, आगो बालेर राख्नु भयो । जसमा कि ती जटिलहरू पानीबाट निस्कदा आगो ताप्न सकोस् । अनि ती जटिलहरूले सोचे कि निःसंशय ...... (माथिकै दोहराउने) — ।

१६– एकदिन महा अकाल मेघ वर्‍यो । महा बाढी आयो । जुन प्रदेशमा भगवान बस्नु हुन्थ्यो त्यस ठाउँमा पानीले डुब्न थाल्यो । अनि भगवानले विचार गर्नु भयो– किन मैले पानीलाई चारै तिर हटाई मध्यस्थ भागको धूलियुक्त भूमिमा चङ्क्रमण नगरौं ? आफ्नो विचार अनुसार नै पानीलाई चारै तिर हटाई मध्यस्थ भागमा धूलियुक्त भूमिमा टहल्नु भयो । यता उरुवेल काश्यप जटिलले यो पानीको बाँधले कतै महाश्रमणलाई बगाएर लगेनन् होला भन्ने सोचेर नाउमा बसेर अनेकौं जटिलहरू सहित जुन प्रदेशमा भगवान विहर्नु हुन्थ्यो त्यस प्रदेश तिर लागे । त्यहाँ पुग्दा उरुवेल काश्यप जटिलले देखे कि पानीलाई चारै तिरबाट हटाएर


Downloaded from http://www.dhamma.digital

मध्यस्थ भूभागमा, धूलि युक्त भूमिमा भगवान तहल्दै रहनु भएको अनि उरुवेल काश्यपले भगवानसंग सोधे–महाश्रमण ! तिमी यहीं नै छौ ? हो, काश्यप म यहीं नै छु भन्नु भएर आकाश मार्गबाट नौकामा गएर बस्नु भयो । उरुवेल काश्यपले सोचे निःशसय ... ... ।

उरुवेल काश्यपको त्यस्तो विचारलाई भगवानले बुझनु भएर सोच्नु भयो– यो मोघ (मूर्ख) पुरुषले चिरकाल देखि नै विचार्दछ कि महाश्रमण, महान् ऋद्धिवान र महानुभाव सम्पन्न हुनुहुन्छ । तर यिनी म जस्तो अर्हत् होइन । अब किन मैले यो जटिलको मनमा संवेग जागृत नगराऊँ ? यस विचारानुसार उरुवेल काश्यपलाई भगवानले भन्नु भयो- काश्यप ! न त तिमी अर्हत हौ, न त अर्हत मार्गमा नै समापन्न भएका छौ। तिमी अर्हत मार्गमा लागेका नै छैनौ । जसमा कि तिमीले अर्हत् हुनु र अर्हत मार्गमा आरूढ हुने सुन्नसम्म पनि पाएका छैनौ । भगवानले यस प्रकारले कुरा सुनाउनु भएपछि उरुवेल काश्यप जटिलले भगवानको पाउमा शोर झुकाएर प्रार्थना गरे– भन्ते ! भगवानको सन्मुखमा प्रव्रजित हुन पाऊँ र उपसम्पदा लिन पाऊँ ।

काश्यप ! तिमी पाँच सय जटिलहरूको नायक, विनायक, अग्र, प्रमुख र प्रामुख्य हौ । यसकारण तिनीहरूको (शिष्यहरूको) मनोभावलाई हेर र तिनीहरूको विचार जानेर मात्र त्यस अनुरूप गर । भगवानको वचनलाई स्वीकार गरेर उरुवेल काश्यप तो जटिलहरूकहाँ गएर भने– शिष्यहरू



Downloaded from http://www.dhamma.digital

हो ! महाश्रमणको शासनमा म ब्रह्मचर्यको चर्या गर्न चाहन्छु। तिमीहरूको विचारले जे गर्न मन लाग्छ त्यही गर। चीरकाल देखि नै हामीहरू महाश्रमणप्रति प्रसन्न थियौं। यदि तपाई महाश्रमणको शासनमा ब्रह्मचर्यको चर्या गर्न चाहनु हुन्छ भने हामो सबै नै वहाँको धर्ममा ब्रह्मचर्यको चर्या गर्नेछौं।

तो जटिलहरू भगवानको धर्म ग्रहण गर्नको लागि आफ्नो समस्त केश, दाह्री खौरी, झोला, घ्यूको थैकि, अग्निहोत्रको समस्त सामानहरू पानीमा बगाएर पठाई दिए। तिनीहरू सबै भगवान भए ठाउँमा पुगेर भगवानको पाउमा शीरले ढोक गरेर भने– भन्ते ! भगवानको सम्मुखमा हामीहरूले प्रब्रजित हुन पाऊँ र उपसम्पदा ग्रहण गर्न पाऊँ। आऊ भिक्षुहरू हो ! स्वाख्यात यस धर्ममा ब्रह्मचर्यको पालन गरेर सम्यक रूपले दुःखलाई अन्त गर भनी भगवानले भन्नु भयो। यही वचनानुसार ती आयुष्मानहरूको उपसम्पदा भयो।

नदी काश्यपले, समस्त जटा, दाह्री, झोला, घ्यूको थेकी, अग्निहोत्रका समस्त सामानहरू पानीमा बग्दै आएको देखेर विचार गर्‍यो– ला...... । मेरो दाईलाई कुनै अनिष्टत भएन होला ? जाऊ, तिमीहरू गएर मेरो दाईको अवस्था बुझेर आऊ भनेर जटिलहरूलाई पठाएँ। तिनीहरू गएर उरूवेल काश्यप जटिल सहित सबैजना बुद्ध धर्म ग्रहण गरी बनेको देखेर नदी काश्यपलाई त्यो खवर सुनाए। नदी काश्यप पनि स्वयं त्यहाँ गएर आयुष्मान उरूवेल काश्यपसंग



Downloaded from http://www.dhamma.digital

सोधे– दाई, काश्यप ! के यही धर्म नै उत्तम छ ? हो, भाई ! यही धर्म नै उत्तम छ । अनि ती जटिलहरूले पनि आ–आफ्ना समस्त सामानहरू नदीमा प्रवाहित गरी भगवानको सम्मुख-मा गएर वहाँको पाउमा शीरले ढोक गरी प्रार्थना गरे– भन्ते ! भगवानको सन्मुखमा हामीहरूले प्रब्रजित र उप-सम्पदा पाऊँ । आऊ, भिक्षुहरू हो ! स्वाख्यात यस धर्ममा ब्रह्मचर्य पालन गरेर सम्यक रूपले दुःखलाई अन्त गर भनी भगवानले भन्नु भयो । तिनीहरू यही वचनद्वारा उपसम्पदा प्राप्त गरेको भयो ।

गया काश्यप जटिलले पनि समस्त जटा, दाह्री, झोली, घ्यूको थेकी र अग्निहोत्रका सरसामानहरू पानीमा प्रवाहित हुँदै आएको देखेर सोच्न थाले कि मेरो दाईलाई कुनै अनिष्टत भएन ? आफ्ना शिष्यहरूलाई साथमा लिएर त्यहाँको अवस्था बुझ्न गए । आफू सहित दुईसय जटिलहरू गएर त्यहाँको अवस्था र कारण बुझी सोधे– दाई, काश्यप ! के यही नै उत्तम धर्म हो ? हो, भाई ! यही नै उत्तम धर्म हो । तिनीहरूले पनि आफ्ना ऋषिभावलाई त्यागेर समस्त सरसामानहरू नदीमा प्रवाहित गराई भगवानकहाँ गएर पाउमा शीरले ढोग गरी बिन्ति गरे– भन्ते ! भगवानको सन्मुखमा हामीहरू प्रब्रजित हुन पाऊँ र उपसम्पदा पाऊँ । आऊ, भिक्षुहरू हो ! स्वाख्यात धर्ममा ब्रह्मचर्यको पालन गरेर सम्यक रूपले दुःखलाई अन्त गर भनी भगवानले भन्नु भयो । यही वचनद्वारा नै तिनीहरूको उपसम्पदा भयो ।



Downloaded from http://www.dhamma.digital

चिनु भयो पंचसत अधिष्ठानद्वारा भगवानले,
चिरेको काठ जलाइयो अग्नि, जलेको अग्नि निभाइयो।
नजलिएको अगेठीमा अभिनिर्मित गर्नु भयो पंचसत घूणी
हुन्छ, पंचसत पंचसत दुई सहश्र प्रातिहार्य।

तदनन्तर उरुवेलामा यथा इच्छानुसार अभिरमण-पूर्वक विहार गर्नु भएपछि गयामा चारिकाको निम्ति महा भिक्षु संघ अथवा सहश्र भिक्षुहरू सहित प्रस्थान गर्नु भयो। त्यस समयमा गयाको गयाशीस पर्वतमा सहश्र भिक्षुहरू सहित विहार गर्नु हुन्थ्यो। त्यहाँ भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो– भिक्षुहरू हो! सम्पूर्ण जलिरहेको छ। कुन सम्पूर्ण जलिरहेको छ? भिक्षुहरू हो। चक्षु जलिरहेको छ। रूप जलिरहेको छ। चक्षु विज्ञान जलिरहेको छ। चक्षु स्पर्श जलिरहेको छ। जुन यो चक्षु स्पर्शको कारणले उत्पन्न हुने सुख वा दुःख, अदुःख वा असुख र अनुभूति हुने पनि जलि-रहेको छ। के ले जलिरहेको छ? रागाग्नि, द्वेषाग्नि र मोहाग्निले जलिरहेको छ।

जलिरहेको छ! जन्म, जरा, मरण, शोक, परिदेव दुःख, दौर्मनस्य र उपायासद्वारा जलिरहेको छ भनी म भन्दछु। श्रोत जलिरहेको छ, शब्द जलिरहेको छ... पे ...। घ्राण जलिरहेको छ, गन्ध जलिरहेको छ...पे...जिव्हा जलि-रहेको छ, रस जलिरहेको छ... पे...। शरीर जलिरहेको छ, स्पर्श जलिरहेको छ...पे...। मन जलिरहेको छ, धम जलि-रहेको छ, मन विज्ञान जलिरहेको छ, मन स्पर्श जलिरहेको छ, जतिपनि मन स्पर्शको कारणले उत्पन्न सुख वा दुःख: अदुःख वा असुख र अनुभूति हुने पनि जलिरहेको छ। कुन


Downloaded from http://www.dhamma.digital

कारणले जलिरहेको छ ? रागाग्नि, द्वेषाग्नि र मोहाग्निको कारणले जलिरहेको छ । जन्म, जरा मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य र उपायासद्वारा जलिरहेको छ भनी भन्दछु।

भिक्षुहरू हो ! श्रुतवान आर्य श्रावकले यसरी ठीक तरिकाले हेरिदा चक्षुमा पनि वैरागिन्छ, रूपमा पनि वैरागिन्छ, चक्षु विज्ञानमा पनि वैरागिन्छ, चक्षु स्पर्शमा पनि वैरागिन्छ, जे जति चक्षु स्पर्शको कारणले उत्पन्न सुख वा दु:ख, अदु:ख वा असुखको अनुभूति हुन्छ त्यसबाट पनि वैरागिन्छ । ठीक यस्तै प्रकारले श्रोतमा पनि वैरागिन्छ, शब्दमा पनि वैरागिन्छ,घ्राणमा पनि वैरागिन्छ– गन्धमा पनि वैरागिन्छ - जिव्हामा पनि वैरागिन्छ–रसमा पनि वैरागिन्छ– शरीरमा पनि वैरागिन्छ– स्पर्शमा पनि वैरागिन्छ– मनमा पनि वैरागिन्छ, धर्ममा पनि वैरागिन्छ, मन विज्ञानमा पनि वैरागिन्छ, मन स्पर्शमा पनि वैरागिन्छ, जे जति मन स्पर्शको कारणले उत्पन्न सुख वा दु:ख, अदु:ख वा असुखको अनुभूतिबाट पनि वैरागिन्छ । वैरागिएपछि त्यसमा भुलिदैन, अलग्गिन्छ, त्यागिन्छ र विमुक्त भएपछि विमुक्त भएँ भन्ने ज्ञान हुन्छ अनि जन्म नलिनु पर्ने भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नुपर्ने समस्त गरी सकें, यो भन्दा पर अब केही गर्न बाँकी छैन भन्ने जानेको हुन्छ ।

भगवानले यसरी राम्रो तरिकाले व्याख्या गरेर भन्नु भएकोले ती सहश्र भिक्षुहरूको चित्तबाट आश्रवहरू पुन:उत्पन्न नहुने गरी सुविमुक्त भए ।

**आदित्त परियाय निट्ठितं**

**उरुवेल पाटिहारियं ततियक भाणवारं निट्ठितं**



Downloaded from http://www.dhamma.digital

# राजा बिम्बिसारको दिक्षा

भगवान गयाशीसमा इच्छानुसार अभिरमणपर्वक विहार गर्नु भएपछि चारिकाको निमित्त महाभिक्षु संघ अथवा सहश्र भिक्षुसंघ (समस्त पुराना जटिलहरू) संग राजगृह नगरमा प्रस्थान गर्नु भयो । भगवान क्रमानुसार चारिका गर्नु हुँदै राजगृह नगरमा पुग्नु भयो । भगवान त्यहाँ राजगृहको सुप्रतिष्ठित यष्ठिवनुद्यानको चैत्यमा विहार गर्नु भयो ।

मगधका राजा बिम्बिसारले सुने– श्रमण गौतम शाक्य पुत्र, शाक्य कुलबाट प्रब्रजित राजगृहको यष्टिवनुद्यान भन्ने सुप्रतिष्ठित चैत्यमा विहार गर्नु हुँदैछ । त्यस समयमा भगवान गौतमको यस्तो कल्याण कीर्ति शब्द फैलिएको थियो- वहाँ भगवान अर्हत, सम्यक सम्बुद्ध, विद्याचरणले सम्पन्न, सुगत, लोकविद्, अनुत्तर पुरुष दम्य सारथि, देवमनुष्यका शास्ता, बुद्ध, भगवान हुनुहुन्छ । वहाँले यसलोकका सदेव, समार, सब्रह्मा, सश्रमणब्राह्मण, सदेवमनुष्यलाई स्वयंले साक्षात्कार गर्नु भई प्रकाशित पार्नु हुन्छ । वहाँले आदि कल्याण, मध्य कल्याण र अन्त कल्याण हुने सार्थक केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्यको धर्म देशना गर्नु हुन्छ । त्यस प्रकारको अर्हतको दर्शन गर्नु नै मंगलमय हुनेछ ।

यस विचारानुसार मगधका राजा श्रेणीय विम्बिसार बान्ह लाख मगध निवासी ब्राह्मणहरू र गृहपतिहरूको समूहको साथमा भगवानको निवासस्थानमा गएर भगवान-



Downloaded from http://www.dhamma.digital

लाई अभिवादन गरी यथास्थानमा बस्नु भयो। ती बाह्रलाख मगधका ब्राह्मणहरू र गृहपतिहरू मध्ये कसै कसैले अभिवादन गरी यथास्थानमा बसे। कुनै कुनैले भगवानसंग कुशल वार्ता गरी यथास्थानमा बसे। कुनैले भगवानलाई हेरेर दुई हात जोडी प्रणाम गरेर बसे। कुनैले भगवानलाई आफ्नो नाउँ र गोत्र सुनाएर बसे। कोही चुपचापसंग बसे। अनि ती बाह्रलाख ब्राह्मणहरू र गृहपतिहरूको मनमा कुरा खेलाउन थाल्या। महाश्रमण, उरुवेल काश्यपको धर्ममा लागेको हो कि न उरुवेल काश्यप, महाश्रमणको धर्ममा लागेको ?

ती बाह्रलाख ब्राह्मणहरू र गृहपतिहरूको मनमा उठेको वितर्कलाई भगवानले बुझनु भएर आयुष्मान उरुवेल काश्यपलाई गाथाद्वारा सोध्नु भयो–

**किमेव दिस्वा उरुवेल वासी पहासि अग्गि किसको वदानो,**
**पुच्छामि तं कस्सप एतमत्थं कथं पहीनं तव अग्गिहुत्तन्ति।**

हे उरुवेलवासी ! हे कृशहरूको उपदेशक ! के देखेर त्याग्यौ अग्नि ? हे काश्यप ! सोध्दैछु तिमीसंग मैले, छुट्यो कसरी तिम्रो त्यो अग्निहोत्र ?

रूपे च सद्दे च अथो रसे च कामित्थियो चाभिवदन्ति यञ्ञा
एतं मलन्ति उपधीसु ञत्वा तस्मा न यिट्ठे न हुते अरञ्जिन्ति।

रूप, शब्द, रस र विषय काम– स्त्रीहरूको चाहनाको निम्ति गर्दछ यज्ञ। त्यसैले यो क्लेश युक्त धुल हो भनेर जानी यज्ञ होममा मन रम्न छाड्यो।



Downloaded from http://www.dhamma.digital

एत्थ च मनो न रमित्थ कस्सपाति भगवा,
रूपेसु सद्देसु अथो रसेसु,
अथ कोचरहि देवमनुस्सलोके,
रतो मनो कस्सप ब्रुहि मेतन्ति ।

भगवानले सोध्नु भयो– काश्यप ! रूप शब्द अनि रसमा रमेन तिम्रो मन । त्यसो भए हे काश्यप ! कुन देव–मनुष्य लोकमा रम्दछ मन ? भन मलाई यस विषयलाई ।

दिस्वा पदं सन्तमनुप्पधीकं अकिञ्चनं काम भवे आसत्तं ।
अनयथाभाविमनञ्ञनेञ्ञं तस्मान यिट्ठे न हुते अरञ्जिन्ति ।

काम मदमा आसक्त रहित, रागादि रहित (निर्वाण) वदलाई देखेर, निर्विकार, अरूको सहायताले पार लाग्न नसक्ने देखेर नै यज्ञ र होममा मन रमिएन ।

यसरी प्रत्युत्तर दिएपछि आयुष्मान उरुवेल काश्यप आसनबाट उठेर उत्तरासग एकांस गरी, भगवानको पाउमा शीरले ढोग गरेर विन्ति गरे– भन्ते ! भगवान मेरो शास्ता हुनुहुन्छ, म तपाईको श्रावक हुँ । भन्ते ! भगवान मेरो गुरू हुनुहुन्छ, म तपाईको शिष्य हुँ । ती बाह्लाख मगधका ब्राह्मणहरू र गृहपतिहरूले जाने कि उरुवेल काश्यप महा-श्रमणको धर्मलाई ग्रहण गरेको रहेछ । अनि भगवानले तिनीहरूको चित्तलाई चित्तद्वारा बुझनु भई आनुपूर्विक कथा सुनाउनु भयो । जस्तै– दान–कथा, शील–कथा, स्वर्ग–कथा, काम विषयको दुष्परिणाम, क्लेशबाट मुक्त, नैष्क्रम्यको अनि-शंस प्रकाशित पार्नु भयो । जब तिनीहरूको शुद्ध चित्त, मृदु


Downloaded from http://www.dhamma.digital

चित्त, आवरण रहित चित्त, हर्षित चित्त, प्रसन्न चित्त भएको भगवानले बुझनु भयो तब बुद्धले सुनाउनु हुने जुन कुरा, धर्म देशना हो त्यो प्रकाशित पार्दै भन्नु भयो, दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोधसत्य र दुःख निरोध गामिनी मार्ग।

शुद्ध वस्त्र, मैल रहित वस्त्रमा सम्यक रूपले रंग रंगिए झैं एघार लाख मगधका ब्राह्मणहरू र गृहपतिहरूलाई त्यसै आसनमा धूल रहित, मैल रहित शुद्ध धर्म चक्षु उत्पन्न भयो। जे जति समुदय धर्म हुन् ती सबै नै निरोध धर्म हुन्। एघार लाख ब्राह्मणहरू र गृहपतिहरूले उपासकत्व प्रतिग्रहण गरे।

तिनीहरूले उपासकत्व ग्रहण गरेपछि मगध राजा श्रेणीय बिम्बिसारले दृष्ट धर्म, प्राप्त धर्म, विदित धर्म, साक्षात्कृत धर्म, शंका रहित, कथोपकथन रहित वैसारद्यलाई लाभ गरी स्वतन्त्रता सहित शास्ताको शासनमा भगवानसंग विन्ति गरे– भन्ते ! म पहिले कुमार भएको समयमा पाँच प्रकारको इच्छा थियो। अब त्यो इच्छा सम्पन्न भयो– भन्ते ! पहिले मेरो इच्छा थियो- अहो ! मलाई राज्याभिषेक गरे हुन्थ्यो। त्यो अभिलाषा अहिले पूर्ण भयो। मेरो राज्य कालमा अर्हत सम्यक सम्बुद्ध आउनु भए हुन्थ्यो भन्ने दोश्रो इच्छा थियो, त्यो अहिले पूर्ण भयो। वहाँलाई मैले सेवा गर्न पाऊँ भन्ने तेश्रो इच्छा थियो, त्यो अहिले पूर्ण भयो। वहाँको श्रीमुखबाट धर्म श्रवण गर्न पाए हुन्थ्यो भन्ने चौथो इच्छा थियो, त्यो अहिले पूर्ण भयो। वहाँको श्रीमुखबाट



Downloaded from http://www.dhamma.digital

देशना गरिएको धर्मलाई बुझ्न सक्ने होऊँ, यो मेरो पाँचौ इच्छा थियो, त्यो पनि पूर्ण भयो । भन्ते ! कुमार हुँदा मेरो यो पाँच अभिलाषा थियो, त्यो अहिले सम्पन्न भयो । आश्चर्य भन्ते ! अद्‌भूत भन्ते ! घोप्टिएकोलाई उत्तानो पारिदिएको झैं, छोपिएकोलाई उघाडिदिए झैं, मार्ग भूलेकोलाई मार्ग देखाई दिए झैं, अन्धकारमा तेल प्रदिप बालिदिए झैं चक्षु हुनेले रूपलाई देख्न सक्ने झैं अनेक प्रकारले धर्मलाई दर्शाउनु भयो । यस्कारण, भन्ते ! म भगवानको शरणमा शरणागत हुन्छु, धर्मको र संघको शरणमा शरणागत हुन्छु । भगवानले आज देखि प्राण रहुञ्जेल सम्म शरणागत भएको उपासक भनी स्वीकार्नुस् भन्ते ! तपाई प्रमुख भिक्षुसंघले भोलिको निम्ति मकहाँ भोजन गर्न स्वीकार्नुस् । मौनद्वारा भगवानले स्वीकृति जनाउनु भयो । अनि मगध श्रेणीय बिम्बिसार राजाले भगवानको स्वीकृति जानी आसनबाट उठेर भगवान-लाई अभिवादन गरी फर्किनु भयो ।

मगधका राजा श्रेणीय बिम्बिसारले त्यस रात बिताए पछि प्रणीत खाद्य पदार्थ, भोज्य पदार्थ तयार भई सकेपछि भगवानलाई समयको सूचना दिए– भन्ते ! भोजन तयार भई सकेको छ र भोजनको समय पनि भयो । सूचित समया-नुसार भगवानले पूर्वाण्ह समयमा पात्र चीवर लिएर महा भिक्षुसंघ अथवा सहश्र सबै पुराना जटिलहरूको साथ राज-गृहमा प्रवेश गर्नु भयो ।

त्यसै वखत देवताहरूका राजा इन्द्रले मानवको वर्ण



Downloaded from http://www.dhamma.digital

अभिनिर्मित गरी बुद्ध प्रमुख भिक्षु संघको अघि अघि जाँदै यी गाथाहरू गाउँदथ्यो–

दन्तो दन्तेहि सह पुराण जटिलेहि विप्पमुत्तो विप्पमुत्तेहिं,
सिङ्गीनिक्खसुवण्णा राजगहं पाविसि भगवा ।

दान्तका साथ दान्त, विप्रमुक्तका साथ विप्रमुक्त पुराना जटिलहरूका साथमा स्वर्ण कुण्डल झैं सुवर्ण भएका भगवान राजगृहमा प्रवेशिन्दैछ ।

सन्तो सन्तेहि सह पुराण जटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि
सिङ्गीनिक्खसुवण्णा राजगहं पाविसि भगवा ।

शान्तका साथ शान्त, सुविमुक्तका साथ सुविमुक्त, पुराना जटिलहरूको साथमा स्वर्ण कुण्डल झैं सुवर्ण भएका भगवान, राजगृहमा प्रवेशिन्दैछ ।

मुत्ता मुत्तेहि सह पुराण जटिलेहि विप्मुत्तो विप्पमुत्तेहि.
सिङ्गीनिक्खसुवण्णो राजगहं पाविसि भगवा ।

मुक्तका साथ मुक्त, विप्रमुक्तका साथ विप्रमुक्त, पुराना जटिलहरूको साथमा स्वर्ण कुण्डल झैं सुवर्ण भएका भगवान राजगृहमा प्रवेशिन्दैछ ।

तिण्णो तिण्णेहि सह पुराण जटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि
सिङ्गीनिक्खसुवण्णो राजगहं पाविसि भगवा ।

उत्तीर्णका साथ उत्तीर्ण, विप्रमुक्तका साथ विप्रमुक्त, पुराना जटिलहरूका साथमा स्वर्ण कुण्डल झैं सुवर्ण भएका भगवान राजगृहमा प्रवेशिन्दैछ ।

दसवासो दसबलो दसधम्मविदू दसभि चुपेतो,
सो दससत परिवारो राजगहं पाविसि भगवा ।



Downloaded from http://www.dhamma.digital

दस वास, दस बल, दस धर्म विज्ञ, दस अशैक्ष दस सत परिवार सहित वहाँ भगवान प्रवेश गर्दैछ राजगृहमा ।

देवराज इन्द्रलाई देखेर मानिसहरूले भन्न र सोध्न थाले– माणवकको रूप अति नै सुन्दर छ, माणवकको रूप दर्शनीय छ र माणवकको रूप प्रसन्न छ । यी माणवक को हुन् ? यसरी भनिरहेको सुनेर देवहरूका राजा इन्द्रले ती मानिसहरूलाई गाथाद्वारा भने–

यो धीरो सब्बधिदन्तो सुद्धो अप्पटिपुग्गलो,
अरहं सुगतोलोके तस्साहं परिचारकोति ।

जो पण्डित, सर्वज्ञ, दान्त, शुद्ध र अप्रटिपुद्गल, (वहाँ समान अरू व्यक्ति नभएको) लोकमा अर्हत् र सुगत हुन् । वहाँकै नै म परिचारिका हुँ ।

अनि भगवान मगध राज श्रेणीय विम्बिसारको निवासस्थानमा जानु भई विच्छयाई राखेको आसनमा भगवान सहित भिक्षु संघ वस्नु भयो । त्यस पछि विम्बिसार राजाले वृद्ध प्रमुख भिक्षुसंघलाई प्रणीत खाद्यद्वारा, प्रणीत भोज्यद्वारा आफ्नै हातले सन्तर्पित गरी, प्रदान गरी सकेपछि भगवानले भोजन पश्चात पात्रबाट हात झिकी, प्रक्षालन गरे पछि विम्बिसार राजा यथा-योग्यस्थानमा बसे । यथा–योग्य स्थानमा बसेका मगध राज विम्बिसारले विचार गरे– भगवानलाई कुन स्थानमा विहार गर्न लाऊँ ? जस्मा कि गाउँबाट धेरै टाढा नभएको, धेरै नजिक पनि नभएको इच्छितहरू आउन जान लायक भएको, दिनमा भीड नभएको-रातमा होहल्ला नमच्चिने, मनुष्यहरूको निम्ति एकान्त



Downloaded from http://www.dhamma.digital

स्थान भएको र एकान्तवासका लागि योग्य स्थान हुनुपर्‍यो । अनि राजा बिम्बिसारले विचार गर्दा गर्दै आफ्नै वेणुवनोद्यान उक्त विचार गरिएको अनुरूप नै एकान्तवासका लागि योग्य स्थान थियो । यसकारण त्यही वेणुवनोद्यान बुद्ध प्रमुख भिक्षुसंघलाई किन प्रदान नगरूँ ? भन्ने विचार लिई राजा विम्बिसारले पानीले भरिएको स्वर्ण कलशबाट पानी झार्दै भने– भन्ते ! यो मेरो वेणुवनोद्यान तपाई प्रमुख भिक्षुसंघ-लाई प्रदान गर्दछु । भगवानले वेणुवनोद्यानलाई ग्रहण गर्नु भयो । यसपछि भगवानले मगधका राजा श्रेणीय विम्विसार-लाई धार्मिक कथाहरू सुनाउनु भई, समुत्तेजित, सम्प्रहर्षन गराएर आसनबाट उठेर जानु भयो । भगवानले यसै विषय-लाई लिएर धार्मिक कथाहरू सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गरेर भन्नु भयो– भिक्षुहरू हो ! आराम ग्रहण गर्न अनुमति दिन्छु ।

त्यस समयमा संजय परिव्राजक अढाईशय परिव्रा-जकको महत् परिषद्संग बस्दथे । त्यस समयमा सारिपुत्र र मौद्गल्यायन सञ्जय परिव्राजककहाँ शिष्य भएर विचरण गर्दथ्यो । उनीहरूले आपसमा प्रतिज्ञा गरेका थिए कि जस्ले पहिले अमृत प्राप्त गर्नेछ उसले अर्कोलाई बताउनु पर्छ ।

एकदिन आयुष्मान अश्वजित पूर्वाण्ह समयमा पात्र चीवर ग्रहण गरी राजगृहमा भिक्षार्थ जाँदा, प्रमुदित भई, राम्रो सित आलोकन विलोकन गर्दा, आँखाले तलतिर हेरी संयमित ढङ्गले हिंड्दै थिए । सारिपुत्र परिव्राजकले, आयु-



Downloaded from http://www.dhamma.digital

ष्मान अश्वजित राजगृहमा भिक्षाटनार्थ गई रहनु हुँदा वहाँको हिँडाई चलाई, आलोकन, विलोकन, हातको चलाई, खुम्च्याउन, फैलाउनु र आँखाले तलतिर हेरी संयमित ढङ्गले गई रहेको देखे । देखेपछि उनको मनमा यस्तो लाग्यो– जो यस लोकमा अर्हत अथवा अर्हत मार्गमा लागेका छन् ती मध्ये यहाँ एकजना हुनुहुन्छ । अतः किन मैले वहाँ भिक्षुकहाँ गई नसोधौं ? आवुस् ! कस्को उद्देश्य लिएर प्रव्रजित भएको ? तिम्रो गुरू को हो ? कस्को धर्मलाई तिमीले रूचायौ ? अनि सारिपुत्र परिव्राजकले विचार गरे– यी भिक्षुसंग प्रश्न गर्ने यो समय होइन घर घरमा पिण्डार्थ चारिका गर्दैछन् । आवश्यक हुनेले नै मार्गलाई खोज्नु पर्छ भने कें किन म यी भिक्षुका पछि पछि नलागौं ?

आयुष्मान अश्वजितले राजगृहमा भोजनार्थ चारिका गरी सक्नु भएपछि आफ्नो बाटो लाग्नु भयो । सारिपुत्र परिव्राजक पनि वहाँकै पछि पछि लागेर गए । अनि आयुष्मान अश्वजितसंग भेट भएपछि कुशल वार्ता गरे । कुशलवार्ता गरेपछि एक छेउमा बसे । एक छेउमा बसेपछि परिव्राजक सारिपुत्रले आयुष्मान अश्वजितलाई भने– आवुस ! तपाईंको इन्द्रियहरू विप्रसन्न छ, छालाको वर्ण परिशुद्ध र चहकिलो छ । आवुस् ! तिमीले कस्को उद्देश्य लिएर प्रव्रजित भयौ ? तिम्रो शास्ता को हो ? कस्को धर्मलाई तिमीले रूचायौ ? आवुस ! शाक्य पुत्र, शाक्यकुलबाट प्रव्रजित महाश्रमण हुनुहुन्छ । वहाँकै उद्देश्य लिएर प्रव्रजित भएको हुँ । वहाँ



Downloaded from http://www.dhamma.digital

भगवान नै मेरो गुरू हुनुहुन्छ। वहाँ भगवानको धर्मलाई नै म रूचाउँछु।

आयुष्मान ! वहाँ कुन वादको हुनुहुन्छ ? शास्ताले के सिकाउनु हुन्छ ? आवुस ! अहिले म नयाँ छु, प्रव्रजित भएको निरकाल बितेको छैन, केही दिन मात्र भयो यस धर्म विनयमा आएको। त्यसैले तिमीलाई मैले विस्तारपूर्वक धर्म देशना गर्न असमर्थ छु। तैं पनि मैले तिमीलाई संक्षिप्त रूपमा धर्म देशना गर्नेछु। यसपछि परिव्राजक सारिपुत्रले आयुष्मान अश्वजितलाई भने–

थोरै भए पनि धेरै भए पनि सार्थक नै भन
सार्थक नै मलाई चाहिन्छ व्यञ्जन धेर भएर के गर्ने ?

अनि आयुष्मान अश्वजितले परिव्राजक सारिपुत्रलाई यो धर्म पर्याय भन्नु भयो–

ये धम्मा हेतुप्पभवा तेसं हेतु तथागतो (आह)
तेसञ्च यो निरोधो एवं वादी महासमणोति।

जुन कारणोत्पत्ति धर्म हुन्, त्यस कारणलाई तथागतले भन्नु हुन्छ। त्यसैलाई निरोध पार्नु पर्ने जुन धर्म हो, (तथागतले त्यो पनि बताउनु हुन्छ) यही नै वादका महाश्रमण हुन्।

परिव्राजक सारिपुत्रले धर्म पर्याय श्रवण गरेपछि धूल रहित, मैल रहित धर्म चक्षु उत्पन्न भयो। जे जति समुदय धर्म हुन् ती सबै निरोध धर्म हुन्।

एसेव धम्मो, यदि तावदेव पच्चब्यथा पदमसोकं,
अदिट्ठं अब्भतीतं बहुकेहि कप्पनहुतेहीति।


Downloaded from http://www.dhamma.digital

यही नै त्यो धर्म हो, जसद्वारा शोक रहित परम पद प्राप्त हुन्छ। जसको खोजि गर्दा गर्दै देख्न नसकेको हुनाले कल्पौं सम्म, लाखौं सम्म, धेरै काल सम्म समय त्यसै बितियो।

अनि परिव्राजक सारिपुत्रले मौद्‌गल्यायनलाई आफूले अमृतलाई लाभ गरेको सुनाउन जाँदै थिए। परिव्राजक मौद्‌गल्यायनले सारिपुत्र टाढैबाट आउँदै गरेको देखे। वहाँ संग भेटघाट भएपछि मौद्‌गल्यायनले सोधे - आवुस! तिम्रो इन्द्रियहरू विप्रसन्न छ। परिशुद्ध छवि वर्ण र चहकिलो छ। आवुस! के तिमीले अमृतलाई साक्षात्कार गर्‍यौ?

हो, आवुस! मैले अमृतलाई साक्षात्कार गरेको छु।

आवुस! तिमीले कहाँबाट अमृतलाई साक्षात्कार गर्‍यौ?

आवुस! यहीं राजगृहमा अश्वजित भिक्षु प्रसन्न मुहार लिएर हिंडडुल गरेको, आलोकन, विलोकन, खुम्च्याउनु फैलाउनु र आँखालाई तलतिर पार्दै भिक्षार्थ गइरहनु भएको देखें। वहाँलाई देखेर मलाई यस्तो लाग्यो- जो यस लोकमा अर्हत र अर्हत मार्गमा लागेका छन्, ती मध्ये यहाँ एक हुनु हुन्छ। यसकारण मले किन वहाँकहाँ गएर नसोधौ? कसको उद्देश्य लिएर तिमी प्रव्रजित भएको? तिम्रो शास्ता को हो? कसको धर्मलाई तिमीले रूचाउँछौ? त्यस बखत पुनः मलाई यस्तो लाग्यो- वहाँ भिक्षार्थ घर घरमा चारिका गर्नु हुँदैछ। अहिले प्रश्न गर्ने समय होइन। यहाँको पछि पछि नै लाग्नु



Downloaded from http://www.dhamma.digital

पर्छ। अत, अपरिचित मार्गमा, मार्ग परिचित हुने ब्यक्ति संग पछि पछि लागे झैं किन मैले वहाँको पछि पछि नलागौं? अनि आयुष्मान अश्वजितले राजगृहमा भिक्षाटनद्वारा भिक्षा प्राप्त गरेर आफ्नो स्थानमा फर्केर गए। म पनि वहाँ संग त्यस स्थानमा गएर कुशल वार्ता गरें। कुशल वार्तापछि यथास्थानमा बसें। यथास्थानमा बसेपछि, आवुस ! मैले वहाँ संग सोधें– आवुस ! तिम्रो इन्द्रियहरू अतिनै प्रसन्न छ। छालाको वर्ण परिशुद्ध र चहकिलो छ। कस्को उद्देश्य लिएर तिमो प्रब्रजित भएको ? तिम्रो शास्ता को हो ? कस्को धर्मलाई तिमीले रुचाउँनु हुन्छौ ?

आवुस ! शाक्य पुत्र, शाक्यकुलबाट प्रव्रजित महाश्रमण हुनु भएका भगवानको उद्देश्य लिएर प्रव्रजित भएको हुँ। वहाँ भगवान नै मेरो शास्ता हो। वहाँकै धर्मलाई म रूचाउँछु।

आयुष्मान ! वहाँ कुन वादको र के सिकाउनु हुन्छ?

आवुस ! म नयाँ हुँ। प्रव्रजित भएको चिरकाल बितेको छैन। हालै मात्र म यस धर्म विनयमा आएको हुँ। त्यसैले मैले तिमीलाई सविस्तार सहित धर्म देशना गर्न सक्दिन। तर तिमीलाई मैले संक्षिप्त रूपले धर्म देशना गर्नेछु।

आयुष्मान ! थोरै वा धेरै भन, सार्थक मात्र भन, सार्थकको नै म इच्छुक हुँ, धेरै ब्यञ्जन के गर्ने ?

अनि आयुष्मान अश्वजितले यो धर्म पर्याय सुनाउनु भयो–



Downloaded from http://www.dhamma.digital

ये धम्मा हेतुप्पभवा तेसं हेतु तथागतं (आह)
तेसञ्च यो निरोधो एवं वादी महासमणोति ।

जुन धर्म हेतुद्वारा उत्पन्न हुन्छ, त्यही हेतुलाई तथागतले भन्नु हुन्छ । त्यस तरिकाको जुन निरोध गर्नु पर्ने हो, (तथागतले त्यो पनि बताउनु हुन्छ) यही नै महाश्रमणको वाद हो ।

यही धर्म पर्यायलाई सुनेर परिव्राजक मौद्‌गल्यायनलाई धूल रहित, मैल रहित धर्म चक्षु उत्पन्न भयो । जे जति समुदय धर्म हुन् ती सबै नै निरोध धर्म हुन् ।

एसेव धम्मो, यदि तावदेव पच्चब्यथा पदमसोकं,
अदिट्ठं अब्भतीतं बहुकेहि कप्पनहुतेहीति ।

यही नै त्यो धर्म हो जुन शोक रहित पद हो । त्यसैलाई देख्न नसकेको हुनाले धेरै कल्प र लाखौं वर्ष बिताएँ ।

अनि परिब्राजक मौद्‌गल्यायनले सारिपुत्रलाई भने– आवुस ! भगवानकहाँ हामी जाऔं, वहाँ भगवान नै हाम्रो गुरू हुनेछ । यी दुईसय पचास परिव्राजकहरू हाम्रो आश्रयमा, हाम्रो भरोसामा बसेका छन् । तिनीहरूलाई पनि हामीले यो धर्म दर्शाऔं र तिनीहरूले जे बुझनेछन् त्यही नै गर्नेछन् । त्यही विचार लिएर सारिपुत्र र मौद्‌गल्यायन जहाँ ती परिव्राजकहरू थिए, त्यहाँ गएर तिनीहरूलाई भने–आवुसहरू हो ! वहाँ भगवान बुद्ध नै हाम्रो गुरू हुनेछ र हामी भगवान कहाँ जानेछौं । परिव्राजकहरूले भने– हामीहरू आयुष्मानहरूको आश्रयमा र आधारमा यहाँ बसेका हौं । यदि आयु-


Downloaded from http://www.dhamma.digital

श्रमानहरू महाश्रमणकहाँ ब्रह्मचर्यवास गर्न हुन्छ भने हामी सबै नै महाश्रमणकहाँ ब्रह्मचर्यवास गर्दछौं । यसपछि सारिपुत्र र मौद्गल्यायन जहाँ सञ्जय परिव्राजक थियो त्यहाँ गएर भने– आवुस् ! हामी भगवानकहाँ जान्छौं र वहाँ भगवान नै हाम्रो गुरू हुनेछ । सञ्जयले भने– आवुस ! भो. त्यहाँ जानु पर्दैन । यी सबै गण तिमीहरूकै आचार्यत्वमा सुम्पिनेछु । दोश्रो पटक ...... सुम्पिनेछु । तेश्रो पटक ... ... सुम्पिनेछु । सञ्जय परिव्राजकलाई कुरा सुनाउन नसकेपछि सारिपुत्र र मौद्गल्यायनले ती साढे दुइशय परिव्राजकहरू लिएर भगवान विहार गर्नु भएको ठाउँ वेणुवनतिर लागे । सञ्जय परिव्राजकले त्यहीं नै मुखबाट गरम खुन वमन गरे ।

भगवानले टाढैबाट सारिपुत्र र मौद्गल्यायन आई रहेको देख्नु भयो । अनि भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– भिक्षुहरू हो ! जो तो कोलित र उपतिस्स दुई साथीहरू यहाँ आउँदैछन् । यिनीहरू नै अग्र श्रावक र भद्रयुगल हुनेछन् ।

ज्ञानको विषयमा गम्भीर अनुपम, क्लेशलाई निरोध गरी निर्वाण लाभ गर्नु भएका, विमुक्त हुनु भएका शास्ताले वेणुवनमा भविष्यवाणी गर्नु भयो– कोलित र उपतिस्स यी दुई साथीहरू आउँदैछन् । यिनीहरू नै मेरो श्रावक युगल र भद्र युगल हुने छन् ।

सारिपुत्र र मौद्गल्यायन जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ पुगेर भगवानको चरणकमलमा शीरले ढोगी भगवानसंग यसरी निवेदन गरे– भन्ते ! भगवानको समक्षमा हामीले प्रव्रजित हुन पाऊँ र उपसम्पदा पाऊँ ।



Downloaded from http://www.dhamma.digital

भगवानले, आऊ भिक्षुहरू हो ! सुआख्यात धर्ममा ब्रह्मचर्यवास गरी सम्यक रूपले दुःखलाई अन्त गर भनी भन्नु भयो। यसै वचनद्वारा ती आयुष्मानहरूको उपसम्पदा (पूर्ण भिक्षुत्व) भयो।

त्यस समयमा मगधका प्रसिद्ध प्रसिद्ध कुलपुत्रहरू भगवानको शासनमा ब्रह्मचर्यवास (धर्म ग्रहण) गर्दथ्यो। प्रसिद्ध प्रसिद्ध कुलपुत्रहरूले बुद्ध धर्म ग्रहण गरेको देखेर मानिसहरू हैरान हुन्दथ्यो, दुःखी हुन्दथ्यो र निन्दा गर्दै भन्दथ्यो– श्रमण गौतमले पुत्रहुनेहरूको अपुत्र गर्नलाई-विवाहित स्त्रीलाई विधवा हुन दिनलाई लागी रहेको छ। श्रमण गौतम, कुल नाश गर्न लागिरहेको छ। श्रमण गौतमले हालसालै मात्र एक हजार जटिलहरूलाई प्रब्रजित गरे। दुई सय पचास सञ्जयका परिब्राजकहरूलाई प्रब्रजित गरे। अनि मगधका प्रसिद्ध प्रसिद्ध कुलपुत्रहरू श्रमण गौतमको शासनमा ब्रह्मचर्यवास गरिरहेका छन्। मगधवासीहरूले भिक्षुहरूलाई देखेमा यस प्रकारले गाथाद्वारा टोकदथ्यो–

मगधको गिरिब्रजमा महाश्रमण आयो।
सञ्जयका चेलाहरू लिइसक्यो, अब फेरी कसलाई लिने हो ?

राजगृहवासी मानिसहरूको हैरान, दुःख र निन्दाको शब्द सुनेर ती भिक्षुहरूले भगवानकहाँ गएर सुनाए।

भिक्षुहरू हो ! चिरकालसम्म यो शब्द तिकिन्दैन। यो शब्द एक सप्ताहसम्म रहने छ। एक सप्ताह बितेपछि यो शब्द अलपिएर जानेछ।



Downloaded from http://www.dhamma.digital

भिक्षुहरू हो ! जस्ले तिमीहरूलाई यी शब्दद्वारा टोक्दछ जस्तै- मगधको गिरिब्रजमा महाश्रमण आयो ।

सञ्जयको चेलाहरू लिइसक्यो अब फेरी कस्लाई लिने हो ?

तिनीहरूलाई यी गाथाद्वारा प्रतिवाद गर- महावीर तथागतले सद्धर्मम। नै लिए । धर्मपूर्वक लिएर जानेलाई टाउको दुःखाउनु पर्ने किन पण्डितलाई ? यो प्रतिवाद शब्द सुनेर मानिसहरूले यथार्थ सहित बुझेर भन्न थाले- शाक्यपुत्र अथवा वहाँका शिष्यहरूले धर्मपूर्वक नै ग्रहण गर्दो रहेछ, अधर्मपूर्वक होइन । एक सप्ताहसम्म त्यो निन्दनीय शब्द रह्यो । त्यसपछि अलपिएर गयो ।

**सारिपुत्त मोग्गल्लान पब्बजा निट्ठिता**
**चतुत्थ भाणवारं निट्ठितं**

# पिप्फलिको कथा

मगध राष्ट्रको महातीर्थ भन्ने ब्राह्मण गाउँमा कपिल नाउँ गरेका धनाढ्य ब्राह्मणको पत्नीको कोखवाट पिप्फलिको जन्म भएको थियो ।

पिप्फलि यौवनावस्थामा पुग्दा आमा बाबुले बाबु ! तिमी ठूलो भयौ । अब तिमीले बिहे गरेर कुलवंशलाई रक्षा गर्नु पर्छ । यस्तै प्रकारले कुरा सुनाउँदै गर्दथ्यो । पिप्फलिको विचार भने विपरित थियो । यिनलाई बिहे गर्न इच्छा थिएन । यसर्थ यिनले आमा बाबुलाई भन्दथ्यो- मलाई यस्तो



Downloaded from http://www.dhamma.digital

कुरा नगर्नुहोस् । तपाईंहरू जीवित रहुञ्जेलसम्म सेवा टहल गर्नेछु । तपाईंहरू नभएपछि गृहत्याग गरेर प्रब्रजित हुनेछु ।

पिप्फलिको आमाबाबुले पटक पटक गर्दै छोरालाई विहे गर्नु पर्ने विषयलाई लिएर कुरा सुनाउँदथ्यो । पिप्फलिले पनि त्यस्तै गरी प्रतिक्षेप गर्दथ्यो । आमा बाबुको इच्छा विरूद्ध नहुने गरी एउटा उपाय निकाले, सुनारलाई धेरै असर्फीहरू दिएर एउटी स्त्रीको स्वर्ण मूर्ति बनाउन लगाए । स्त्री रूपको स्वर्ण मूर्ति तयार भएपछि सोहो मूर्तिलाई रातो वस्त्र लगाई अनेक फूलहरूले सजाई आमाकहाँ गएर भने– आमा ! यस्तै नै रूपको स्त्री पाएमा घरमा वस्नेछु नत्र बस्ने छुइन ।

आमा सुमना ब्राह्मणी पण्डितनी भएको हुनाले सोचिन्- मेरो छोरा अवश्य पनि पुण्यवान हुनुपर्छ । दान पुण्य गरेर आएको हुनुपर्छ । प्रार्थना गरेर आएको हुनुपर्छ । पूर्व जन्ममा पुण्य गर्दा एक्लैले गरेर आएको होइन होला । अवश्य पनि यसले पुण्य गर्दा साथमा कोही जीवन संगिनी थिइन् होली ।

आफ्नो सोचाई अनुसार आठजना ब्राह्मणलाई बोलाई मानादि सत्कार गरेर स्वर्णरूपको प्रतिमालाई रथमा राख्न लगाई भनिन्– हे ब्राह्मणहरू हो ! तिमीहरू विभिन्न देश प्रदेशमा घुमेर हाम्रो जाति तथा यश ऐश्वर्यसंग मिल्ने कुलबाट यस्ती कन्या खोज । यदि यस्ती नै कन्या पाएमा यही



Downloaded from http://www.dhamma.digital

स्वर्ण प्रतिमा तिनीहरूलाई उपहार स्वरूप देऊ र विहेको कुरा चलाउनु । त्यस वखत पिप्फलिको उमेर २० वर्षको थियो ।

ती ब्राह्मणहरूले "यो हाम्रो कर्तव्य हो" भनी उनीहरू त्यस घरवाट निस्केर स्त्रीहरूको खानी भएको मद्र देशको शागल नगर तिर लागे । त्यस शागल नगरमा नुहाउने तिर्थ-स्थल नदी थियो । तिनीहरूले त्यो स्वर्ण प्रतिमा त्यसै ठाउँमा राखेर आफूहरू कुनै एक ठाउँमा गएर बसे ।

मद्र देशको शागल नगरमा असंख्य धन सम्पत्ति भएका कौशिक गोत्रका ब्राह्मणको सूचीमती भन्ने भार्या थिइन् । यिनीहरूको भद्राकापिलिनी भन्ने छोरी थिइन् । त्यस वखत भद्राकापिलिनी १६ वर्षकी थिइन् । यिनीलाई नदीमा लगी नुहाई अलंकृत पारी कोठामा राखी धाईहरू नुहाउन नदीमा गइन् । नुहाउन जाँदा त्यो स्वर्ण प्रतिमालाई देखिन् । "आर्य-पुत्री फेरी यहाँ आएकी रहिछिन्" भनेर हप्काउँदै कस्ती निर्लज्जी रहिछिन् यिनी भन्दै समाउँदा ढुङ्गा छोए झैं भयो । यसो हेर्दा आफ्नी मालिकनी जस्तै लागेको थियो । यो त मेरी मालिकनीको दासी जस्तो पनि छैन । ती धाईहरू झुकि-एको देखेर ब्राह्मणहरूले तिमीहरूसंग भेट गरेर सोधे– के तिम्री मालिकनी यस्ती नै छिन् ? यो रूप भन्दा त मेरी मालिकनीको रूप हजार गुना सुन्दरी छिन् । अँध्यारो कोठामा वस्दा बाह्रहातसम्म वत्तीको आवश्यक पर्दैन । वहाँको तेजद्वारा नै अन्धकार नाश हुन्छ ।



Downloaded from http://www.dhamma.digital

धाईहरूको कुरा सुनेर स्वर्ण प्रतिमालाई रथमा राखेर तिनीहरूसंगै कौशिक ब्राह्मणको घरमा गएर तिनीहरू त्यो स्वर्ण प्रतिमा लिएर आएको कारण र सम्बन्ध जोड्ने विषयलाई लिएर कुरा चलाए।

कौशिक ब्राह्मणले भने– ठीकै छ। समजाति, गोत्र, धन र वैभव भएकालाई "हामी छोरी दिन्छौं" भनी उपहार लिए।

कौशिक ब्राह्मणसंग बिहेको कुरा मिलेको कपिल ब्राह्मणकहाँ खबर पठाए। पिप्फलि माणवकले पनि केटी पाइएको थाहा पाए। स्वर्णको जस्तै रूप भएकी स्त्री पाइने छैन भन्ने ठानेको त यिनीहरूले त्यस्तै वर्णको पाइयो भन्ने खबर दिन्छन्। विहे गर्ने आफ्नो इच्छा नभएको गुप्त रूपले लेखेर पठाउनु पर्‍यो भन्ने सोचेर पत्र लेखे–

भद्रे! तिमीले आफ्नो जाति, गोत्र तथा भोग सम्पत्ति अनुरूपको घर खोजेर जाऊ। म त घर त्यागेर प्रब्रजित हुन ईच्छा राखेको छु। मकहाँ आएर पछि तिमीले पश्चाताप गर्नं नपरोस् भन्ने विचारले पत्र पठाएको हुँ।

उता भद्रकापिलानीले पनि आफूलाई फलानालाई दिन चाहन्छन् भनेर जानेपछि यिनले पनि पत्र लेखिन्–

"आर्यपुत्र! आपनो जाति, गोत्र तथा यश अनुरुपकी केटीसंग तपाईको घरजम होओस्। मलाई त विहे गर्ने ईच्छा छैन पछि कुनै एकदिन म घर त्यागेर प्रब्रजित हुनेछु। तपाईले पछि पश्चाताप गर्न नपरोस्।



Downloaded from http://www.dhamma.digital

दुवै पक्षका पत्रवाहकहरू बाटामा भेट भयो । तिनी-हरूले आपसमा कुरा गरेर पत्र खोली पढेर हेरे । दुवैको अनिच्छुक बुझेर त्यस पत्रलाई च्यातेर आफ्नै ढङ्गले तिनी-हरूले प्रेम पत्र लेखी लिएर गए । उनीहरूको इच्छा बिना नै विवाहको सम्बन्ध भयो ।

विवाह पश्चात सुहाग रातमा माणवकले एउटा फूलको माला लिएर राखे । भद्राले पनि त्यसरी नै लिएर राखिन् । दुवैले आ-आफ्नो फूलको माला खाटको बीचमा राखे । माणवक खाटको दाहिनेबाट चढे । भद्रा देब्रेपट्टिबाट चढेर एक अर्कालाई भने– हामी यस खाटमा सुतिन्दा जस-पट्टिको फूल ओइलिन्छ, उसको मनमा रागचित्त उत्पन्न भएको कुरा प्रष्ट हुनेछ । यो फूलको मालालाई छुन हुन्न । परस्परले स्पर्श होला भन्ने मनमा लिएर सारा रात ननि-दाइकन त्यसै बिताए । उनीहरू दिनमा पनि परस्पर हँस्यौलि ठटचौलि गर्दैन थिए । उनीहरू लोकामिषबाट निर्लिप्त थिए । उनीहरूमा रत्तिमात्र पनि काम वासना थिएन । मानो यिनीहरू स्त्री पुरुष होइन, दुई भिक्षुहरू जस्तै थिए । आमा बाबु परलोक भएपछि माणवकले घरको कामकाज हेर्न थाले ।

पिप्फलि माणवक धनाढ्य थिए । यिनले नुहाउँदा सुवर्णको चूर्ण प्रयोग गर्दथे । यन्त्र जडिएका तलाउहरू साठी वटा थिए । छयानब्बे माइलसम्म यिनको जग्गा जमीन थियो । चौधवटा हात्तीसार, चौधवटा तबेला र चौधवटा रथागारहरू थिए ।



Downloaded from http://www.dhamma.digital

एकदिन अलंकृत गरिएको घोडामा चढी मानिसहरूको साथमा खेत हेर्न गए । खेत हेर्न जाँदा हलोबाट फुटालिएको माटोमा कागादि पंक्षीहरूले किराफटेङ्ग्रा खान्दै गरेको देखेर आफुसंग आएका मानिसहरूलाई सोधे- यी पंक्षीहरूले के खाँदैछन् ? "आर्य ! कीराहरू ।" यिनीहरूले गरेको पाप कस्ले भोग्नु पर्नेछ ? "आर्य ! तपाईंले ।

पिप्फलिले विचार गरे– यदि यिनीहरूले गरेको पाप मैले भोग्नु परेमा मसंग भएको ८७ करोड धनले मलाई के गर्न सक्छ ? १२ योजन खेतले के गर्ला ? यस्तै अनेक विचार गरी अन्तमा यी सबै धन सम्पत्ति भद्रालाई नै सुम्पेर म प्रव्रजित हुनेछु भन्ने निधो गरे ।

उता भद्राकापिलानीले पनि सो समयमा तीलका घैंटाहरू निकालेर घाममा तील हरू सुकाई धाईहरूसंग बसिरहेकी थिइन् । त्यसबेला तीलमा रहेका किराहरूलाई कागले खाई रहेको देखेर सोधिन् – यिनीहरूले के खाँदै-छन् ? आर्या ! किराहरू खाँदैछन् । यो पाप कस्लाई लाग्छ त ? आर्या ! तपाईलाई नै । उनले सोचिन् - मलाई चार हातको कपडा र एक पेट खाना भए पुग्छ । यदि यिनी-हरूले गरेको पाप मलाई लागेमा त हजार जन्ममा पनि मैले आफ्नो शीरलाई ठाडो पार्न सक्ने छैन । सबै सम्पत्ति आर्यालाई नै जिम्मा लगाएर घरबाट निस्की प्रब्रजित हुनेछु ।



Downloaded from http://www.dhamma.digital

माणवक घरमा आएर नुहाई उच्च प्रासादमाथि गई उच्चाशनमा बसे । चक्रवर्ती राजालाई झैं तयार गरिएको भोजन ल्याएर दिए । दुवैले भोजन गरे । घरका अरू मानिसहरू गएपछि आरामका साथमा बसेर भद्रालाई सोधे – भद्रे ! तिमी यो घरमा आउँदा कति सम्पति लिएर आएकी थियौ ? आर्य ! पचपन्न हजार गाडाहरू । भद्रे ! यस घरका सम्पूर्ण धनसम्पत्ति र तिम्रो त्यो दाइजो तिमीलाई नै भयो ।

आर्य ! तपाई के गर्नु हुन्छ नि ? म प्रव्रजित हुनेछु आर्य ! म पनि तपाईकै प्रतिक्षामा बसेकी थिएं । यसर्थ प्रव्रजित हुने त मेरो पनि इच्छा थियो ।

उनीहरूको लागि तीनै लोकमा आगो लागी रहेको झैं महशुस गर्दथ्यो । यसकारण यिनीहरूले काषाय वस्त्र र माटाका भिक्षापात्र लिएर एक अर्काको केश काली "यो लोकमा जो अर्हत हुनुहुन्छ वहाँको उद्देश्य लिएर यो हाम्रो प्रव्रज्या" भनी प्रव्रजित भई झोलीमा भिक्षापात्र राखी काँधमा कुण्ड्याई प्रासादबाट ओर्ले ।

घरका दासकामदारहरूले उनीहरूलाई चिन्न सकेको थिएन । जब यिनीहरू ब्राह्मण गाउँबाट निस्केर दासहरूको गाउँमा पुगे तव तिनीहरूको हाउभाउ देखेर चिनेर रूँदै कराउँदै भन्न थाले –आर्य ! किन हामीलाई अनाथ बनाउनु हुन्छ ? मित्र हो ! हामीलाई यो तीनैलोक जलिरहेको पर्णशाला जस्तै लागी रहेछ । आजदेखि तिमीहरू स्वतन्त्र छौ र



Downloaded from http://www.dhamma.digital

स्वतन्त्रपूर्वक जीवन यापन गर भन्दै अश्रुमुख लिएर आएका-हरूलाई छाडेर गए ।

बाटामा हिँडिरहेका पिप्फलिले पछाडि फर्केर हेरी विचार गरे– यो भद्राकापिलानी जम्बुद्वीपकी सबभन्दा राम्रो स्त्री हुन् । यी मेरो पछाडि पछाडि लागेको अरूले देखेर शायद यसरी विचार गर्न सक्छ–"प्रव्रजित भएर पनि यिनी-हरू अलग हुन सक्दैनन्" । यस प्रकारले यदि कसैले हामीलाई देखेर मन विगारेमा नर्कमा पनि जान सक्छन् । यसकारण हामी दुवै छुटिनु पर्छ भन्ने मनमा राखे ।

अगाडि गई रहँदा दोबाटो भए ठाउँमा पुगे । पिप्फ-लि त्यहीं उभिए । भद्रकापिलानी आई वन्दना गरा उभिइन् । उभिएकी भद्रालाई भने - भद्रे ! तिमी जस्ती राम्री स्त्री मेरो पछाडि लागी रहेको देखेर प्रव्रजित भएर पनि यिनीहरू छुटिन सक्दैनन् भन्ने सोची हामी माथि गलत विचार गरेमा तिनीहरू नर्कमा जन्म लिनु पर्ने हुन्छ । यसकारण यो दोबाटो मध्ये एउटा बाटोमा तिमी लाग र अर्को बाटोमा म लाग्नेछु ।

हो आर्य ! प्रव्रजितहरूको निम्ति आइमाईहरू मैलको दाग समान हुन् । यसरी दुवै हिंडदा हामीहरूको दोष देख्ने छन् । अब हामीहरू आ-आफ्नो बाटो लागेर जानु पर्छ भन्द तिन पटक प्रदक्षिणा गरी चारैतिरबाट पञ्चाङ्ग वन्दना गरी दश औंला जोडी बिन्ति गरी भने – एकलाख कल्पदेखि रहिआएको हाम्रो मित्र संसर्ग आजदेखि छुटिनेछ । अतः



Downloaded from http://www.dhamma.digital

तपाई दाहिने जातिको हुनाले दाँया बाटो लाग्नुस् । म आइमाई भएको हुनाले वाँया बाटो ठीक छ भनी वन्दना गरी बाँया बाटो लागिन् । यिनीहरूको विछोडलाई सहन गर्न नसकेको झैं गरी यो महापृथ्वी कम्पन भयो, आँधीवेरी चल्यो र मेघ गर्जन थाल्यो ।

राजगृह नगरको वेनुवनोद्यानको गन्धकुटी महाविहारमा बसिरहनु भएको भगवानले यः भूकम्प र आवाज सुन्नु भएको कारणले ध्यानद्वारा आवर्जन गरो हेर्नुहुँदा पिप्फलि माणव र भद्रकापिलानीले मेरो उद्देश्य लिएर अप्रमेय सम्पति त्याग गरी प्रव्रजित भई दुवैले आफ्नो मार्ग तय गरी छुटेर गएको देख्नुभयो । यही कारणलाई बुझनु भई तथागतले कसैलाई सूचना नगरी एक्लै ६ माइलको बाटोलाई छोटयाई राजगृह र नालन्दाको विचमा रहेको वहुपुत्रक भन्ने बरको रूखमुनि पलेटि मारी पिप्फालिको प्रतिक्षामा बस्नु भयो । त्यस बखत वहाँ कुनै साधारण पाँसुकूलिक भिक्षुको रूपमा बस्नु नभई ८० हात टाढासम्म घनत्व बुद्ध रश्मि फैलाएर बुद्धको परिचय दिनु नपर्ने गरी बस्नु भएको थियो ।

कुटागार प्रमाणको रश्मि चारैतिर फैलिएको हुनाले सूर्य र चन्द्रको तेज जस्तै त्यो वन उज्यालो भएको थियो । तारागणहरू चम्के जस्तै भगवानको शरीर चम्किरहेको थियो । बत्तिस महापुरूष लक्षणले सम्पन्न हुनुहुन्थ्यो ।

पिप्फलिले पनि टाढैवाट भगवानलाई देखेर त्यस ठाउँदेखि शिर झुकाएर परम आदर सत्कार र गौरवको भाव



Downloaded from http://www.dhamma.digital

जनाउँदै वहाँ नै मेरो शास्ता हुनुहुन्छ र म वहाँकै उद्देश्य लिएर प्रव्रजित भएको हुँ भन्ने मनमा धारण गरी त्यहाँ पुगेर भने – भन्ते, भगवान ! म तपाईको शिष्य हुँ, तपाई मेरो गुरु हुनुहुन्छ भनी तीन पटक वन्दना गरे ।

भगवानले भन्नु भयो– काश्यप ! यदि तिमीले यो महासम्मान महापृथ्वीलाई देखाएको भए उसले यो धारण गर्न सक्ने थिएन । तथागतको महत् गुणलाई जानी तिमीले देखाएको महासम्मानले मेरो रौंसम्म पनि हल्लिएन । काश्यप ! बस, तिमीलाई अंशाधिकारी बनाउने छु ।

भगवानले पिप्फलिलाई त्यही उपसम्पदा गरी दिनु भयो । पूर्ण भिक्षुभाव भएपछि वहाँको नाउँ महाकाश्यप भनी राखी दिनु भयो । यसपछि भगवान त्यस स्थानबाट उठ्नु भई आफ्नो बाटो लाग्नु भयो । ३२ महापुरुष लक्षणले युक्त भगवान हुनुहुन्थ्यो भने महाकाश्यप ७ महापुरुष लक्षणले युक्त थिए ।

महानौकासंगै सानोनौकालाई डोरीले बाँधिएको झैं भगवानको पछि-पछि महाकाश्यप लाग्नु भयो । शास्ता केही क्षण हिंड्नु भएपछि कुनै एक रूखमुनि बस्ने भाव गर्नु भयो । शास्ताको त्यो भावलाई देखेर आफूले ओढिराखेको वस्त्र चारदोवर पारी वच्छ्याई दिनु भयो । शास्ता त्यस आसनमा वस्नु भई वस्त्रलाई स्पर्श गरेर भन्नुभयो – यो कपडा त खूब नरम रहेछ । भगवानको कुरा सुनेर महाकाश्यपले सोचे शायद उहाँले यो बस्त्र लगाउन चाहनु हुन्छ होला भन्ने ठानी


Downloaded from http://www.dhamma.digital

महाकाश्यपले भने – भन्ते, भगवानले यो वस्त्र लगाउनुस् । काश्यप! तिमीले के लगाउने ? भन्ते ! तपाईले लगाई राख्नु भएको बस्त्र दिनुभएमा मैले त्यही बस्त्र लगाउनेछु । यो पाँसु-कुल चिवर महाकाश्यपले लिंदा समुद्रसम्मको भूभाग कम्प भएको थियो । यो चीवर जिर्ण भई सकेको थियो । थोरै गुण हुनेले यो लगाउन सकिंदैन । प्रतिपत्ति पूरा गर्न समर्थवानले र स्वभावले पांसुकूलिक हुनेले मात्र लगाउन सक्छ ।

यति कुरा सुनाउनु भएपछि भगवानले महाकाश्यप-संग चोवर परिवर्तन गरिलिनु भयो । भगवानले लगाउनुहुने चिवर मैले पाएं भन्ने अभिमान नगरी महाकाश्यपले १३ घुताङ्गशीलहरू भगवानको समक्ष ग्रहण गर्नु भयो । आठौं दिनको अरूणोदयको समयमा प्रतिसम्भिदा ज्ञान सहित अरहत्व साक्षात्कार गर्नु भयो । कुनै एक दिन भगवानले वहाँलाई घुतङ्गधारी भिक्षुहरू मध्ये महाकाश्यप अग्र छन् भनी अग्रद दिनुभयो ।

महाकस्सपवत्थु निट्ठितं


Downloaded from http://www.dhamma.digital

## बोधार्थ–

प्रतीत्य समुत्पाद –यसको कारणद्वारा उसको, कारणद्वारा यसको उत्पन्न हुन्छ। परस्परको कारणद्वारा नै उत्पन्न हुने ।

उरूवेल –उरूवेलमा दश हजार तपस्वीहरू थिए। यिनीहरूमध्ये जजस्को मनमा जब काम विषय भोग र अकुशल (नराम्रो) विचार वा वितर्कना हुन्थ्यो तब तब दण्ड स्वरूप पात्र भरी बालुवा लिएर त्यस ठाउँमा खन्याउनाले बालुवाको रास थुप्रिएको हुनाले उरूवेल भन्ने नाउँ भएको हो

बोधि वृक्ष– पिपलको रूख मुनि गौतमले बुद्धत्व लाभ गर्नु भएकोले बोधि वृक्ष ।

अनुलोम– शुरूदेखि अन्तसम्म । प्रतिलोम– अन्तदेखि शुरूसम्म ।

अविद्या– दुःख, दुःख समुदाय, दुःख निरोध र दुःख निरोध हुने । प्रतिपदामा अज्ञान । मोह, यथार्थ देख्न नसक्नु ।

संस्कार– बनाउनु, पुनः पुन बनाउनु, संस्करण गर्नु र प्रतिसंस्करण गर्नु । पुण्य संस्कार, अपुण्य संस्कार र नपुण्य संस्कार अपुण्य संस्कार – (आनेञ्जाभि संस्कार) । काय, वाक र चित्त संस्कार ।

विज्ञान– आँखा, कान, नाक, जिब्रो, शरीर र मनद्वारा जान्नु, बुझ्नु र देख्नु ।

नाम– सचेतन, वेदना, संज्ञा र संस्कार ।

रूप– अचेतन, माटो, पानी, हावा र अग्नि–भूत-रूप । आँखा कान, नाक, जिब्रो र शरीर– प्रासाद रूप । रूप, शब्द, गन्ध, रस र पुरुषस्पर्श– गोचर रुप । स्त्री, – भाव रूप । हृदय– हृदय रूप, जीवित इन्द्रिय– जीवित रूप । कवलिङ्कार आहार– आहार रूप । आकाश धातु–



Downloaded from http://www.dhamma.digital

आकाश रूप । काय विज्ञप्ति र वाचि विज्ञप्ति –विज्ञप्ति रूप । रूपको लघु, मृदु र कर्मण्यता –बिकार रूप । रुपको बृद्धि, सन्तति, जरता र अनित्य–लक्षण रूप ।

षडायतन – आँखा, कान, नाक, जिब्रो, शरीर र मन ।

स्पर्श -छुनु, घर्षन । आँखा, कान, नाक, जिब्रो, शरीर र मनले स्पर्श गर्नु ।

वेदना–अनुभव । चक्षु, श्रोत, घ्राण, जिण्हा, काय र मनद्वारा स्पर्श गर्दा हुने अनुभव (–वेदना ) सुख, दुःख र उपेक्षाको अनुभव ।

तृष्णा–इच्छा, आशा, अभिलाषा, तीर्खा वा पीपासा । रूप, शब्द, गन्ध, रस, स्पर्श र चित्त विषयको तृष्णा ।

उपादान–पुनः पुनः ग्रहण गर्न खोज्नु, समात्न खोज्नु, उत्पन्न गर्न खोज्नु । काम उपादान, दृष्टि उपादान, शीलव्रत उपादान र आत्मवाद उपादान ।

भव – भव चक्र, लोक चक्र, संसार चक्र । जन्मिने कारण वा हेतु । कर्म भव र उत्पत्ति भव । कर्म भव–पुण्य संस्कार, अपुण्य संस्कार र आनेञ्जा संस्कार । उत्पत्ति भव –काम लोक, रूप लोक, अरूप लोक, संज्ञा लोक, असंज्ञा लोक, नैवसंज्ञा लोक, एकस्कन्ध लोक, चतुस्कन्ध लोक र पञ्चस्कन्ध लोक ।

जाति – उत्पन्न, जन्म ।

जरा – जरता, जीर्णता, वृद्ध । मरण– जीवित इन्द्रिय नहुनु, च्युत हुनु, मृत्यु, शरीर त्याग्नु, अन्तर्धान ।

शोक– हृदयमा जलन । परिदेव – अलाप बिलाप गरी रूनु । दुःख– स्वाद नहुनु, अप्रियको घटनाले उत्पन्न हुने दुःख । दौर्मनस्य – चैतसिक निस्वाद, चित्तस्पर्शद्वारा कल्पि कल्पि रूनु, अप्रिय दुःख बेदना । उपायासकुनै पनि बिनाशद्वारा उत्पन्न हुने मानसिक पीडा, कष्ट ।

अजपालन्यग्रोध बृक्ष – अजपालहरू आएर बस्ने वरको रुख



Downloaded from http://www.dhamma.digital

हुहुंकार– अभिमानी भएर जोसंग पनि कुरा गर्दा हुँ हुँ भन्ने स्वभाव भएका ।

बेदांतज्ञ–निर्वाणलाई साक्षात्कार गरी सकेका व्यक्ति ।

मुचलिन्द वृक्ष–कदम्ब बृक्ष, अरू रूखहरू भन्दा प्रमुख भएकोले मुचलिन्द ।

मुचलिन्द नाग – मुचलिन्द बृक्ष नजिककैको पोखरीमा बस्ने नागराजा ।

राजायतन वृक्ष–बोधिवृक्षको दक्षिण दिशामा भएको वृक्ष ।

उत्कला देश – हाल उडीसा राज्य ।

सहम्पति ब्रह्मा – ब्रह्मलोकको ब्रह्मा ।

शोकावतिण्ण – शोक गर्नुबाट मुक्त ।

दुर्दृश्य– विशेष गरी पण्डितले मात्र दर्शन गर्न सक्ने साधारण व्यक्तिको हेराइमा टाढा भएको ।

द्वेवाचिक– बुद्ध र धर्मको शरण गएको हुनाले द्वेवाचिक ।

बुद्ध चक्षु –इन्द्रिय परोपरियति ज्ञान, आशय अनुशय ज्ञान ।

तिक्षिन्द्रिय– श्रद्धा-इन्द्रियादिहरु तिक्ष्ण हुनेलाई तिक्षिन्द्रिय ।

सुविज्ञ– भनाइको अर्थलाई सरलतापूर्वक बुझ्ने ।

दुर्विज्ञ– भनाइको अर्थलाई सरलतापूर्वक नबुझ्ने ।

आलारकालाम– आकिञ्चन्यायतनको उपदेशक परिब्राजक जो गौतमले बुद्धत्व लाभ गर्न भन्दा पहिले भेट भएका ।

उद्दकरामपुत्र– नैवसंज्ञानासंज्ञायतनको उपदेशक परिब्राजक हुन् । यिनलाई गौतमले बुद्धत्व लाभ गर्न भन्दा पहिले भेट गरेका थिए ।

बाराणसी– हाल बनारस ।

उपक आजीवक– उपक साधु । पछि श्रावस्तीमा बुद्धकहाँ गई भिक्षु भएर अनागामी भई मृत्यु पश्चात 'अविहा' भन्ने देबलोकमा जन्मि त्यसै लोकबाट अर्हत भए ।



Downloaded from http://www.dhamma.digital

पञ्चवर्गीय भिक्षुहरू– बुद्ध हुनेछ भन्ने एक औंला ठन्याउने कौण्डन्य र ज्योतिषाचार्य सात ब्राह्मणहरू मध्येका चार पुत्रहरू ।

मार– असल काममा बाधा पुऱ्याउने । क्लेशमार, अभिसंस्कार मार, देवपुत्र मार, स्कन्ध मार र मृत्युमार ।

अर्हत– जन्म र मृत्युको चक्रबाट मुक्त ।

पञ्चशील– हिंसा, चोरी, व्यभिचार, झूठ र सुरापानबाट विरत हुनु ।

अष्टशील – हिंसा, चोरी, अब्रह्मचर्या, झूठ, सुरापान, मध्यान्न पश्चात भोजन, नाचगान बाद्यमाला सुगन्धित विलेपन धारण मण्डन आभुषणादि र उच्चाशन, महाशैय्याबाट बिरत हुनु ।

चित्तको मैल– लोभ, द्वेष, मोह, अभिमान, मिथ्यादृष्टि, शंका, आलस, चंचलमन, पापकर्म गर्नमा निर्लज्ज र निर्भयी ।

मृदु– नरम । आवरण– चित्त मैलद्वारा यथार्थ दर्शनको निम्ति पर्दाद्वारा छोपेर राख्ने ।

निरोध धर्म– नाश हुने, विनाश हुने जन्मपछि मृत्यु अवश्य–म्भावी, उत्पन्न पदार्थ समस्त नै विनाश हुने धर्म ।

स्वाख्यात– सुआख्यात– यथार्थ रूपले, सुन्दर ढङ्गले ब्याख्या गरिएको ।

प्रातिहार्य– अलौकिक ऋद्धि शक्ति ।

रुपस्कन्ध– सुक्ष्मातिसुक्ष्म धातुबाट बनेको हरेक वस्तु, हरेक प्राणी·को रुप । चार महाधातु पथवी (माटो), आपो (पानी), तेजो (अग्नि) वायु (हावा) द्वारा बनिएको चेतन प्राणी अचेतन पदार्थ एकत्व संग्रह भएको । कर्म, चित्त ऋतु र आहारले समुत्थापित, सम्पोषित रूप – शीत, उष्ण, भोक, प्यास, किटपटङ्गको टोकाई र हावा पानी आदि–बाट विकार देखिने वा बदलिएको देखिने रुप ।



Downloaded from http://www.dhamma.digital

वेदना– अनुभूति, सुख, दुःख र उपेक्षा ।

संज्ञा– केवल जान्नु, नीलो, पहेंलो, सेतो, पुरुष स्त्री भनेर जान्नु ।

संस्कार– चैतसिकको नाम संस्कार हो । चेतनाको साथमा आउने अन्य चैतसिक पनि संस्कारस्कन्ध हुन् जस्तै आँखाद्वारा रूपलाई हेरेर जुन स्पर्श हुने चेतना, कानद्वारा शब्दमा स्पर्श हुने चेतना, नाकद्वारा गन्ध स्पर्श हुने चेतना, जिब्रोव्दारा रसमा स्पर्श हुने चेतना, शरीरव्दारा हुने स्पर्श चेतना र मनव्दारा धर्ममा स्पर्श हुने चेतना । वर्तमान संस्कार, भित्री संस्कार, बाहिरी संस्कार स्थूल र सूक्ष्म संस्कार, हीन र प्रणीत संस्कार, टाढा र नजिकको संस्कार । भूत, भविष्यत र वर्तमान संस्कार ।

विज्ञानस्कन्ध– विषयको ज्ञान हुनु । रूपादि आलम्बन (विषय) को ज्ञान दिलाउने धर्म (पचस्कन्ध विषय यो भन्दा पनि केही हदसम्म बुझ्नलाई हिन्दी भाषाको विभङ्गवाद हेर्नुस् । )विज्ञान, चित्त र मन पर्यायवाची शब्द हुन् ।

प्रतिसम्भिदा– प्रत्येक ज्ञानलाई विविधाकार सहित बुझ्न सक्ने ज्ञान । अर्थ प्रतिसम्भिदा, धर्म प्रतिसम्भिदा, निरुक्ति प्रतिसम्भिद र प्रतिभान प्रतिसम्भिदा ।

Dhamma.Digital

१३ धुताङ्ग – क्लेशलाई निर्मूल गर्ने, सम्पूर्ण क्लेश मैललाई धुने । (१) दान दिइएको चीवर ग्रहण नगरी धूल समानको चीवर ग्रहण गर्ने (२) केवल तीनवटा चीवर मात्र ग्रहण गर्ने (३) केवल भिक्षा गरेर प्राप्त भएको भोजन गर्ने (४) लोभी भएर भिक्षा नलिने क्रमपूर्वक प्रत्येक घरमा भिक्षा लिने । (५) एकै आसनमा बसेर भोजन गर्ने (६) एउटै पात्रमा मात्र भोजन गर्ने (७) थपिदिएको भोजन नगर्ने पहिलो पल्ट पाएको मात्र भोजन गर्ने (८) जंगलमा बास बस्ने (९) छाना छाइएको घरमा नबसी केवल वृक्षमूलमा बस्ने (१०) आ–काशलाई नै छाना सम्झेर खुल्ला ठाउँमा बस्ने (११) श्मशानमा बास



Downloaded from http://www.dhamma.digital

बस्ने । (१२) विभिन्न आसन त्यागेर आफूलाई उपलब्ध भएको एउटै आसनमा बस्ने । (१३) पल्टिएर नसुत्ने ।

दशबास – दश आर्य बास । (१) पंच नीवरण (कामछन्द, ब्यापाद, आलस्य, औद्धत्य-कौकृत्य र शंका ) रहित । (२) ६ अंग ले (आँखाले रुपलाई हेरेर प्रसन्न र अप्रसन्नता बाट रहित भई स्मृति-सम्प्रजन्यले युक्त भएर उपेक्षा सहित विहार गर्दछ । यस्तै प्रकारले श्रोतले शब्दमा ......... घ्राणले गन्धमा ......... जिव्हाले रसमा ........ कायले स्पर्शमा ........ मनले मनको बिषयमा ......... ) युक्त, (३) एक आरक्षाले (स्मृतिद्वारा सुरक्षित) युक्त, (४) चार उपश्रयले ( विचारपूर्वक एउटा चीजको उपभोग गर्दछ, विचारपूर्वक एउटा चीजलाई सहन गर्दछ, विचारपूर्वक एउटा चीजलाई त्यागदछ, विचार पूर्वक एउटा चीजलाई दूर भगाउँदछ) युक्त (५) प्रत्येक सत्य (लोक शाश्वत अशाश्वत, शान्त, अनन्त शरीर र जीव एउटै, शरीर र जीव भिन्नाभिन्नं, तथागत मरेपछि हुन्छ वा हुन्दैन, तथागत मरेपछि हुन्छ पनि हुन्डैन पनि, तथागत मरेपछि नत हुन्छ नत हुन्दैन यस प्रकारको 'प्रत्येक सत्य' लाई परित्युक्त, (६) एषणा वा खोज (कामेषणा, ब्रम्हेषणा, ब्रम्हचरियेषणा) शान्त र सिमूल नष्ट, (७) शुद्ध संकल्पी (काम-संकल्प, ब्यापाद संकल्प र विहिंसा संकल्प प्रहिण भएको) शुद्ध संकल्पी, ८) शान्त काय संस्कार सुख, दुःखलाई सौमनष्य र दौर्मनस्यलाई पहिले नै अन्त गरी (सुख, दुःख नभएको उपेक्षा-स्मृति परिशुद्ध भएको चतुर्थ ध्यान प्राप्त)। (९) सुविमुक्त चित्त (राग, द्वेष र मोहबाट सुविमुक्त) । (१०) सुवि-मुक्त प्रज्ञा (राग, द्वेष र मोहको प्रहीण, जडो नभएको, काटिएको ताल वृक्ष समान) ।

दशबल – (१) यथार्थ रूपले स्थान र अस्थान ( कारणाकारण ) ज्ञान । (२) भूत, भविष्य र वर्तमान कर्मको स्वरूप, हेतु र फलको



Downloaded from http://www.dhamma.digital

यथार्थ ज्ञान, (३) सर्वत्रगामी मार्गको ज्ञान, (४) अनेक धातु, नाना धातुको यथार्थ ज्ञान, (५) सत्वहरूको प्रवृतिको यथार्थ ज्ञान, (६) सत्वहरूको श्रद्धा आदि इन्द्रियहरूको कम र ज्यादा स्वरूपको ज्ञान (७) ध्यानहरू, विमोक्षहरू, समाधिहरूको बाधक र विशेषताहरूको ध्यानादिद्वारा उत्पन्न हुने यथार्थ ज्ञान । (८) पूर्वानुस्मरण ज्ञान (पहिलेको एक जन्म देखि संवर्त, विवर्त कल्पमा म यस नाउँ, गोत्र, वर्ण, स्थान, यस प्रकारको भोजन ग्रहण, यस प्रकारले सुख दुःखको अनुभव र यति सम्मको आयु थियो भनेर भन्न सक्ने, पूर्व जन्मको स्मरण गर्न सक्ने ज्ञान, (९) सत्वहरूको कुशल र अकुशल कर्मद्वारा फल भोग्नु पर्ने विषयलाई अवगत गर्न सक्ने दिव्य चक्षु ज्ञान, (१०) आस्रव क्षय (अनास्रव, चित्त विमुक्ति, प्रज्ञा विमुक्ति) ज्ञान ।

दश धर्म विद् – दश कुशलाकुशल कर्म । दश कुशल कर्म – दान, शील, भावना, ठूला बडाको गौरव गर्नु, पूज्यवरको कुशल सम्बन्धी काम गरी दिनु अथवा कोमल स्वभावको हुनु, पुण्य दान गर्नु, अरूले गरेको पुण्यलाई अनुमोदन गर्नु, धर्म श्रवण गर्नु, धर्म देशना गर्नु, कर्म र कर्म फल प्रति विश्वास गर्नु ।

दश अकुशल कर्म – हिंसा, चोरी, व्यभिचार, झूठ, चुगलि, कठोर वचन, बकवाद, लोभ, द्वेष र मोह । दश धर्म विद्को विषयमा अरू जान्न चाहेमा दीर्घ निकायको पाथिक बर्ग अन्तर्गत संगीति परियाय सुत्त हेर्नुस् ।

दश अशैक्ष धर्म– सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाचा, सम्यक कर्म, सम्यक जीविका, सम्यक व्यायाम, सम्यक स्मृति, सम्यक समाधि, सम्यक ज्ञान र सम्यक विमुक्तिलाई सिकाउन नपर्ने पूर्णत्व ज्ञान धर्मद्वारा युक्त ।



Downloaded from http://www.dhamma.digital

अनुवादकका पुस्तकहरू:-

## नेपाल भाषा

१) त्रिरत्न वन्दना माला
२) स्वपू जातक बाखँ
३) तथागतया उपदेश

Dhamma.Digital

## नेपाली भाषा

१) कृष्णायन गोत्रको उत्पत्ति
२) थेरी गाथा प्रथम भाग
३) थेरी गाथा दोश्रो भाग
४) बोधि कथा

Downloaded from http://www.dhamma.digital